कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क १४ | २०७८, कात्तिक १५-३० | पूर्णाङ्क ७०४



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | २९ | इजलास नं. ८ | ४ |
| इजलास नं. २ | ४ | इजलास नं. ९ | ३ |
| इजलास नं. ३ | २ | इजलास नं. १० | ८ |
| इजलास नं. ४ | २ | इजलास नं. ११ | २ |
| इजलास नं. ५ | २ | इजलास नं. १२ | १ |
| इजलास नं. ६ | ९ | इजलास नं. १५ | १ |
| इजलास नं. ७ | ३ | इजलास नं. १६ | १ |
| **जम्मा** | **५१** | **जम्मा** | **२०** |

**कूल जम्मा ५१ + २० = ७१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७८, कात्तिक – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं. १ | | | १ – २४ |
| १. | हक कायम | सोमनाथ गिरी वि. कौशिला पुरी (गिरी) (सापकोटा) | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | विनोद थापा (बगाले) वि. अख्तियार दुरूपयोग, अनुसन्धान आयोगको कार्यालयसमेत | १ |
| ३. | जबरजस्ती करणी | नेपाल सरकार वि. अनिता खड्कासमेत | २ |
| ४. | कर्तव्य ज्यान | रमेशकुमार वि.क. वि. नेपाल सरकार | ३ |
| ५. | अंश चलन | अप्सरा थापासमेत वि. बाबु काजी थापा | ४ |
| ६. | अधिकृत वारेसनामा किर्ते जालसाजी | देवी सापकोटा वि. कल्पना राणा | ५ |
| ७. | वन पैदावार हानि नोक्सानी तथा ओसारपसार | जगदिश चौधरी वि. नेपाल सरकार | ६ |
| ८. | उत्प्रेषण | भरतप्रसाद कुँवर क्षेत्री वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत | ८ |
| ९. | बन्दी प्रत्यक्षीकरण | सुवास राई भन्ने सुवास चन्द्र राई वि. जिल्ला प्रशासन कार्यालय, भक्तपुर | ९ |
| १०. | बन्दी प्रत्यक्षीकरण | निर्मला तामाङ वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौं | १० |
| ११. | उत्प्रेषण | विश्वज्योति आचार्य (बर्तौला) समेत वि. नेपाल क्रेडिट एन्ड कमर्सियल बैंक लिमिटेड (NCC Bank Ltd) को केन्द्रिय कार्यालयसमेत | १० |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अरुहुलियादेवी रायसमेत, नेपाल सरकार वि. सियाराम राय | ११ |
| १३. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. शिवशंकर दास तत्मा | १३ |
| १४. | लागु औषध (नाइट्रोसन) | नेपाल सरकार वि. विवेक मगर | १४ |
| १५. | सवारी ज्यान | नेपाल सरकार वि. ज्ञानेन्द्र रावल | १५ |

| | | | |
|---|---|---|---|
| १६. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. भुपाल निरौला | १७ |
| १७. | विद्यालय भवन निर्माणमा गुणस्तर कायम नगरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. सन्तोषराज पाण्डेसमेत | १९ |
| १८. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सन्देश थापामगरसमेत | २१ |
| १९. | जबरजस्ती करणी | नेपाल सरकार वि. धुर्वे भन्ने अर्जुन फुयाल | २२ |
| **इजलास नं. २** | | | **२४ – २७** |
| २०. | बन्दी प्रत्यक्षीकरण | विरेन्द्र विश्वकर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २४ |
| २१. | जबरजस्ती करणी | उत्तमबहादुर तामाङ वि. नेपाल सकार | २५ |
| २२. | परमादेश | ङिमा शेर्पासमेत वि. सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बुसमेत | २६ |
| २३. | खिचोला चलन | रामबाबुप्रसाद यादव वि. राजेश ठाकुर हजामसमेत | २६ |
| **इजलास नं. ३** | | | **२७ – २८** |
| २४. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. भीम हमालसमेत | २७ |
| २५. | उत्प्रेषण | प्रणिता राई वि. जिल्ला शिक्षा कार्यालय पाँचथरसमेत | २७ |
| **इजलास नं. ४** | | | **२८ – २९** |
| २६. | बन्दी प्रत्यक्षीकरण | बिर्ख लुवार वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत | २८ |
| २७. | बिनाइजाजत वन पैदावार ओसारपसार | भरतमणि राई भन्ने हरी राई वि. नेपाल सरकार | २९ |
| **इजलास नं. ५** | | | **२९ – ३१** |
| २८. | भ्रष्टाचार | नेपाल सरकार वि. चन्द्र किशोर रायसमेत | २९ |
| २९. | गाउँ विकास समितिको रकम हिनामिना गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. हेमकान्तलाल कर्ण | ३१ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ६** | | | **३१ – ४१** |
| ३०. | अंश | प्रेमकुमारी वादी (तिवारी) वि. भागीरथी सुनारसमेत | ३१ |
| ३१. | लागु औषध | नेपाल सरकार वि. गोपी भन्ने जयबहादुर कठायत | ३२ |
| ३२. | लागु औषध गाँजा | नेपाल सरकार वि. फुलमहमद मियाँ अंसारी | ३३ |
| ३३. | उत्प्रेषण | रामबाबु शर्मा वि. पुनरावेदन अदालत हेटौंडा, मकवानपुरसमेत | ३४ |
| ३४. | उत्प्रेषण | कमल प्रकाश पनेरू वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत | ३५ |
| ३५. | उत्प्रेषण | धर्मनाथकुमार यादवसमेत वि. पुनरावेदन अदालत जनकपुरसमेत | ३६ |
| ३६. | उत्प्रेषण / परमादेश | रोहितकुमार सहनीसमेत वि. उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जसमेत | ३७ |
| ३७. | उत्प्रेषण / परमादेश | कुशेश्वर झासमेत वि. उच्च अदालत विराटनगरसमेत | ३८ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | सुशीला लिम्बू वि. श्रम तथा रोजगार कार्यालय विराटनगरसमेत | ४० |
| **इजलास नं. ७** | | | **४१ – ४५** |
| ३९. | उत्प्रेषण / परमादेश | महेन्द्र साह हलुवाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ४१ |
| ४०. | उत्प्रेषण / परमादेश | गौरी नारायण साह वि. महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथसमेत | ४२ |
| ४१. | उत्प्रेषण | मोतिबहादुर नेपाल वि. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरसमेत | ४३ |
| **इजलास नं. ८** | | | **४५ – ४९** |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गौरव भन्ने गौलकुमार राईसमेत, नेपाल सरकार वि. हरिबहादुर राई | ४५ |

| | | | |
|---|---|---|---|
| ४३. | अंश | डम्बरदत्त जोशसमेत वि. जितराज जोशीसमेत | ४७ |
| ४४. | उत्प्रेषण | रमिला विष्ट वि. नापी कार्यालय, ललितपुरसमेत | ४८ |
| ४५. | हालको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम | नारायण ठाकुर वि. सुनिता खनाल ठाकुर | ४८ |
| **इजलास नं.९** | | | ४९ - ५१ |
| ४६. | मोही लगतकट्टा | श्रीनारायण यादव वि. रामोदेवी ठाकुर | ४९ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | रिता भण्डारी वि. प्राड विवाक भद्रकाली, काठमाडौंसमेत | ५० |
| **इजलास नं.१०** | | | ५१ - ५५ |
| ४८. | वैदेशिक रोजगार कसुर | नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार | ५१ |
| ४९. | लागु औषध (खैरो हेरोइन) | रविन्द्रबहादुर शाही वि. नेपाल सरकार | ५३ |
| **इजलास नं.११** | | | ५५ - ५६ |
| ५०. | वैदेशिक रोजगार कसुर | विनोदकुमार उदास वि. नेपाल सरकार | ५५ |
| ५१. | खोटा चलन | ध्रुवकुमार महतो भन्ने ध्रुवकुमार दास वि. नेपाल सरकार | ५५ |
| **इजलास नं.१२** | | | ५६ - ५८ |
| ५२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. भीमप्रसाद न्यौपानेसमेत, भीमप्रसाद न्यौपाने वि. नेपाल सरकार | ५६ |
| **इजलास नं.१५** | | | ५८ - ५९ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | वीरबहादुर थापा मगरसमेत वि. जिल्ला प्रहरी कार्यालय, स्याङ्जासमेत | ५८ |
| **इजलास नं.१६** | | | ५९ - ६० |
| ५४. | दर्ता बदर दर्ता | जिवछीदेवी मण्डलसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५९ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७०-CI-०८८५, हक कायम, सोमनाथ गिरी वि. कौशिला पुरी (गिरी) (सापकोटा)*

मलुकी ऐनको ११ औं संशोधनपश्चात् अंशबन्डाको महलको १२ नं. मा विधवा महिलाले जुनसुकै अवस्थामा पनि आफ्नो भाग अंश लिई छुट्टी भिन्न बस्न पाउने व्यवस्था गरिएको पाइयो। सन्तान भएका विधवा महिलाले त्यसरी प्राप्त गरेको सम्पत्तिले सन्तानको पालनपोषणको व्यवस्थामा खर्च गर्नुपर्ने प्रावधान पनि उक्त कानूनी व्यवस्थाले गरेको देखियो । यसरी अंशबन्डाको महलको १२ नं. अनुसार विधवा महिलाले प्राप्त गरेको अंश अर्को विवाह गरेकोमा फिर्ता गर्नुपर्ने अवस्था देखिँदैन भने आफ्नो र आफ्नो छोरीको नामको संयुक्त दर्ताको सम्पत्तिबाट आधा भाग हक छाड्नुपर्ने भन्ने कुनै तर्कसङ्गत र कानूनी आधार हुन नसक्ने।

प्रस्तुत मुद्दामा मिति २०६२।९।२० मा खरिद गरेको दाबीको जग्गा प्रत्यर्थी कौशिला गिरीले अर्को पुरूषसँग विवाह गरी जाँदैमा पहिलेको सम्पत्तिबाट निजको हक समाप्त हुने कानूनी व्यवस्था अंशबन्डाको महलको १२ नं. मा देखिन आएन । तसर्थ, दाबीको कि.नं.८३६ को जग्गामा पुनरावेदक सोमनाथ गिरीसमेतका नाममा हक कायम हुने ठहऱ्याएको भक्तपुर जिल्ला अदालतको फैसला उल्टी गरी उक्त जग्गामा प्रत्यर्थी कौशिला गिरी र पुनरावेदक करिश्मा गिरीका नाममा संयुक्त रूपमा हक कायम र दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मुलुकी ऐन, अंशबन्डाको १२ नं. ले गरेको व्यवस्थाको रोहमा मिलेको देखिने।

अतः उपर्युक्त विवेचित आधार, कारणबाट पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल साउन १५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CI-०८८४, हक कायम, सोमनाथ गिरीसमेत वि. कौशिला पुरी (गिरी) (सापकोटा) भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७४-WH-००२२, बन्दीप्रत्यक्षीकरण, विनोद थापा (बगाले) वि. अख्तियार दुरूपयोग, अनुसन्धान आयोगको कार्यालयसमेत*

विशेष अदालतसमेतका अदालतहरू मिति २०७४।६।५ गते घटस्थापनाको दिनदेखि नै बडादशैंको सार्वजनिक बिदा परेको हुँदा अदालत बन्द रहेकाले अदालत खुल्नासाथ निज रिट निवेदकसमेतका आरोपीहरूलाई मुद्दा हेर्ने अदालतसमक्ष पेस गरिने र विशेष अदालत काठमाडौंको आदेशबमोजिम मुद्दाको अनुसन्धान प्रक्रियालाई अगाडि बढाइने अवस्था रहेको हुँदा आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(१) बमोजिम निज रिट निवेदकसमेतका आरोपीहरूलाई थुनुवा पुर्जी दिई कानूनबमोजिम आयोगको हिरासतमा राखी मुद्दाको अनुसन्धान गरिरहेको अवस्थामा प्रस्तुत रिट निवेदन दायर हुन आएको देखिने।

बिदा रही अदालत बन्द रहेको अवस्थामा निवेदक पक्राउ परेकोमा पक्राउ गरिएको २४ घण्टाभित्र म्याद थप गर्ने कार्य सम्भव हुँदैन । २४ घण्टाको कुरा अदालत खुलेको दिनका लागिसम्म हो । अदालत बन्द भएको अवस्थामा २४ घण्टाभित्र मुद्दा दायर गर्ने वा म्याद थप गर्नेसमेतको काम हुन सक्तैन । यसरी अदालत बन्द रहेको स्थितिमा अदालतबाट हुने काम कारबाही पनि बन्द हुने हुँदा निवेदकलाई थुनामा राख्नका लागि म्याद थप नगरिएको कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नहुने ।

तसर्थ, रङ्गेहात राष्ट्र सेवकसँग मिली भ्रष्टाचार गरेको अवस्थामा पक्राउ परेका निवेदकको मुद्दामा अनुसन्धानका लागि विशेष अदालतबाट दुई पटक म्याद थप भएको र आज पनि उक्त अदालतबाट म्याद थप भएको भन्ने देखिएको अवस्था छ । अदालत नै बन्द रहेको अवस्थामा म्याद थप गर्न वा मुद्दा दायर गर्न सम्भवै हुँदैन । अदालत खुलेपछि कानूनबमोजिम म्याद थप गर्ने वा मुद्दा दायर गरिने नै हुन्छ । अदालतबाट कानूनबमोजिम म्याद थप भएकोलाई गैरकानूनी थुना भन्न मिल्दैन । गैरकानूनी थुना रहेको अवस्थामा सम्म बन्दिप्रत्यक्षीकरणको आदेश जारी हुन्छ । कानूनीरूपमा भएको थुनाको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने हुँदा आफ्नो छोरालाई गैरकानूनी थुनामा राखिएको हुँदा अविलम्ब थुनामुक्त गराउन विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी तथा विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम् ।

### ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७३-CR-१४४१, जबरजस्ती करणी, नेपाल सरकार वि. अनिता खड्कासमेत*

जाहेरवालीले जाहेरी दरखास्तमा वारदातमा सबै प्रतिवादीहरूको संलग्नता रहेको उल्लेख गरे तापनि अदालतसमक्ष बकपत्र गर्दा राजन सारू मगर एक्लैले निजसँग जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको अवस्था छ । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी अतित खड्काले १ जना अपरिचित मानिसले जंगलमा को हो ? भनी हल्ला गरेका कारण मसमेत वारदात स्थानबाट भागेको हुँ भनी बयान गरेको, प्रतिवादी अजित खड्का र रोशन राईले वारदातस्थलमा पुग्दा पीडितले छाडिदेउ भन्दै चिच्याई रहेकी थिइन्, अतित खड्का त्यहीँ थिए, बुढा मानिस आएका र पीडितले निजसँग दुम्सेका केटाले इज्जत लुट्न खोजे भनेकाले हामी भागी हिँडेका हौं, वारदातस्थानमा आइपुगेकाले हामीउपरसमेत जाहेरी दिएको होला भन्नेसमेत बेहोरा उल्लेख गरेको पाइने ।

वारदात स्थानमा हल्ला भएको आवाज सुनी सर्वप्रथम जाने भनिएका पुष्पकुमार बस्नेतले अगाडि बढ्दै को हो ? भन्दा तत्काल ३/४ जना केटाहरू कुदेको देखी समाउ भनी वारदात स्थानभन्दा १० मिटरको फरक दूरीबाट कराउँदा प्रतिवादीहरू आफूले लगाएको कपडा समाउँदै भागेका हुन्, निज मानिसहरू भागेपश्चात् पीडित ग-१० ले मेरो नजिक आई हजुरबुबा मलाई बचाउनुपर्‍यो भनेको हो भनी अनुसन्धानको क्रममा कागज गरेकोमा अदालतसमक्ष बकपत्र गर्दा घटना विवरण कागजमा निजले प्रतिवादीहरू अतित खड्का, अजित खड्का

र रोशन राईको नाउँ लिएको होइन भनी उल्लेख गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्कामा बेहोरा लेखाउने ईश्वरी लिम्बूले पीडितलाई राजन सारू मगरले अरू केटाहरू बोलाई जबरजस्ती करणी गर्न खोज्दा २ जना बुढा मान्छेहरू आएकाले करणी हुन पाएन भनी पीडितले भनेकी हुन् भनी अदालतमा बकपत्र गरेको देखिन्छ। यस अवस्थामा प्रतिवादीहरू घटनास्थलमा मौजुद रहेको तथ्य पुष्टि हुन आए तापनि निजहरूले जबरजस्ती करणी गरेको भने नदेखिई वारदात स्थलबाट भागेकोसम्म देखिन आएको हुँदा निज प्रतिवादीहरू अतित खड्का, अजित खड्का र रोशन राईले मुलुकी ऐन, जबरजस्ती करणी महलको ४ नं. बमोजिम कसुर गरेको देखिन आउने।

तसर्थ, माथि विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादीहरू अतित खड्का, अजित खड्का र रोशन राईले पीडितसँग जबरजस्ती करणी नगरेको तर वारदातस्थलमा उपस्थित भने रहेको भन्ने पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिम दुई वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७५ साल श्रावण १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७४-CR-०३६९, कर्तव्य ज्यान, रमेशकुमार वि.क. वि. नेपाल सरकार*

खड्गकुमारी श्रेष्ठको बकपत्र, प्रतिवादी विरूद्ध परेको किटानी जाहेरी, प्रतिवादीको अनुसन्धान अधिकृतसमक्षको बयान र त्यसलाई पुष्टि गर्ने गरी भएको अदालतसमक्षको बकपत्र, मृतकको लासजाँच प्रकृति मुचुल्कासमेतबाट यिनै प्रतिवादी रमेशकुमार वि.क.ले आफ्नी पत्नीलाई निर्मम तरिकाले कुटपिट गरी सलले घाँटी बाँधी १४/१५ महिनाको छोरीसमेतलाई घटनास्थलमै छाडी गएको भनी पुष्टि भइरहेको देखिने।

एउटा पत्नी तथा छोरीका लागि पति / पिता सबैभन्दा नजिकको व्यक्ति हुन्छ। पत्नी तथा छोरीको संरक्षण गर्ने दायित्व उसमाथि हुन्छ। तर यस घटनामा संरक्षकले नै उनीहरूमाथि चरम अन्याय गरेको देखिन्छ । एकातिर श्रीमतीलाई क्रुरतापूर्वक हत्या गरेको देखिन्छ भने अर्कोतर्फ आफैँले जन्म दिएको अवोध बालिकालाई घना जङ्गल रहेको वारदात स्थलमा छोडी गएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ । उक्त कानूनमा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनको म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था गरेको पाइन्छ । पुनरावेदक प्रतिवादी रमेशकुमार वि.क. ले घना जङ्गलमा लगेर आफ्नी पत्नीको विभत्स रूपमा हत्या गरी छोडेको मिसिल संलग्न मृतकको फोटोबाट समेत देखिन्छ । यस किसिमको क्रूर र अमानवीय व्यवहार देखाई आफ्नै पत्नीको हत्या गर्ने यी पुनरावेदकको मागबमोजिम प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन

सक्दैन । यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नरहने ।

अत: माथि विवेचित आधार, प्रमाण र कारणसमेतबाट प्रतिवादी रमेशकुमार वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) बमोजिमको कसुरमा सोही ऐन महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी जिल्ला अदालत रामेछापबाट मिति २०७२।६।६ मा भएको फैसला सदर हुने गरी उच्च अदालत पाटनबाट मिति २०७३।११।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इशा सुवेदी

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७५ साल श्रावण १३ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०६८-CI-१२९०, अंश चलन, अप्सरा थापासमेत वि. बाबु काजी थापा*

मिति २०६३।०७।२१ मा प्रस्तुत मुद्दाको फिराद दायर भएपछि पुनरावेदक र प्रत्यर्थीहरूका बाबु बलबहादुरको मिति २०६३।०८।१२ मा मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिँदा जीवित रहेका अंशियारहरूमा जेठो प्रत्यर्थी वादी बाबुकाजी थापा, माहिलो चिनियाकाजी थापा र कान्छो पुनरावेदक प्रतिवादी शैलेन्द्रकुमार थापासमेत ३ अंशियार रहेको देखिने ।

मुलुकी ऐन, अंश बन्डाको १ नं. मा भएको कानूनी व्यवस्थाअनुसार अंशबन्डा गर्दा अंशियार हकदारहरूका बिच जियजियैको भाग लगाउनुपर्ने र त्यसरी भाग लगाउँदा बराबरी हुनुपर्ने देखिन्छ। त्यसरी जियजियैको अंश भाग पाउने अंशियार सदस्यहरूमध्ये मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै वा कोहीको मृत्यु भएमा जीवित अंशियारबिच मात्र बन्डा लाग्ने भन्ने विधायिकी मनसाय रहेको देखिन्छ । त्यसरी जीवित अंशियारबिच मात्र बन्डा नगरी मृत्यु भइसकेको मानिसलाई समेत अंशियार कायम गरी अंश भाग गरिदिने हो भने उपर्युक्त कानूनी व्यवस्थाको उद्देश्य र मर्मविपरीत हुन जाने हुन्छ । सो हुँदा यी पुनरावेदकसमेत जीवित अंशियारहरू ३ जना भएकोले सम्पूर्ण सम्पत्तिलाई ३ भाग लगाई सो ३ भागको १ भाग अंश यी पुनरावेदकले पाउने देखिने ।

जहाँसम्म पुनरावेदन अदालत पाटनको फैसला मथुरा चिपालु विरूद्ध मनोज चिपालु भएको हक कायम मुद्दा (ने.का.प.२०५६, नि.नं.६७२९, पृष्ठ ३९२) मा प्रतिपादित सिद्धान्तविपरीत छ भन्ने पुनरावेदन जिकिर र मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान हुँदा आधार लिइएको छ सो सम्बन्धमा हेर्दा, लाल माया चिपालुले प्रचलित कानूनबमोजिम आफूले दिन पाउने आफ्नो अंश हकको सम्पत्तिमध्ये ३ खण्डको २ खण्ड कान्छो छोरा तुलसीबहादुरलाई र १ खण्ड जेठो छोराको जेठी श्रीमती मथुरा चिपालुलाई जिउनी र निजको शेषपछि छोरा तुलसीबहादुरले खान पाउने गरी शेषपछिको बकसपत्र गरिदिएको देखिन्छ । यसमा बलबहादुरसमेत ४ अंशियारबिच बन्डा भएको वा मानो छुट्टिएको नभई एकासगोलमा भई पैतृक सम्पत्तिलाई सबैले खतिउपति बेहोरी आएको अवस्था कानूनबमोजिम बलबहादुरले उक्त सम्पत्तिलाई आफूखुस गर्न नपाउने भएकोले उक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित नहुने ।

सम्पूर्ण सम्पत्तिलाई ३ भाग गरी सो ३ भागको १ भाग अंश यी पुनरावेदकले पाउने ठहऱ्याई

ललितपुर जिल्ला अदालतबाट भएको फैसला मनासिब देखिँदा सो फैसलालाई सदर कायम गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन आएकोले सम्पूर्ण सम्पत्तिलाई बाबु बलबहादुरको १ भागसमेत ४ भाग गरी सो ४ भागबाट २ भाग सम्पत्ति मैले पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर र पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिर एवं यस अदालतबाट मिति २०६८।१२।०६ मा मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधारसँग समेत सहमत हुन नसकिने।

तसर्थ उपर्युक्त आधार, कारण र प्रमाणबाट ३ अंश भागको १ खण्ड अंश पाउने ठहर्‍याई भएको ललितपुर जिल्ला अदालतको फैसलालाई सदर कायम हुने ठहर्‍याई भएको पुनरावेदन अदालत पाटनको मिति २०६७।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चिन्तामणि शर्मा

इतिसंवत् २०७५ साल फाल्गुण १३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-CI-०४९२, अंश चलन, बाबुकाजी थापा वि. शैलेन्द्रकुमार थापासमेत
- ०६८-CI-१२९१, शेषपछिको बकसपत्र लिखत बदर, शैलेन्द्रकुमार थापा वि. बाबुकाजी थापा

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७२-CR-०२१४, अधिकृत वारेसनामा किर्ते जालसाजी, देवी सापकोटा वि. कल्पना राणा*

अधिकृत वारेसनामा लिने व्यक्ति विष्णु कार्की स्वयंले उक्त मिति २०५३।११।१६ को अधिकृत वारेसनामा सक्कली वा नक्कली भएको सम्बन्धमा अनभिज्ञता व्यक्त गरी फिराएको प्रतिउत्तर जिकिर विश्वसनीय नदेखिँदा उक्त अधिकृत वारेसनामा किर्ते व्यक्ति खडा भई तयार भएको कुरामा कुनै विवाद देखिएन । प्रतिवादी विष्णु कार्कीले नक्कली व्यक्ति भन्ने थाहा थिएन, लेखक साक्षी देवी सापकोटा साथी भएको र निजकै विश्वासमा परी वारिससम्म भएको हुँ भनी उल्लेख गरेको भए तापनि जग्गा किनबेच गर्ने प्रयोजनको लागि अधिकृत वारेसनामा तयार भएको देखिएको अवस्थामा अपरिचित व्यक्तिलाई त्यस्तो अधिकृत वारेसनामा दिएको होला भनी अनुमान गर्न मिल्दैन । प्रतिवादीहरूले अदालतमा आउँदासमेत उक्त नक्कली व्यक्तिलाई चिनाई कसुरमा आफ्नो संलग्नता नरहेको भन्ने प्रमाण पेस गर्नुपर्नेमा सो गर्न सकेको पनि नपाइने।

मिति २०५३।११।१६ को किर्ते अधिकृत वारेसनामा तयार गरेको भनी फिराद परेको र यस मुद्दाका अर्का प्रतिवादी विष्णु कार्कीले पनि यी प्रतिवादी देवी सापकोटाको विश्वासमा परी वारेस भएको हुँ भनी उल्लेख गरेको पाइन्छ । उक्त अधिकृत वारेसनामामा लेखक साक्षी भई यी पुनरावेदक प्रतिवादी देवी सापकोटाले सही गरेको कुरा पुनरावेदन जिकिरबाट समेत स्वीकार गरेको देखिएबाट निज प्रतिवादी देवी सापकोटा उक्त किर्ते अधिकृत वारेसनामाको लेखक साक्षी भई सही गरेको कुरामा विवाद देखिएन । यस अवस्थामा प्रतिवादी देवी सापकोटाले किर्ते अधिकृत वारेसनामा होइन भनी विना जानकारी सही गरेको भन्ने पुष्टि हुने प्रमाण पेस गर्नुपर्नेमा निज प्रतिवादी देवी सापकोटाले

सुरू प्रतिउत्तर जिकिरसमेत नफिराई वादी दाबीलाई स्वीकार गरी बसेको देखिएबाट निज प्रतिवादी देवी सापकोटासमेतको मिलेमतोमा उक्त किर्ते अधिकृत वारेसनामा तयार भएको होइन भन्न मिल्ने देखिन नआउने।

मुलुकी ऐन, किर्ते कागजको १ नं. को कानूनी व्यवस्था हेर्दा हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झुठ्ठा बनाई गरी वा ऐनबमोजिम रीतपूर्वकको सहीछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको बेहोरा कुनै तरिकासँग उडाई अर्कै मतलब निस्कने बेहोरा पारी मिलाई लेख्ने र एउटा कामलाई भनी सहीछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै बेहोराको लिखतमा लगाई वा अर्कै बेहोराको लिखत लेख्ने इत्यादि काम गरेकोबाट अर्काको जिउधन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुठ्ठा काम गर्ने मानिस आफैँलाई वा अरू कसैलाई फाइदा हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुठ्ठा कागजबाट काम गरी भइसकेको हवस् वा नहवस् किर्ते गरेको ठहर्छ। त्यस्तो किर्ते गर्ने गराउनेलाई र जानी बुझी किर्ते कागजमा बस्ने साक्षी मतियारसमेतलाई बात लाग्छ भन्ने उल्लेख भएको पाइन्छ। साथै ऐ.ऐ. १० नं. मा जालसाजी कागज गर्ने गराउनेलाई बिगो खोलिएको रहेछ भने त्यसै बिगोको सयकडा पच्चिस रूपैयाँ जरिवाना हुन्छ । बिगो खोलिएको रहेनछ भने दुई सय रूपैयाँसम्म जरिवाना हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ। सोअनुसार यी पुनरावेदक देवी सापकोटासमेतको संलग्नतामा उक्त किर्ते अधिकृत वारेसनामा तयार गरी आफू लेखक साक्षी भई सहीछापसमेत गरेको देखिँदा निज प्रतिवादी देवी सापकोटालाई किर्ते कागजको १० नं. बमोजिम कसुरदार ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।९।२९ मा भएको फैसला मनासिब देखिँदा अधिकृत वारेसनामा किर्ते बनाउने कार्यमा आफूले मिलेमतो गरेको नहुँदा उक्त फैसला बदर गरिपाउँ भन्ने प्रतिवादी देवी सापकोटाको पुनरावेदन जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउन लिएको आधार कारणसमेतसँग सहमत हुन नसकिने।

अत: पुनरावेदक प्रतिवादी देवी सापकोटासमेतको संलग्नतामा कल्पना राणाको नाउँको किर्ते अधिकृत वारेसनामा कागज तयार गरी आफू लेखक साक्षी भई सो किर्ते अधिकृत वारेसनामा सही गरेको देखिएबाट निज प्रतिवादी देवी सापकोटासमेतलाई मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. बमोजिम रू.२००।- (दुई सय रूपैयाँ) जरिवाना हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।९।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल साउन ३० गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१७८७, वन पैदावार हानि नोक्सानी तथा ओसारपसार, जगदिश चौधरी वि. नेपाल सरकार

बारा जिल्ला, करैया काटगाउँमा जगदिश चौधरी, गणेश चौधरी, नन्दलाल चौधरी, पर्शुराम चौधरी र शान्तीबहादुर कार्कीसमेतको घर गोठ तथा नजिकैको सार्वजनिक स्थलबाट बरामद भएको गोलिया तथा चिरान काठहरू र काटिएका रूखका ठुटासमेतको आयतन निकाल्दा हुने १९९५ क्यु. फिट काठमध्ये प्रतिवादी जगदिश चौधरीको घरबाट

मिति २०७०/१/१३ मा ६४.१८ क्यु. फिट र मिति २०७०/२/२१ मा १०.९३ क्यु. फिट काठ बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएको छ। सो बरामदी काठ सी ग्रेडको प्रति क्यु.फिट रू.३००।- पर्ने भन्ने मूल्याङ्कन तालिकामा उल्लेख भएको पाइन्छ। सर्जमिन मुचुल्काका मानिसहरूले बरामद काठहरू प्रतिवादी जगदिश चौधरीसमेतका काठ तस्करहरूले लगेको काठ हुन् भन्ने लेखाई दिएको देखिन्छ। घटनास्थल मुचुल्कामा पाहुना चौधरीको छोरो वर्ष ४० को जगदिश चौधरीको काठ तस्कर ग्रुप ठुलो छ भन्ने उल्लेख गरेको पाइन्छ। बरामद भएको काठको परिमाण र घटनास्थल मुचुल्का हेर्दा सरकारी वनबाट गैरकानूनी रूपमा फँडानी गरी वन पैदावार हिनामिना भएको भन्ने देखिएको छ। यसरी प्रतिवादी जगदिश चौधरीको घरसमेतबाट बरामद भएको ७५.११ क्यु. फिट काठ निज प्रतिवादीले वन ऐन, २०४९ ले निषेध गरेअनुसार गैरकानूनी रूपमा सरकारी वनबाट रूख कटान गरी वन पैदावार ओसारपसार गरेको कसुर स्थापित भएको देखिन आउने।

वन ऐन, २०४९ को दफा ४९(१)(घ)(ङ) को कानूनी व्यवस्था हेर्दा राष्ट्रिय वनमा मनाही भएका कार्यहरूअन्तर्गत वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसारपसार गर्न वा बिक्री वितरण गर्न नहुने र रूख वा विरूवा काट्न, हाँगा बिँगा छिमल्न, खोटो वा बोक्रा झिक्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न हुँदैन भन्ने उल्लेख भएको पाइन्छ। उक्त कसुर गरेमा ऐ.ऐनको दफा ५०(१)(घ) मा पाँच हजार रूपैयाँभन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने भन्ने व्यवस्था रहेको पाइन्छ । सोअनुसार यी प्रतिवादी जगदिश चौधरीको घरबाट बरामद भएको ७५.११ क्यु. फिट सरकारी वनबाट काठ गैरकानूनी रूपमा कटान गरी ओसारपसार गरेको देखिएबाट निज प्रतिवादीको उक्त कार्यउपर प्रस्तुत कानूनी व्यवस्था आकर्षित हुने।

प्रतिवादी जगदिश चौधरीले गोलिया र चिरान काठ सरकारी वनबाट हामी चार जनाको ग्रुपले राति राति रूख काटेर ल्याई चिरान गरी बिक्री गर्ने गरेको कुरा स्वीकार गरी मौकामा बयान गरेको पाइन्छ । प्रतिवादी जगदिश चौधरीको घरसमेतबाट ७५.११ क्यु. फिट काठ बरामद भएको देखिन्छ। सर्जमिन मुचुल्काका मानिसहरूले समेत प्रतिवादीहरू काठ तस्करको ग्रुपले वन कर्मचारीको आँखा छली रूख कटान गरी बिक्री गर्दै आएको छन भन्ने लेखाएको देखिएबाट यी प्रतिवादी जगदिश चौधरीलाई अभियोग दाबीबमोजिम वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिमको कसुरदार ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/१०/१२ मा भएको फैसला मनासिब देखिँदा सुरू अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी जगदिश चौधरीको पुनरावेदन जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउन लिएको आधारसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार, प्रमाणबाट प्रतिवादी जगदिश चौधरीले ७५.११ क्यु. फिट काठ गैरकानूनी रूपमा सरकारी वनबाट रूख कटान गरी काठ ओसारपसार गरी गरेको तथ्य बरामदी मुचुल्का, प्रतिवादीको मौकाको बयान, सर्जमिन मुचुल्का, घटनास्थल मुचुल्का र बरामदी काठको मूल्याङ्कन तालिकासमेतबाट स्थापित भएको देखिँदा निज प्रतिवादी जगदिश चौधरीलाई अभियोग मागदाबीबमोजिम वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम १ (एक) वर्ष कैद र प्रतिवादीको

घरबाट बरामदी काठको हुने बिगो रू.२२,५३३।- को दोब्बर रू.४५,०६६।- (पैंतालिस हजार छैसट्ठी रूपैयाँ) जरिवाना हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/१०/१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल साउन ३० गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०६९-WO-११५४, उत्प्रेषण, भरतप्रसाद कुँवर क्षेत्री वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ७(४) मा **"नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी मुख्य काम गर्ने र सहायक कार्य गर्ने श्रेणीविहीन पद तोक्ने छ"** भन्ने कानूनी व्यवस्था छ। उक्त कानूनी व्यवस्थाबमोजिम मिति २०६७।१।६ को नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ को वन तथा भू-संरक्षण मन्त्रालयको सूचनाको तपसिलको सि.नं. २ मा वन विभागअन्तर्गतको **वन रक्षक पदलाई मुख्य कार्य गर्ने पद नाम** तोकिएको कुरालाई कानूनसम्मत नभएको भन्ने रिट निवेदकको जिकिर युक्तिसङ्गत देखिएन । साथै नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम ११ को कानूनी व्यवस्था हेर्दा, **"नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्ने छ"** भनी उल्लेख भएकोमा प्रस्तुत कानूनी व्यवस्थाको रोहबाट नेपाल सरकारले राजपत्रमा सूचना निकाली अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्ने नै देखिएको स्थितिमा मिति २०६८।९।४ मा प्रकाशित भाग ५, खण्ड ६१, संख्या ३४ को विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयको **"श्रेणी विहीन पदः वन रक्षक"** भनी राजपत्रमा प्रकाशन भएको सूचनालाई अनाधिकार एवं कानूनविपरीत भएको भनी मान्न मिल्ने अवस्थाको विद्यमानता नदेखिँदा निज विपक्षीहरूले निवेदकलाई योग्यता प्रतिकूल घटुवा गरेको उल्लिखित सूचनाहरू बदर माग सम्बन्धमा रहेको निवेदकको जिकिर तर्कसङ्गत नदेखिने ।

वन रक्षकको पद मुख्य कार्य गर्ने पद नाम कामको विशिष्टताको आधारमा तोकिएको र सो तोक्ने कार्यसमेत निजामती सेवा ऐन, नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ समेतको आधारमा गरिएकोले निवेदकले उठाएका सम्पूर्ण काम कारबाही कानूनसम्मत नै भए गरेको भन्ने विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ र सोही बेहोराको विपक्षीहरूका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरलाई विपक्षीले अन्यथा भन्न नसकेको स्थितिमा निवेदकका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट निवेदकले विपक्षीहरूको काम कारबाहीबाट आफ्नो के कुन कानूनी र संवैधानिक हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन नसकेको स्थिति, रिट निवेदकले सेवा सर्त पालना गर्ने गरी लिएको सुरू नियुक्तिमै प्राविधिक पद भनी कहीँकतै उल्लेख नभएको स्थिति, साथै रिट निवेदकको पद प्राविधिक नै हो भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव, विपक्षीहरूले कानूनी व्यवस्थाअनुरूप नै कार्य गरेको भन्ने बेहोराको

लिखित जवाफलाई रिट निवेदकले अन्यथा भनी खण्डन गर्न नसकेको अवस्था एवं उल्लिखित ऐन कानूनको व्यवस्थाको रोहबाट विश्लेषण गर्दासमेत विपक्षीहरूको काम कारबाही अन्यथा नदेखिएको स्थिति एवं विपक्षीहरूको उक्त कार्यबाट निज निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात परेको भन्ने अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६९-WO-११५५, उत्प्रेषण, उत्तमकुमार कटुवालसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११५६, उत्प्रेषण, ज्योतीराम कोइराला वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११६०, उत्प्रेषण, ऋषिराम बेल्वासेसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११६१, उत्प्रेषण, निरबहादुर थापा क्षेत्रीसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११७७, उत्प्रेषण, सुरेश पण्डितसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११७८, उत्प्रेषण, खडानन्द शर्मासमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत
- ०६९-WO-११८२, उत्प्रेषण, तिलकराम पोखरेलसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, *०७५-WH-००७२, बन्दीप्रत्यक्षीकरण, सुवास राई भन्ने सुवास चन्द्र राई वि. जिल्ला प्रशासन कार्यालय, भक्तपुर*

विपक्षीले लिखित जवाफ फिराउँदा रिट निवेदक सुवास चन्द्र राईलाई थुनामुक्त गरिदिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरले कारागार कार्यालय डिल्लीबजारलाई लेखेको मिति २०७५।८।२१ को च.नं. १२८ को पत्र तथा कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय डिल्लीबजारले श्री महानगरीय अनाश्रित सशस्त्र प्रहरी गुल्म, कारागार सुरक्षा गार्ड डिल्लीबजारलाई लेखेको मिति २०७५।८।२१ को च.नं. १९०२ को पत्रको प्रतिलिपिसमेत पेस गरेको र लिखित जवाफमा समेत निज रिट निवेदक सुवास चन्द्र राई मिति २०७५।८।२१ गते नै थुनामुक्त भइसकेको भन्ने बेहोरा उल्लेख गरेको देखिएबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गराइपाउँ भनी माग गर्ने रिट निवेदक थुनामुक्त भइसकेको देखिने ।

यसप्रकार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गराइपाउँ भनी रिट निवेदन दिने निवेदक नै थुनामुक्त भइसकेको देखिएबाट प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखियो । अतः प्रयोजन नै समाप्त भई निष्प्रयोजित भइसकेको रिट निवेदनको तथ्यभित्र प्रवेश गरी निर्णय दिइरहनुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट

निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनुपमा पन्त

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल पौष २९ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, *०७५-WH-००८५, बन्दीप्रत्यक्षीकरण, निर्मला तामाङ वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौं*

नेपाल वायु सेवा निगमका महाप्रबन्धकलाई कालोमोसो दल्ने कार्यमा आफ्नो श्रीमानको संलग्नता नरहेको भनी रिट निवेदनमा उल्लेख गरेको भए पनि उक्त कसुर भएको दिन मिति २०७५।९।२० मा सो वारदात भएको ठाउँमा निजको उपस्थिति थिएन भनी विश्वस्त हुने कुनै आधार प्रमाण निज निवेदक निर्मला तामाङको तर्फबाट प्रस्तुत हुन आएको नदेखिँदा केवल रिट निवेदनमा बेहोरा उल्लेख गरेकै आधारमा आरोपित कसुरमा निजको संलग्नता थिएन भनी निष्कर्षमा पुग्न र सो आरोपअन्तर्गत मुद्दा हेर्ने अधिकारप्राप्त निकायबाट अनुसन्धानको सिलसिलामा म्याद थपको कार्यसमेत पूरा गरी राखिएको थुनालाई गैरकानूनी थुना मान्न नमिल्ने ।

यसका अतिरिक्त निज थुनुवाउपर लगाइएको आरोप ठहर हुने वा नहुने के हो तथा थुनुवा कसुरदार हुन् वा होइनन् भन्ने सम्बन्धमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिटबाट विचार विवेचना गर्न मिल्ने नभई सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारप्राप्त निकायबाटै सबुद प्रमाणको व्याख्या विश्लेषण गरी उचित निर्णय हुन बाँकी नै रहेको देखिन्छ । यसप्रकार मुद्दा हेर्ने अधिकारप्राप्त निकायले कानूनबमोजिम निर्णय गर्नुअगावै निवेदकउपर लागेको आरोपको सम्बन्धमा अनुसन्धानसमेतका लागि कानूनी प्रक्रिया पुऱ्याई निवेदकलाई थुनामा राखिएको अवस्थालाई गैरकानूनी थुना भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन आएन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन निवेदक थुनामा रहेको हुनुपर्ने र सो थुनुवा गैरकानूनी रहेको हुनुपर्छ । गैरकानूनी थुना भएको अवस्थामा मात्र यस प्रकारको आदेश जारी गरिने हो । वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसकारलाई कालोमोसो दली अभद्र व्यवहार गरेकोमा सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा अनुसन्धान भई दुई पटकसम्म म्याद थप भई सोअनुसार थुनामा रहेको देखिँदा त्यसलाई गैरकानूनी थुनामा राखेको मान्न नमिल्ने ।

तसर्थ, माथिका प्रकरणहरूमा गरिएको व्याख्या एवं विवेचनाका आधारमा प्रस्तुत रिट निवेदनका निवेदक सुरेश तामाङलाई राखिएको थुना गैरकानूनी रहेको नदेखिँदा हाल निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनुपमा पन्त

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७५ साल पौष २९ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सपना प्रधान मल्ल**, *०६९-WO-०००६, उत्प्रेषण, विश्वज्योति आचार्य (बर्तौला) समेत वि. नेपाल क्रेडिट एन्ड कमर्सियल बैंक लिमिटेड (NCC Bank Ltd) को केन्द्रिय कार्यालयसमेत*

निवेदक हरिराम आचार्यको तर्फबाट जिल्ला अदालत काठमाडौंमा बैंक खातामा रहेको रकम हिसाबकिताब गरिपाउँ भन्ने मुद्दा विपक्षीहरू

विरूद्ध दाएर गरेकोमा जिल्ला अदालतबाट फिराद दाबी नपुग्ने ठहर गरी मिति ०६८।२।१८ मा फैसला भएको देखिन्छ भने सोही विषयमा यस अदालतमा रिट निवेदनको माध्यमबाट प्रवेश गरेको पाइन्छ । जिल्ला अदालतबाट भएको फैसलाउपर चित्त नबुझे निवेदकलाई उच्च अदालतमा पुनरावेदन गर्न सक्ने अधिकार अर्थात् साधारण अधिकार क्षेत्रअन्तर्गतको वैकल्पिक मार्ग हुँदाहुँदै, सुनिश्चित सो पुनरावेदनको बाटो नअपनाई निवेदक रिटको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखिने।

कुनै हक अधिकारको हनन भएको स्थितिमा सोको उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिट क्षेत्राधिकार आकर्षित हुँदैन। कानूनले कुनै हक अधिकार सिर्जना गर्दा त्यस्ता हक अधिकारमाथि आघात पुग्न गएमा उपयुक्त उपचारको व्यवस्था पनि गरेको हुन्छ । यो सिद्धान्तको मूल मर्म जहाँ अधिकार छ त्यहाँ उपचार पनि हुन्छ (Ubi Jus Ibi Remedium) भन्ने हो। यदि कसैको कुनै हक अधिकारमा आघात पुग्दछ भने सोही कानूनमा व्यवस्थित उपचार अवलम्बन गर्नुपर्ने। रिट निवेदकले वैकल्पिक मार्ग हुँदाहुँदै रिट क्षेत्राधिकारबाट यस अदालतमा प्रवेश गरेको कार्य कानूनसम्मत नदेखिने।

अतः रिट निवेदकले आफूलाई उपलब्ध वैकल्पिक उपचारको प्रयोग नगरी रिटको मार्ग अवलम्बन गरेको त्यस्तै उक्त रकम रिट निवेदकले बैङ्कमा दाखेला गर्न साथ रोक्का राखिएका घरजग्गाहरू फुकुवा भई जाने तथा कानूनबमोजिम गरिएको उक्त कार्यले रिट निवेदकको कानून प्रदत्त हक अधिकार हनन भएको मान्न मिल्ने अवस्था देखिएन । रिट निवेदकका तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताले गर्नुभएको बहस तथा निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CR-१५१३, ०७४-RC-०१३४, कर्तव्य ज्यान, नेपाल सरकार वि. अरूहुलियादेवी रायसमेत, नेपाल सरकार वि. सियाराम राय*

प्रतिवादी अरूहुलियादेवी राय र रंजितकुमार राय वारदातस्थलमा मौजुदसम्म रहेको देखिए तापनि एकातिर निज प्रतिवादीहरूले पनि मृतकलाई कुटपिट, प्रहार गरेको भन्ने कुरा वादी पक्षबाट वस्तुनिष्ठ आधारमा पुष्टि हुन सकेको छैन भने अर्कातिर मृतकलाई मार्न निजहरूले खेलेको भूमिका पनि सबुद प्रमाणबाट स्थापित हुन सकेको देखिँदैन । साथै सुरू र पुनरावेदन अदालतबाट समेत कसुर कायम भएका प्रतिवादी सियाराम रायले अदालतमा बयान गर्दा आफूले मृतकलाई काठको लकडीले टाउकोमा र शरीरमा प्रहार गरेको, वारदातमा अन्य प्रतिवादीहरू सामेल थिएनन् भनी बयान गरेको देखिएको अवस्थामा जाहेरीमा यी प्रतिवादीहरूको नाम उल्लेख भएको र बुझिएका व्यक्तिहरूको भनाइकै आधारमा अभियोग दाबीबमोजिमको कसुर गर्नु मनासिब हुने नदेखिँदा निज प्रतिवादीहरूलाई वारदातस्थलमा मौजुद रहेको तर वारदातमा निजहरूको भूमिका स्पष्ट हुन नसकेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम १ वर्षको कैद सजाय हुने ठहर गरेको सुरू फैसलालाई सदर गर्ने गरी पुनरावेदन

अदालत राजविराजबाट भएको फैसला निज प्रतिवादीहरूको हकमा अन्यथा नदेखिने।

प्रतिवादी इन्दुकुमारी रायले अदालतमा बयान गर्दा आफूले मृतकलाई कुटपिट नगरेको, वारदात मितिमा आफू खेतमा पराल बाँध्न गएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरीसम्ममा यी प्रतिवादीको नाम उल्लेख भए पनि मृतकलाई मार्नेसम्मको कार्यमा निजको संलग्नता रहेको भन्ने कुरा वस्तुनिष्ठ आधारबाट पुष्टि हुन सकेको छैन। घटना सम्बन्धमा मिति २०६८।९।१५ र मिति २०६८।९।१६ गते रामधन रायले जिल्ला प्रहरी कार्यालय, सप्तरीमा दिएको निवेदनमा समेत निजको भूमिका के रहेको थियो भन्ने सम्बन्धमा उल्लेख भएको पाइँदैन । वारदात समयमा गर्भवती रहेको बताउने निज प्रतिवादीको मृतकसँग रिसइवी रहेको भन्ने कुरा पनि कहीँकतैबाट खुल्न आएको देखिँदैन । वारदातमा समेत निज उपस्थित रहेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणले पुष्टि गर्न नसकेको अवस्था हुँदा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको सुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला निजको हकमा समेत मिलेकै देखिने।

प्रतिवादीको साबिती बयान जाहेरी दरखास्त र जाहेरी दरखास्तलाई पुष्टि गर्दै जाहेरवालाले अदालतसमक्ष गरिदिएको बकपत्र, घटना विवरण कागज गर्ने रोहित रायसमेतले अदालतसमक्ष गरिदिएको बकपत्र, वस्तुस्थिति मुचुल्काका गोवर्द्धन खंगसमेतको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न कागज प्रमाणहरूद्वारा समर्थित भइरहेको देखिन्छ। साथै देवनारायण रायसमेतका प्रतिवादीका साक्षीहरूले प्रतिवादी सियाराम रायले मृतकलाई ५, ७ फट्ठा हिर्काउँदा मृतक ढलेको र उपचारको क्रममा निजको मृत्यु भएको (स.ज. ६) भनी अदालतसमक्ष गरिदिएको बकपत्रसमेतबाट प्रतिवादी सियाराम रायले मृतकको टाउकोमा प्रहार गरेको चोटबाट नै निजको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू फैसलालाई साधकको रोहबाट सदर गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको फैसला निजको हकमा समेत अन्यथा नदेखिँदा विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित आधार, प्रमाण तथा प्रतिवादी सियाराम रायले अदालतसमक्ष गरेको साबिती बयान, अन्य प्रतिवादीहरू अरूहुलियादेवी राय र रंजितकुमार राय वारदातस्थलमा मौजुद रहे भएको देखिएको तर मृतकलाई मार्नेसम्मको कार्यमा निजको भूमिका पुष्टि हुन नसकेको अवस्था तथा प्रतिवादी इन्दुकुमारीको हकमा निजउपरको कसुर पुष्टि हुन नसकेको अवस्थासमेतबाट मृतक गंगाप्रसाद रायको ज्यान प्रतिवादी सियाराम रायको कर्तव्यबाट मर्न गएको भन्ने देखिँदा निज प्रतिवादी सियाराम रायलाई सुरू अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू अरूहुलियादेवी राय र रंजितकुमार रायलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम १ वर्ष कैद सजाय हुने र प्रतिवादी इन्दुकुमारी रायलाई अभियोग दाबीबाट सफाइ हुने गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६९।९।२२ मा भएको फैसलालाई सदर

गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । प्रतिवादीहरू अरूहुलियादेवी राय र रंजितकुमार रायको हकमा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी सियाराम रायका हकमा जाहेर हुन आएको साधकसमेत सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७३-CR-०५७०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. शिवशंकर दास तत्मा*

प्रतिवादीहरू शिवशंकर दास तत्मा र रामएकवाल मण्डल धानुकसमेत उक्त घटनामा संलग्नता रहेको भन्ने कुरालाई शंकारहित तवरले पुष्टि गर्ने प्रमाण वादी पक्षले नै प्रस्तुत गर्नुपर्ने हुन्छ। सो प्रमाण वादी पक्षबाट पेस दाखिल हुन सकेको देखिएन। प्रतिवादीमध्येका मोकिम नदाफले पीडित सुर्यदेव दासलाई गोली फायर गरेकोमा एक गोली लागेको र गोलीको एक थान खोका बरामद भएको अवस्था हुँदा यी प्रतिवादीहरू नै सो घटनामा संलग्न भई गोली प्रहार गरे भनी शंका र अनुमानको भरमा मात्र सजायको भागीदार बनाउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन्छ। शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको मान्यता रही आएकोले यी प्रतिवादीहरूको कसुरमा संलग्नता रहे भएको ठोस सबुद प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादीहरू शिवशंकर दास तत्मा र रामएकवाल मण्डल धानुकलाई फौजदारी अपराधमा सजाय गर्नु न्यायसङ्गत नहुने।

घाइते र यी प्रतिवादीहरू शिवशंकर दास तत्मा र रामएकवाल मण्डल धानुकबिचमा कुनै पूर्वरिसिइवी नरहेको, पीडितले बकपत्र गर्दा प्रतिवादीमध्येका मोकिम नदाफबाहेक अन्य प्रतिवादीहरूले फायर गरेको गोली लागेको भनी खुलाउन नसकेको, जाहेरवाला र पीडितलगायतका व्यक्तिले मोकिम नदाफले फायर गरेको गोली पीडितको छातीमा लागेको र एक थान गोलीको खोका बरामदी भएको भन्ने बरामदी मुचुल्का तथा घटनास्थल प्रकृति मुचुल्कासमेतबाट यी प्रतिवादीहरू मिति २०६८/५/२० गते पीडित सुर्यदेव दासलाई गोली प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योगको घटनामा संलग्न रहेको पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीहरू शिवशंकर दास तत्मा र रामएकवाल मण्डल धानुकले अभियोग मागदाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३/१/२२ मा भएको फैसला मनासिब नै देखिने।

अत: जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदी मचुल्का, प्रतिवादीहरू शिवशंकर दास र रामएकवाल मण्डल धानुकसमेतले अदालतमा गरेको इन्कारी बयान र प्रतिवादीमध्येका मोकिम नदाफको मौका साबिती बयान, जाहेरवाला, पीडित र बुझिएका महादेव दाससमेतले अदालतमा आई गरेको बकपत्रसमेतका सबुद प्रमाणबाट यी प्रतिवादीहरू पीडित सुर्यदेव दासलाई गोली प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योगको घटनामा संलग्न भएको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी शिवशंकर दासलाई ८ वर्ष कैद र प्रतिवादी रामएकवाल मण्डललाई ५ वर्ष कैद सजाय हुने गरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७१/३/९ मा भएको फैसला उल्टी भई निज

प्रतिवादीहरू शिवशंकर दास तत्मा र रामएकवाल मण्डल धानुकलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३/१/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल फागुन ७ गते रोज ३ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-१७३३, लागु औषध (नाइट्रोसन), नेपाल सरकार वि. विवेक मगर*

बरामदी मुचुल्कामा उल्लिखित लागु औषधहरू प्रतिवादी सिर्जना मगरबाट मात्र बरामद भएको देखिएको छ भने निज प्रतिवादी विवेक मगरको साथबाट एक थान सामसुङ कम्पनीको मोबाइल सेट मात्र बरामद भएको पाइन्छ। प्रतिवादीमध्येकी सिर्जना मगरले म र प्रतिवादी बलराम कार्कीले आधाआधा पैसा हाली उक्त लागु औषध खरिद गरी ल्याएको भनी उक्त बरामदी मुचुल्कालाई पुष्ट्याईं गरी दिएको देखिन्छ । प्रतिवादी विवेक मगरबाट लागु औषध बरामद भएको अवस्थासमेत नदेखिँदा आरोपित कसुरमा यी प्रतिवादी विवेक मगरको कुनै संलग्नता रहे भएको भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट गुजार्न सकेको मिसिलबाट देखिँदैन । यसरी यी प्रतिवादी विवेक मगरको आरोपित कसुरमा संलग्नता रहेको कुरा शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिन आएन। यस्तो अवस्थामा कसुरमा संलग्नता नभएको अभियुक्तलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जाने।

त्यसैगरी बरामद भएको लागु औषध प्रतिवादीमध्येकी सिर्जना मगरबाट मात्र बरामद भएको भन्ने बरामदी मुचुल्काको बेहोरालाई समर्थन गर्दै निज प्रतिवादी सिर्जना मगरले अदालतमा बयान गरिदिएको पाइन्छ । यी प्रतिवादी विवेक मगरले कसुरमा इन्कार गरी अदालतमा बयान गरेका छन् भने सो इन्कारी बयानलाई समर्थन गर्दै सहप्रतिवादी सिर्जना मगरले अदालतमा बयान गरेको देखिन्छ । निज प्रतिवादी विवेक मगरबाट मोबाइल सेट मात्र बरामद भई लागु औषध बरामद भएको देखिँदैन। त्यसकारण निज प्रतिवादी विवेक मगर अभियोग मागदाबीअनुसार लागु औषधको खरिद बिक्रीलगायतको कारोबारमा संलग्नता रहेको मिसिल प्रमाणबाट नदेखिने।

अत: उल्लिखित आधार, प्रमाणबाट निज प्रतिवादी विवेक मगरले लागु औषधको खरिद बिक्रीसमेतको कसुरमा संलग्नता नरहेको तथ्य निजले अदालतमा गरेको इन्कारी बयान, सहप्रतिवादी सृजना मगरको अदालत बयान र प्रतिवादी विवेक मगरबाट लागु औषध बरामद नभएको भन्ने बरामदी मुचुल्कासमेतबाट यी प्रतिवादी विवेक मगर लागु औषध खरिद बिक्रीलगायतको आरोपित कसुरमा संलग्नता रहेको पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादी विवेक मगरलाई अभियोग दाबीबमोजिम ३ (तीन) वर्ष कैद र रू.१,२०,०००।- (एक लाख बिस हजार) जरिवाना हुने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७३।३।१ मा भएको फैसला उल्टी भई निज प्रतिवादी विवेक मगरलाई अभियोग मागदाबीबाट सफाइ हुने ठहर गरी उच्च अदालत पाटन हेटौंडा इजलासको मिति २०७३।११।३ को फैसला मिलेको देखिँदा सदर

हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल फागुन ७ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१४६४, सवारी ज्यान, नेपाल सरकार वि. ज्ञानेन्द्र रावल*

प्रतिवादी ज्ञानेन्द्र रावलले चलाएको मोटरसाइकलले ठक्कर लाग्न गई शारदादेवी भट्टराई घाइते भई निजको उपचारको क्रममा मृत्यु भएको हो भनी मौकामा दिएको जाहेरीलाई समर्थन हुने गरी जाहेरवाला गणेशप्रसाद भट्टराईले अदालतमा आई बकपत्र गरेको पाइन्छ । त्यसैगरी शारदादेवी भट्टराई चौमाला बजारमा बाटो क्रस गर्दा प्रतिवादी ज्ञानेन्द्र रावलले चलाएको मोटरसाइकलमा ठोक्किन गई घाइते भएपछि उपचारको क्रममा निजको मृत्यु भएको हो । मृतकका परिवारले क्षतिपूर्ति पाइसकेका छन् भनी मौकाको भनाइलाई पुष्टि गर्दै बुझिएका मानिस डम्बरप्रसाद भट्टराईले अदालतमा आई बकपत्र गरेको देखिने ।

प्रतिवादी ज्ञानेन्द्र रावलले आफूले सवारी चालक अनुमतिपत्र नलिई चलाएको मोटरसाइकलले पैदल यात्री शारदादेवी भट्टराईलाई ठक्कर दिई घाइते भएपछि उपचारको क्रममा घाइते शारदादेवी भट्टराईको मृत्यु भएको कुरा स्वीकार गरेका छन् । उक्त स्वीकारोक्तिलाई जाहेरी दरखास्त र मौकामा बुझिएका मानिसले गरेको घटना विवरण कागज एवम् अदालतमा आई गरेको बकपत्रबाट समर्थन भएको देखिन्छ । सवारी चालक अनुमतिपत्रविना प्रतिवादी ज्ञानेन्द्र रावलले लापरवाहीपूर्ण तरिकाले चलाएको मोटरसाइकलको ठक्करबाट पैदल यात्री शारदादेवी भट्टराई घाइते भई उपचारको क्रममा सोही चोट पीडाको कारण निजको मृत्यु भएको भन्ने तथ्य प्रतिवादीको बयान, जाहेरी दरखास्त, बुझिएका मानिसले गरेको घटना विवरण कागज एवम् बकपत्र, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का र सडक दुर्घटना प्रतिवेदनसमेतबाट स्थापित भई निज प्रतिवादी ज्ञानेन्द्र रावलले आरोपित कसुर गरेको देखिने ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ र १६१ को कानूनी व्यवस्था हेर्दा, *दफा ४५ मा कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन र दफा १६१ को उपदफा (२) मा कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारीबाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन ज्यानसम्बन्धीको महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुने छ । साथै दफा १६१ को उपदफा (४) मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुने छ भन्ने* उल्लेख भएको पाइन्छ । कुनै पनि व्यक्तिले सवारी

चालक अनुमतिपत्र प्राप्त नगरी सार्वजनिक सडकमा सवारी चलाई गराएको दुर्घटनाबाट मानिसको मृत्यु हुन गएमा सो कार्य आफैँमा लापरवाहीपूर्ण कार्य हुन जान्छ । प्रस्तुत वारदातमा प्रतिवादी ज्ञानेन्द्र रावलले सवारी चालक अनुमतिपत्र लिएको देखिँदैन । यसरी सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएमा उक्त दफा ४५ को कानूनी व्यवस्थाविपरीत हुन जान्छ । प्रतिवादी ज्ञानेन्द्र रावलले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाई गराएको दुर्घटनाबाट घाइते भएका शारदादेवी भट्टराईको मृत्यु भएको देखिँदा निज प्रतिवादीको हकमा ऐ.ऐनको दफा १६१ को उपदफा (२) र उपदफा (४) को कानूनी व्यवस्था आकर्षित हुने।

यसै सन्दर्भमा ने.का.प.२०७५, अङ्क ३, नि.नं.९९६५ मा नेपाल सरकार विरूद्ध परमेश्वर भन्ने कलेश्वर राउत भएको सवारी ज्यान मुद्दामा *कुनै पनि सवारी साधन चलाउँदा सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ मा सवारी चालक अनुमति प्राप्त नगरी कसैले सवारी साधन चलाउन नहुने भन्ने व्यवस्था भएको र प्रस्तुत मुद्दाका प्रतिवादीले सवारी चालकको अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएको स्पष्ट देखिएको छ । ऐनको दफा ४५ मा भएको उल्लिखित व्यवस्था स्वेच्छिक नभई अनिवार्य र बाध्यात्मक व्यवस्था भएको देखिन्छ । दफा ४५ को व्यवस्था र दफा १६१ को उपदफा (२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ । जसमा दफा १६१ को उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१ उपदफा (२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१ को उपदफा (२) बमोजिमको सजाय हुने* भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । सोअनुसार यी प्रतिवादी ज्ञानेन्द्र रावलले पनि सवारी चालक अनुमतिपत्र नलिई चलाएको मोटरसाइकलले ठक्कर दिई घाइते भएकी शारदादेवी भट्टराईको मृत्यु भएको भन्ने देखिन्छ । सवारी चालक अनुमतिपत्र नलिई प्रतिवादी ज्ञानेन्द्र रावलले सवारी चलाई घटना घटाएको कार्य लापरवाहीपूर्वक गरिएको मान्नुपर्ने देखिँदा निज प्रतिवादी ज्ञानेन्द्र रावलको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेको हुँदा उक्त कसुरमा सोही दफा १६१ को उपदफा (२) र उपदफा (४) बमोजिम सजाय हुने देखिन आउने।

प्रतिवादी ज्ञानेन्द्र रावलले आफूसँग मोटरसाइकल चलाउने अनुमतिपत्र नलिई लापरवाहीपूर्वक सवारी चलाई पैदल यात्री शारदादेवी भट्टराईलाई ठक्कर दिई घाइते भएपछि उपचारको क्रममा घाइते शारदादेवी भट्टराईको मृत्यु भएको भन्ने तथ्य निजले मौका र अदालतमा गरेको बयान, जाहेरी दरखास्त, बुझिएका मानिसले गरेको घटना विवरण कागज एवम् बकपत्र र घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का र सडक दुर्घटना प्रतिवेदनसमेतबाट पुष्टि भइरहेको देखिन्छ । यसरी

प्रतिवादी ज्ञानेन्द्र रावलले आरोपित कसुर गरेको पुष्टि भएको अवस्थामा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) र उपदफा (४) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी सोही दफा १६१ को उपदफा (३) र उपदफा (४) बमोजिम सजाय हुने गरी उच्च अदालत दिपायलबाट मिति २०७४।२।७ मा भएको फैसलामा निज प्रतिवादीले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएको देखिँदा सोही दफा १६१ को उपदफा (४) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मनासिब नै देखियो । तर निज प्रतिवादी ज्ञानेन्द्र रावलले सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाई दुर्घटना गराएको देखिइरहेको अवस्थामा निजले लापरवाहीपूर्वक चलाएको मान्नुपर्ने हुँदा प्रतिवादीलाई ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको देखिन नआउने।

अत: विवेचित तथ्य, आधार र कारणबाट सवारी चालक अनुमति पत्र नभएका प्रतिवादी ज्ञानेन्द्र रावलले सवारी चलाई दुर्घटना भई मानिसको मृत्यु भएको वारदात स्थापित भई निज प्रतिवादीलाई सजायसमेत भएको अवस्थामा सवारी चालक अनुमतिपत्र नभएको अवस्थाबापतको थप जरिवाना गर्नुपर्नेमा नगरेको हदसम्म सुरू कैलाली जिल्ला अदालतको मिति २०७२।९।१३ को फैसला केही उल्टी हुने भई निज प्रतिवादी ज्ञानेन्द्र रावललाई सुरू अदालतले गरेको सजाय तीन महिना कैद र दुई हजार जरिवानामा तथा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (४) बमोजिम थप दुई हजार रूपैयाँसमेत जरिवाना भएको हदसम्म उच्च अदालत दिपायलबाट मिति २०७४।२।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने र ऐ.दफा १६१ को उपदफा (३) बमोजिम सजाय भएको हदसम्म उक्त फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी ज्ञानेन्द्र रावललाई ऐ.दफा १६१ को उपदफा (२) बमोजिम दुई वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०७४०, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. भुपाल निरौला*

प्रत्यर्थी प्रतिवादी भुपाल निरौलाउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ. ऐनको दफा ४ को उपदफा (२) को (क) को कसुर गरेको भन्ने आरोप लगाइएको देखिन्छ। उक्त दफा ४ को उपदफा (२) को (क) मा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने कार्यलाई मानव ओसारपसार मानिने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसारको कसुर स्थापित हुनको लागि मानिस किन्ने वा बेच्ने उद्देश्य प्रस्ट रूपमा देखिनुपर्ने र तथ्यपरक सबुत प्रमाणबाट पुष्टि हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडित जाहेरवाली रानी ढ को जाहेरी एवं बकपत्रको बेहोरा तथा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा गरेको बयानबाट निज जाहेरवालीलाई बेच्ने उद्देश्यले नै भारत लैजान लागेको भन्न सकिने अवस्था मिसिल संलग्न प्रमाणबाट देखिँदैन । यसरी प्रत्यर्थी प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले नै विदेश भारत लगेको भन्ने आरोप शंकारहित ठोस सबुत

प्रमाणबाट समर्थित हुन आएको नदेखिँदा निजले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को (क) को कसुर गरेकोले ऐ. ऐनको दफा १५(१) को ङ (१) बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रत्यर्थी प्रतिवादीले जाहेरवाली रानी ढ सँग फेसबुकमार्फत सम्पर्क बढाई मलेसियाबाट नेपाल आउनासाथ खोटाङको दिक्तेलसम्म पुगी रानी ढ लाई भेट गरेको भन्ने निजको बयानबाट देखिएको, हलेसी दर्शन गर्ने भनी गएको, त्यसपछि रानी ढ घर फर्कन खोज्दा विवाह गरी बसौंला भनी विश्वास, प्रलोभनमा पारी प्रपञ्च मिलाई इटहरीको घरमा जाने भनी साथमा लिई आएकोमा सिधै विराटनगर हुँदै जोगवनी नाकासम्म पुऱ्याएको देखिँदा कलिलो उमेर अवस्थाकी अविवाहित रानी ढ लाई विभिन्न प्रलोभनबाट विश्वासमा पारी लगेको देखिन्छ । प्रतिवादीले घरसल्लाह नगरी बिहे गरेकोले घरमा जाँदा गाली गर्ने हुँदा भारत हरियाना गोठगाउँ गई काम गरी बस्ने उद्वेश्यले जान लागेको भनी अदालतमा बयान गरेपनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निज रानी ढ सँग विवाह गरिसकेको भन्न सकेको छैन। निजले पीडित रानी ढ लाई भारतमा गई विवाह गर्ने भन्दै फकाउँदै लगी नेपालतर्फको सिमानामा छाडी आफू मात्र भारत प्रवेश गरेको देखिएबाट पीडितलाई भारततर्फ लैजाने प्रयाससम्म गरेको देखिन्छ। त्यस्तै पीडित रानी ढ मात्र रिक्सामा चढी भारततर्फ गइरहेको देखि सोधपुछ गरेकोमा बुबालाई भेट्न भारत हिँडेको भनी बताएकी र प्रतिवादीले इटहरीमा ल्याई श्रीमती बनाई राख्ने विश्वासमा पारी भारत लैजान लागेको भनी माइती नेपालकी सुमित्रा अर्यालले अनुसन्धानको क्रममा घटना विवरण कागजमा खुलाएको र अदालतसमक्ष बकपत्र गर्दासमेत उक्त बेहोरालाई समर्थन गरी बकपत्र गरेको पाइन्छ। यसरी अविवाहित, कलिलो उमेर अवस्थाकी जाहेरवालीलाई विवाह गर्ने विश्वासमा पारी निजको संरक्षक अभिभावकको सहमति मन्जुरीविना मिति २०७३।१।२३ मा भारत प्रवेश गर्ने सीमासम्म पुऱ्याएको देखिन्छ। त्यसैले यी प्रत्यर्थी प्रतिवादीले जाहेरवाली रानी ढ लाई प्रलोभनमा पारी भारतमा लैजाने उद्वेश्यबाट सीमानाकासम्म पुऱ्याएको अवस्था देखिँदा सुरूको फैसला केही उल्टी गरी निज प्रतिवादीले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्वेश्यले बाहेक मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) मा लेखिएअनुसारको कसुरको उद्योगसम्म गरेको ठहराएको उच्च अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रत्यर्थी प्रतिवादीले गरेको कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर गरेको कायम गरिनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादीले अभियोग दाबीअनुसार रानी ढ लाई बेच्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्वेश्यले भारततर्फ लैजान खोजेको नदेखिई विवाह गर्ने भनी प्रलोभनमा पारी ललाई फकाई भारततर्फ लगिसकेको नभई भारत लैजाने उद्योगसम्मको कार्य गरेको देखिन्छ। निज प्रतिवादीबाट भएको कार्यको प्रकृति तथा मिसिल संलग्न समग्र प्रमाण कागजहरूको आधारमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (छ) अनुसारको कसुरमा खण्ड (ज) अनुसारको सजाय गर्नुपर्ने ठहरेकै आधारमा मात्र अभियोग

मागदाबीअनुसार प्रतिवादीले नैतिक पतन हुने फौजदारी कसुर गरेको भन्न न्यायोचित हुने देखिएन। तसर्थ, निज प्रतिवादीले गरेको कसुरलाई नैतिक पतन देखिने फौजदारी कसुर कायम हुन नसक्ने ठहराएको उच्च अदालतको फैसला मनासिब नै देखिँदा नैतिक पतन देखिने फौजदारी कसुर कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि उल्लिखित तथ्य, आधार र कारणहरूबाट सुरू मोरङ जिल्ला अदालतको मिति २०७३।७।२३ को फैसला केही उल्टी गरी प्रत्यर्थी प्रतिवादी भुपाल निरौलालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कार्य गरी सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (छ) अनुसार हुने कसुरको उद्योगसम्म गरेको ठहराई ऐ. ऐनको दफा १५(१)(ज) अनुसार प्रतिवादी भूपाल निरौलालाई ४ (चार) वर्ष कैद हुने र निज प्रतिवादीको हकमा नैतिक पतन हुने फौजदारी कसुर कायम हुन नसक्ने ठहराएको उच्च अदालत विराटनगरको मिति २०७४।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

१७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-२६१४, विद्यालय भवन निर्माणमा गुणस्तर कायम नगरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. सन्तोषराज पाण्डेसमेत*

अन्नपूर्ण उच्च माध्यमिक विद्यालयको विज्ञान भवन र शौचालय निर्माण गर्दा अनियमितता भएको भनी मिति २०७१।०१।०८ मा उजुरी परेपछि उक्त विषयमा अनुसन्धानका लागि तोकिएका अनुसन्धान अधिकृत हरिशचन्द्र जोशीले मिति २०७२।१२।१५ मा दिएको विस्तृत अनुसन्धान प्रतिवेदनमा अन्य कुराका अतिरिक्त "हाल निर्माण सम्पन्न भइसकेको विज्ञान भवनलाई भत्काई पुनः नयाँ निर्माण गर्दा सम्बन्धित शिक्षण संस्था तथा नेपाल सरकारलाई समेत थप व्ययभार सिर्जना हुने हुँदा उक्त निर्माण सम्पन्न भवनका सम्बन्धमा प्राविधिक निरीक्षण तथा परामर्शसमेतबाट लच्किएको बिमले पिलरको सपोर्ट पाइसकेको अवस्थामा त्यसलाई अन्यथा भन्न नसकिने भन्ने प्राविधिक सुझाव प्राप्त भएकाले सोही भवनलाई नै थप मर्मत सम्भार गरी प्रयोगमा ल्याउनुपर्ने अवस्था मिसिल संलग्न कागज प्रमाणबाट देखिएको" भनी प्रतिवेदन पेस भएको देखिने।

मिति २०७०।०२।२८ मा उक्त विद्यालयको पहिलो तल्लाको ढलान भएको भन्ने देखिन्छ। पहिलो तल्लाको बिम केही लच्केको भन्ने कुरामा विवाद देखिँदैन। प्राविधिक कारणबाट हुन सक्ने त्रुटि सच्चाएर भवन निर्माणको कार्य अगाडि बढाउन उपयुक्त हुन्छ भन्ने कुरामा प्राविधिकको सरसल्लाहअनुसार स्थानीय तहका सबै पक्षको सहमतिमा पिलर सपोर्ट दिएको बाहेक उक्त बिम लच्किनुको कारण गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग भएको भनी कुनै प्रमाणयोग्य कागजात पेस भई प्रतिवेदन तयार भएको पाइएन। यस अवस्थामा विश्वसनीय ठोस र वस्तुनिष्ठ प्रमाणको अभाव देखिँदादेखिँदै कसैउपर भ्रष्टाचार जस्तो गम्भीर अभियोगको कसुरदार ठहर गर्न मनासिब नदेखिने।

यी प्रतिवादीहरूले भवन निर्माण गर्ने क्रममा

विभिन्न समयमा आ-आफ्नो तहबाट सकारात्मक पहल गरेर काम गरेको नै देखिन्छ। विद्यालयको भवन ढलान भइसकेपछि भवनको वास्तविक अवस्था अर्थात् बिम लच्किएको विषयसमेत खुलाएर विभिन्न प्राविधिक कारणबाट पनि त्यस किसिमको कमजोरी भएको हुन सक्दछ भनी प्रतिवेदन दिएकामा सोही प्रतिवेदनका आधारमा लच्किएको बिमलाई पिलर सपोर्ट दिएर थप तलासमेत निर्माण भएको छ । सो ढलान कार्यको गुणस्तर निम्नस्तरको हुनुमा यी प्रतिवादीहरूको कुनै किसिमको बदनियत राखेको भन्ने कुरा अभियोजन पक्षबाट पुष्टि गर्न सकेको नपाइने ।

गुणस्तर मूल्याङ्कन नगरी भुक्तानी दिई ठेकेदारलाई उन्मुक्ति दिइएको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, उक्त भवनको निर्माण कार्यको जिम्मा रू.२२,००,०००।- (बाइस लाख) मा ठेकेदार मन्जितसिंह रावललाई दिइएकोमा निज मन्जितसिंह रावलले पहिलो तला ढलान गरेपछि भवन निर्माण कार्य सम्पन्न गर्न नसकी बिचैमा काम छाडेको भन्ने देखिन्छ । निजले अनुसन्धान अधिकारी र अदालतसमक्ष बकपत्र गर्दासमेत आफूले बिचैमा सम्झौता तोड्नुपरेको कारणमा विद्यालय व्यवस्थापन समिति र स्थानीय मानिसहरूको असहयोगलाई मुख्य जिम्मेवार ठहऱ्याएका छन् । जनश्रमदानबाट जे जति कार्य हुनुपर्दथ्यो, सो हुन नसकेको भन्ने कुरालाई विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले पनि इन्कार गर्न सकेको पाइँदैन । निज ठेकेदारको लापरवाहीबाट भवनको बिम लच्किन गएको भए निज ठेकेदारलाई जिम्मेवार बनाउन सक्नुपर्नेमा विभिन्न प्राविधिक प्रतिवेदन र विद्यालय व्यवस्थापन समितिले समेत सो कुराको ठहर गर्न सकेको पाइएन । यस अवस्थामा ठेकेदार मन्जितसिंह रावललाई पटकपटक गरी रू.१४,००,०००।- भुक्तानी दिएकोमा उनले गरेको कामको प्राविधिक मूल्याङ्कन गर्दा निजले रू.१३,७५,३४५।- रूपैयाँ बराबरको काम गरेको देखिएको हुँदा निजलाई बढी भुक्तानी दिएको रकम रू.२४,६५५।- निजबाट फिर्ता लिएर विद्यालयको खातामा जम्मा भएको भन्ने देखिँदा प्राविधिक मूल्याङ्कन नभएको मान्न नसकिने ।

यी प्रतिवादीहरूको पेसा र सेवाको प्रकृति हेर्दा एउटा विद्यालयमा निर्माण भइरहेको भवनमा न्यून गुणस्तरको सामग्री प्रयोग गरी बदनियतका साथ व्यक्तिगत लाभ लिई राज्यको सम्पत्तिको दुरूपयोग गर्ने गराउनेसम्मको कार्यमा एकमत भएर काम गरे होलान् भन्ने कुराको अनुमान गर्न सक्ने यथेष्ट प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिने ।

विद्यालय भवनको गुणस्तर कायम नगर्दा के कति रकम बचेको र सो रकम यी प्रतिवादीहरूले के कति बाँडी लिए, खाएको भन्ने आरोप दाबी नै छैन । विद्यालयको भवनको गुणस्तर कायम नगर्दा यी प्रतिवादीहरूलाई यो यस्तो फाइदा पुगेको भन्ने कुरा पनि अभियोजन पक्षबाट स्थापित गर्न सकेको देखिएन । यसै सम्बन्धमा ने.का.प. २०७५, अङ्क ९, नि.नं. १००९७ मा *वादीले प्रतिवादीहरूउपरको कसुर निः सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्टरूपमा व्यवस्था गरेको पाइन्छ । कसुर शङ्कारहित तवरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त*

*हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्ने ।"* भन्ने सिद्धान्त प्रतिपादित भएको पाइन्छ प्रस्तुत मुद्दामा समेत उक्त सिद्धान्त आकर्षण हुने नै देखिन आयो । मिसिल संलग्न प्रमाणहरूबाट निज प्रतिवादीहरूले बदनियतपूर्वक विद्यालय भवन निर्माणमा गुणस्तर कायम नगरी रकम दुरूपयोग गरी आफूहरूले गैरकानूनी लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी गरे गराएको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन आएन । यस अवस्थामा विशेष अदालत काठमाडौंको फैसला नमिलेको भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिएकोले प्रत्यर्थी झिकाइरहनु नपर्ने ।

तसर्थ, उल्लिखित आधार, कारण, प्रमाणबाट बिम लच्किनुमा यी प्रतिवादीहरूको बदनियत रहेको भन्ने कुरा स्थापित हुन नसकेको तथा कुन प्रतिवादीको गलत मनसायबाट उक्त भवनको बिम लच्कन गएको हो भन्ने कुरा अभियोजन पक्षबाट स्थापित गर्न सकेकोसमेत नपाइएको र रकम लिए खाएको भन्ने आरोप दाबीसमेत नभएकोले प्रतिवादीहरू सन्तोषराज पाण्डे, बलबहादुर सोडारी, मन्जितसिंह रावल, जवाहरलाल हमाल, कृष्णबहादुर रावल र हेमराज जोशीले आरोप दाबीबाट सफाइ पाउने भनी विशेष अदालत काठमाडौंबाट मिति २०७५।१२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: नबिन आचार्य

इति संवत् २०७६ साल पौष २२ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-२३७२, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सन्देश थापामगरसमेत*

यसमा मिति २०७१।१०।७ गते राति मेरो छोरा रामशरण गिरी भन्ने विश्ववन्धु गिरी जिल्ला नुवाकोट हल्देकालिका गा.वि.स. वडा नं. १ स्थित मेरो भाइको घरमा नारायण पूजामा निम्तो मान्न गएको अवस्थामा नाम परिवर्तित नुवाकोट ४, कान्छा भन्ने सुदर्शन राई, सन्देश थापामगर, उपेन्द्र थापामगर, राजेश थापामगर र सम्राट थापामगरसमेतका मानिसहरूले ज्यान मार्ने उद्देश्य राखी खुकुरीलगायतका हतियारहरूले प्रहार गरी घाइते बनाएको हुँदा निज प्रतिवादीहरूउपर कारबाही गरिपाउँ भन्ने बेहोराको बद्री गिरीको जाहेरीबाट प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन्छ । उक्त मिति २०७१।१।७ गते राति निज जाहेरवाला बद्री गिरीको भाइ खड्कराज गिरीको घरमा नारायणको पूजामा यी प्रत्यर्थी प्रतिवादीहरूसमेत सहभागी रहेको भन्ने कुरा प्रतिवादीहरूले स्वीकार गरेकोले त्यसमा कुनै विवाद नदेखिने ।

यी प्रत्यर्थी प्रतिवादीहरूले अनुसन्धान अधिकारी तथा अदालतमा उपस्थित भई बयान गर्दा घाइते रामशरण गिरीलाई आफूहरूले कुटपिट नगरेको भन्दै आरोपित कसुरमा इन्कार रही घाइतेलाई प्रतिवादी उपेन्द्र थापामगरले मात्र प्रहार गरेका हुन् भनी बयान गरेको देखिन्छ । त्यसैगरी निज प्रतिवादी उपेन्द्र थापामगरले रामशरणले ममाथि प्रहार गर्‍यो, मैले जाहेरवालाको छोरा रामशरण गिरी भन्ने विश्वबन्धु गिरीलाई प्रहार गरेको हो, मैले एक पटक मात्र प्रहार गरेको हो, खुकुरीले प्रहार गरेको होइन, घाइतेलाई अरू कसले प्रहार गरे मलाई थाहा छैन, मैले त्यहीँ सुकाई राखेको चिरपटले प्रहार गरेको हो भनी बयान गरेको देखिन्छ । घाइते रामशरण गिरीले मौकाको कागज र अदालतमा

गरेको बकपत्रसमेतमा म पिसाब फेर्न गएको मौका छोपी उपेन्द्र थापामगरले रडले र कृष्णकुमार गिरीले खुकुरीले टाउकोमा प्रहार गरी घाइते बनाई अन्य प्रतिवादीहरूले मुक्काले हानेकोमा मैले कराएको आवाज सुनी नजिकको मान्छे आएको कारण निजहरू भागेका हुन् भनी बेहोरा लेखाएको देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. अनुसार "ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि १२ वर्षसम्म कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था गरिएको पाइन्छ। ज्यान मार्ने उद्योगको कसुर अपराध कायम हुन अभियुक्तको नियत ज्यान मार्ने हुनुपर्दछ र ज्यान मर्नेसम्मको कार्य भएको हुनुपर्दछ। मर्नेसम्मको काम गरिसकेको तर मर्न भने नपाएको स्थिति हुनुपर्दछ। निज घाइतेको घा जाँच केस फाराममा Cut injury on left parietal region about 3.5cm probably fatal भन्ने उल्लेख गरेको देखिन्छ। प्रस्तुत मुद्दाको सम्पूर्ण तथ्यगत अवस्थाबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको १५ नं. अनुसार ज्यान मार्ने उद्योग मुद्दामा हुनुपर्ने आवश्यक तत्त्वहरू विद्यमान देखिएन। यस्तो स्थितिमा सुरू जिल्ला अदालतले निज प्रत्यर्थी प्रतिवादीहरूलाई समेत सजाय गर्ने गरेको फैसला उल्टी गरी निज प्रतिवादीहरूले अभियोग दाबीअनुसार ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ पाउने ठहराएको उच्च अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ, उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित तथ्य, आधार र कारणहरूबाट सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७१।११।११ को फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी सन्देश थापामगर, राजेश थापामगर र कान्छा भन्ने सुदर्शन राईले अभियोग मागदाबीबाट सफाइ पाउने ठहराएको उच्च अदालत पाटनको मिति २०७५।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

**१९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-००१३, जबरजस्ती करणी, नेपाल सरकार वि. धुर्वे भन्ने अर्जुन फुयाल*

यसरी स्वयं पीडितले आफूमाथि जबरजस्ती करणीको वारदात नभएको भनी बकपत्र गर्नु, पीडित कराए लगत्तै वारदातस्थल पुगेका वीरेन्द्रकुमार घिमिरेले पीडितलाई त्रसित वा अत्तालिएको अवस्थामा नदेख्नु, घटनास्थल तथा पीडितको शरीरमा सङ्घर्षका सङ्केतहरू देखिएको भन्ने कुरा वादी पक्षले पुष्टि गर्न नसक्नुलगायतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीहरूले जाहेरवालीलाई जबरजस्ती करणी गरेका हुन् भन्ने कुरा स्थापित हुन नआउने।

प्रतिवादीहरूले गरेको कसुरलाई हेर्दा यी प्रतिवादीहरूले आफूलाई समातेको भनी पीडितले अदालतमा बकपत्र गरेको अवस्था छ। वारदात

भएको मिति र समयमा प्रतिवादीहरूको उपस्थिति घटनास्थल वरपर देखिएको छ । वारदातस्थलकै बाटो घर जाँदै गरेका वीरेन्द्रकुमार घिमिरेले नजिकैबाट केटी मान्छे कराएको आवाज सुनी को हो ? भनी कराउँदा प्रतिवादीहरू भागेको भन्ने देखिन्छ । दिउँसो भनेको कुरा दिन्छेस् कि दिन्नस् भनी प्रतिवादीहरूले यौनका आशयले पीडितलाई एकान्तस्थलमा समातेको कार्य जबरजस्ती करणीको उद्योगतर्फको कसुर स्थापित गर्न पर्याप्त देखिने ।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा ...जबरजस्ती करणी गरेको ठहर्छ भन्ने कुरा उल्लेख भएको छ भने नं. ३(४) मा जबरजस्ती करणी गर्नेलाई "सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म कैद सजाय हुन्छ" भन्ने व्यवस्था रहेबाट यी प्रतिवादीहरूले १८ वर्षमाथिकी यी पीडितलाई जबरजस्ती करणी गरेमा पाँच वर्षदेखि आठ वर्षसम्मको सजाय हुनेमा आधा सजाय हुन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

सोही ऐन, महलको ३क नं. मा महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ भने ५ नं. मा "जबरजस्ती करणी गर्ने उद्योग गरेको, करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । यसबाट सामूहिक रूपमा हुन सक्ने जबरजस्ती करणीको कसुरलाई ऐनले स्पष्ट रूपमा कसुर कायम गरेको देखिए पनि सामूहिक रूपमा जबरजस्ती करणीको उद्योग हुन सक्नेतर्फ ऐनमा स्पष्ट व्यवस्था भएको नदेखिने ।

प्रतिवादीहरूले पीडित जाहेरवालीमाथि जबरजस्ती करणी गरेको भन्ने तथ्य स्थापित हुन नआए पनि प्रतिवादीहरूले मलाई समातेका हुन् भनी पीडित स्वयंले अदालतमा गरेको बकपत्र, घटनास्थल वरपरको क्षेत्रमा प्रतिवादीहरूको उपस्थिति, लगत्तै घटनास्थल पुगेका वीरेन्द्रकुमार घिमिरेले दुई जना केटाहरू भाग्दै थिए भनी लेखाएको बेहोरासमेतबाट यी प्रतिवादीहरूले पीडितउपर जबरजस्ती करणी गर्ने मनसायले समातेको तर तेस्रो पक्षको उपस्थितिका कारण करणी गर्न भने नपाएको भन्ने देखियो । यसबाट प्रतिवादीहरूले पीडितउपर जबरजस्ती करणीको उद्योग गरेको भन्ने कुरामा विवाद नरहने ।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा प्रतिवादीहरूले पीडितका विरूद्ध जबरजस्ती करणीको उद्योग गरेको देखिएकोमा निजहरूले जबरजस्ती करणी गरेको कसुर कायम गरी सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७४।८।१ मा प्रतिवादीहरूलाई जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम जनही ५ वर्ष कैद र सोही महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैद हुने साथै प्रतिवादीहरूबाट पीडितले जनही रू.७५,०००।- क्षतिपूर्ति भराई पाउने ठहर गरी भएको फैसला केही नमिलेको हुँदा सो हदसम्म फैसला बदर भई प्रतिवादीहरू साने भन्ने तिलकुमार रनपहेली र धुर्वे भन्ने अर्जुन फुयाँलले पीडितलाई जबरजस्ती करणीको उद्योग गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योग गरेकोले सोही महलको ३ नं. को देहाय ४ बमोजिम हुने सजायको आधा सजाय जनही २ वर्ष ६ महिना कैद हुने ठहर्‍याई उच्च

अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।

## इजलास नं.२

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री पुरूषोत्तम भण्डारी**, *०७५-WH-०००९, बन्दीप्रत्यक्षीकरण, विरेन्द्र विश्वकर्मा वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

मिति २०७५।५।१ गते यिनै निवेदक भएको बन्दीप्रत्यक्षीकरण ०७५-WH-०००६ को मुद्दामा निवेदकलाई थुनामा राख्दा बाध्यात्मक रूपले पालना गर्नुपर्ने कार्यविधि पालन नगरिएको, थुनामा राख्न अनुमति माग्दा र दिँदा के कुन प्रयोजनका निमित्त थुनामा राख्नुपर्ने हो सोको कुनै आधार र कारण खोली आदेश गरेको नपाइएकोसमेतका आधार र कारणबाट निवेदकलाई थुनामा राख्ने गरी भएको सम्पूर्ण काम कारबाहीहरू कानूनअनुरूप भएको नदेखिँदा निवेदक खड्गबहादुर विश्वकर्मालाई काठमाडौं जिल्ला अदालताबाट म्याद थप गरी थुनामा राख्ने गरी भएको सम्पूर्ण काम कारबाहीहरू कानूनअनुरूप नदेखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक थुनामुक्त भएकोमा सोही दिन रातको ९:०० बजे थप अरू मनासिब आधार र कारणबिना, कानूनी प्रक्रियासमेत पालना नगरी सोही दिन लागु भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को कानूनी व्यवस्थाहरूलाई समेत पालना गर्नुपर्नेमा सो नगरी कुनै पनि व्यक्तिलाई थुनामा राख्दा उचित आधार, कारण एवम् प्रमाणहरू पेस गरेर मात्र थुनामा राख्नुपर्नेमा उचित कारण र आधारविना अदालतबाट थुनामुक्त भई आदेश भइसकेपछि पनि प्रवृत्त भावनाबाट पक्राउ गरी थुनामा राखी सोही थुनालाई पर्याप्त कारण र आधार नखोली म्याद थप माग गरेको र म्याद थप दिएको देखिने।

नागरिकको स्वतन्त्रताको हकलाई मौलिक हकको रूपमा मान्यता दिइन्छ । नागरिकको स्वतन्त्रताको हकलाई संविधानबाट संरक्षण प्रदान गरिएको हुन्छ । नेपालको संविधानको धारा १७ मा स्वतन्त्रताको हकसम्बन्धी व्यवस्था गरेको छ । संविधानले नै सीमित गरेको विषयमा बाहेक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्र, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ तथा संस्था खोल्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवात जावत गर्न र बसोबास गर्ने पेसा, रोजगार गर्ने उद्योग, व्यापार तथा व्यवसायको स्थापना गर्ने स्वतन्त्रता प्राप्त गर्ने हक प्रदान गरेको छ । संविधानद्वारा प्रदान गरिएको मौलिक हकअन्तर्गतको वैयक्तिक स्वतन्त्रताको हकबाट नागरिकलाई वञ्चित गर्न कानूनबमोजिमको पर्याप्त आधारको आवश्यक पर्दछ । कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको स्वतन्त्रताको हक उपभोगबाट वञ्चित गर्नु मानव अधिकारको उल्लङ्घन हुन जान्छ । थुनुवा खडकबहादुर विश्वकर्माउपर लगाइएको अभियोगमा विपक्षीले निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको उक्त कार्य कानूनसङ्गतरूपमा भएको मान्न नमिल्ने।

जुन मुद्दाको सिलसिलामा पक्राउ गरेको

हो, सो मुद्दामा अनुसन्धान गरी पर्याप्त कारण, आधार र प्रमाणको आधारमा कानूनबमोजिम मुद्दा चलाउन कानूनले रोक लगाएको नदेखिँदा माथि उल्लेख गरेअनुसार पर्याप्त कारण र आधारबिना कानूनी प्रक्रिया नै पूरा नगरी पुनः पक्राउ गरेको कार्यलाई कानूनसङ्गत मान्न नमिलेबाट निवेदकको मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-१०१९, जबरजस्ती करणी, उत्तमबहादुर तामाङ वि. नेपाल सकार*

प्रतिवादीउपर पीडिता "धनकुटा F" लाई स्कुल जाँदै गर्दा धनकुटा वेलहारा वार्ड नं. ५ र ७ को सिमानामा आइपुग्दा मैले निजलाई उचाली बोकी लैजाँदा रून कराउन थालिन् मैले खोल्सीमा लगी भुइँमा लडाई निजले लगाएको पाइन्ट खोल्न खोज्दा निज कहालिएर कराइन् । बाटोमा हिँड्ने मानिसले हो-हल्ला गरेको सुनी त्यहाँबाट भागेँ (स.ज.९) । मैले जबरजस्ती करणी गर्न खोजेको हुँ (स.ज.१०) कारबाही हुन्छ भन्ने मलाई थाहा थिएन भनी आरोपित कसुर गरेको कुरामा साबित भई बयान गरेको र अदालतमा आई बयान गर्दा आरोपित कसुर इन्कार गरे पनि प्रहरीमा भएको उक्त बयान पढी बाची अदालतबाट सुनाउँदा प्रहरीमा आफूलाई कुटपिट गरी बाध्य पारी बयान गराएको हो भनी जिकिर लिन नसकेको र निज प्रतिवादीले शारीरिक परीक्षणसमेतको माग गरेको अवस्थासमेत मिसिलबाट नदेखिँदा निज प्रतिवादीको बयान इच्छा विरूद्धको हो भनी मान्न मिल्ने देखिएन। पीडित "धनकुटा F" ले मौकामा गरिदिएको कागज र अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले कसुर गरेको भन्ने कुरा समर्थित भएबाट निजले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि हुनुका साथै पीडिता "धनकुटा F" लाई प्रतिवादीले जबरजस्ती करणी गर्दै गर्दा भगवती दिदी आएपछि निज त्यहाँबाट भागी गएको हो भन्ने पीडिताको भनाइ रहेको र निज प्रत्यक्षदर्शी भगवती ढकालले मौकामा र अदालतमा समेत उपस्थित भई प्रतिवादी उत्तमबहादुर तामाङले यी पीडिता "धनकुटा F" लाई करणी गरेको हुन्, उक्त कुरा २०७१।६।३ मा मैले बाटामा जाँदै गर्दा ममी ममी भनी कराएको आवाज सुनी आई को हो भनी कराउँदा निजले हाफ्पेन्ट खोलेको रहेछ हाफ्पेन्ट लगाउँदै भाग्यो पीडिता "धनकुटा F" सुतिरहेकी थिइन् मलाई देखी भगवती दिदी भनी बोलाइन् म जाँदा प्यान्टी तल झरेको थियो पीडितलाई उठाई विद्यालय लगेँ भनी वारदातका सम्बन्धमा सिलसिलेवार रूपमा लेखाई बकपत्र गरेको देखिने।

प्रतिवादी उत्तमबहादुर तामाङले अदालतमा आई बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि आफ्नो इन्कारी पुष्टि हुने कुनै साक्षी सबुद प्रमाण पेस गर्न नसकेको र वारदातको मिति र समयमा आफू वारदातस्थलमा रही पीडितासँग भेट भई हातसम्म समातेको कुरा अदालतको बयानमा समेत स्वीकार गरेको तथ्य स्थापित भएबाट यी पुनरावेदक प्रतिवादीले अभियोग माग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आयो। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीले पीडिता "धनकुटा F" लाई अभियोग माग दाबीबमोजिमको कसुर गरेको हुँदा निजलाई १० वर्ष कैद रू.२५,०००।– क्षतिपूर्ति भराइदिने गरेको सुरू धनकुटा जिल्ला अदालतको

फैसला र सो फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।१२।२९ को फैसला मनासिब देखिँदा सो फैसला अन्यथा देखिन आएन। उक्त फैसला बदर गरी अभियोग माग दाबीबाट सफाइ दिलाइपाउँ भन्ने विद्वान् अधिवक्ताहरू र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार, प्रमाण र विवेचनासमेतको आधारमा यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको दफा ३(१) बमोजिम १० वर्ष कैद रू.२५,०००।– क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७१।१२।२९ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-WO-०१५७, परमादेश, डिमा शेर्पासमेत वि. सोलुदुधकुण्ड नगरपालिका कार्यालय, सल्लेरी, सोलुखुम्बुसमेत*

दाजाङ्वु शेर्पा तथा श्रीमती चाङजेन लामाको छोरी सुश्री डिमा डोमा शेर्पा भनी दाजाङ्वु शेर्पा स्वयम्ले अनुसूची २ को सूचना फाराम भरी छोरीको जन्मदर्ता गराएको अभिलेखबाट निवेदकहरूको पति तथा पिता दाजाङ्वु शेर्पा भएको देखिन आएको छ। यसरी उल्लिखित अभिलेखबाट दाजाङ्वु शेर्पा र याङजेन भन्ने चाङजेन शेर्पाबिच लोग्ने स्वास्नीको नाता रहेको र निजहरूबाट डिमाडोमा शेर्पाको जन्म भएको देखिइरहेकोमा विवाह दर्ता प्रमाणपत्रको अभावमा नाता प्रमाणित गर्न बाध्यात्मक कानूनी व्यवस्था नरहेको भनी मृत्युदर्ता र नाता प्रमाणित पत्र दिन इन्कार गरेको स्थानीय पञ्जिकाधिकारीलगायतका विपक्षीहरूको भनाइ कानूनसम्मत देखिएन। आफ्नो कार्यालयमा भएको अभिलेखको आधारमा देखिएको नाता सम्बन्ध प्रमाणित गरिदिने दिलाउने कानूनी दायित्व भएका विपक्षीहरूले विवाह दर्ता नगरेको भन्ने आधारमा अभिलेखबाट देखिएको नाता सम्बन्ध प्रमाणित गरिदिन इन्कार गरेको देखिएकोले निवेदकको मागबमोजिम मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणपत्र दिनु, दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CI-०६९९, खिचोला चलन, रामबाबुप्रसाद यादव वि. राजेश ठाकुर हजामसमेत*

सुरू जिल्ला अदालतबाट मिति २०६३।१०।१२ मा भएको नक्सा मुचुल्काबाट विवादित भनिएको न.नं. ७ को जग्गा र न.नं. १४ र १५ को जग्गा वादी राजेश ठाकुर हजामसमेतको भोगमा रहेको देखिएको र बारा जिल्ला अदालतबाट प्रमाणको रूपमा प्राप्त दे.नं. २८४/१४०२ को 'घरजग्गा टण्टा' मुद्दामा मिति २०४६।०५।२० मा भएको नक्सा मुचुल्काले वादीको कायम भइरहेको न.नं. ५ को जग्गाको आकृति, प्रकृति प्रस्तुत मुद्दामा भएको मिति २०६३।१०।१२ को नक्सा मुचुल्कामा उल्लिखित न.नं. ७,

८, ९, १०, ११, १२ र १३ का जग्गाहरूको आकृति प्रकृतिसँग मिलेभिडेकोसमेत देखिन आयो। यसरी उक्त मुद्दाको फैसलाबाट यी वादीको कायम भएको जग्गा र प्रस्तुत मुद्दाको नक्सा मुचुल्कामा न.नं. ७ को जग्गा एउटै देखिन आएको पाइने।

प्रस्तुत मुद्दामा विवादित भनिएको उल्लिखित नक्सा मुचुल्काको न.नं. ७ तथा सोअन्तर्गतका न.नं. ८, ९, ११, १२, १३, १४ र १५ का जग्गा तथा ती जग्गाहरूमा निर्माण गरिएका भौतिक संरचनाहरू वादीहरूको कायम भएको भन्ने र प्रतिवादीहरूले उल्लिखित प्रमाणको मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. १० र न.नं. ६ को पक्की पर्खाल निर्माण गरी आफ्नो घरजग्गाको साँध सिमाना छुट्याएको भन्ने उक्त नक्सा कुण्डलीबाट स्पष्टरूपमा देखिन आएकाले प्रस्तुत मुद्दामा मिति २०६३।१०।१२ मा भएको नक्सा मुचुल्काअनुसार वादी दाबीका जग्गामा प्रतिवादीहरूले कब्जा खिचोला गरेको देखिन आएको हुँदा वादी दाबी पुग्ने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला बदर हुनुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार एवम् कारणहरूबाट वादी दाबी पुग्ने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६५।०३।०९ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत हेटौंडाबाट मिति २०६६।०८।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

## इजलास नं.३

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CR-०९९६, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. भीम हमालसमेत*

प्रतिवादी भीम हमालले अभियोग दाबीबाट सफाइ पाउने ठहराई भएको सुरू फैसलालाई सदर गरी तथा प्रतिवादी नवराज नेपालको हकमा निजले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, ४ (२)(ख) बमोजिमको उद्देश्यले पीडित धादिङ १२ र धादिङ १४ लाई नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लगेको देखिन आएको हुँदा निजलाई ऐ. ऐनको दफा १५ (१)(च) बमोजिम २(दुई) वर्ष कैद सजाय गर्नुपर्नेमा दफा १५(१) (ज) बमोजिम दफा १५ (१) (छ) मा उल्लिखित सजायको आधा साढे तीन वर्ष कैद सजाय हुने ठहराएको हदसम्म सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७०।९।१४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१)(च) बमोजिम दुई वर्ष कैद सजाय ठहर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०२।२६ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भदौ २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०७३-WO-१२६३,*

*उत्प्रेषण, प्रणिता राई वि. जिल्ला शिक्षा कार्यालय पाँचथरसमेत*

रिट निवेदिकाले शिक्षक सेवा आयोगको प्रकाशित सूचनाअनुसारको विज्ञापित पदमा आफू योग्य भएकोले रीतपूर्वकको दरखास्त फाराम बुझाएकोमा उक्त आयोगको सूचना नं. ३.१ को विपरीत जिल्ला शिक्षा कार्यालय, पाँचथरले दरखास्त फाराम दर्ता गर्न इन्कार गरेको भनी दाबी लिएकोमा शिक्षक सेवा आयोगको मिति २०७४।०४।०४ मा प्रकाशित पूर्वाञ्चल क्षेत्रको विज्ञापन नम्बर १०३/०७३/०७४ को नामावलीमा रिट निवेदिका प्रणिता राईको नाम परीक्षामा सहभागी हुन पाउने गरी रोल नम्बर ०२१३०१६१ कायम भई सार्वजनिक भएको हुँदा सर्वोच्च अदालतको मिति २०७४।०२।१९ मा जारी भएको आदेशअनुसार नै रिट निवेदिका परीक्षामा सामेल हुन पाउने गरी आवेदन स्वीकृत भएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको अवस्था छ । रिट निवेदिकाको मागबमोजिम परीक्षामा सहभागी हुन पाउने गरी रोल नम्बरसमेत सार्वजनिक भई सर्वोच्च अदालतबाट जारी भएको आदेशअनुसार परीक्षामा सामेल हुन पाउने गरी आवेदन स्वीकृत भएको देखिन आएको सन्दर्भमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट निवेदिकाको मागबमोजिम परीक्षामा सहभागी हुन पाउने गरी दरखास्त फाराम स्वीकृत भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०७४।२।१९ मा जारी अन्तरिम आदेश स्वतः निस्क्रिय हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असोज २ गते रोज २ शुभम्।

## इजलास नं.४

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७७-WH-०२३२, बन्दीप्रत्यक्षीकरण, बिर्ख लुवार वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

प्रस्तुत रिट निवेदनमा निवेदकलाई फरक राजनीतिक विचार र आस्थाका कारण मात्र केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा भएको देखाई जरूरी पक्राउ पुर्जीमा र म्याद थप अनुमति माग गर्दा तथा जिल्ला प्रशासन कार्यालयबाट निवेदकलाई हिरासतमा राख्ने म्याद थप अनुमति दिँदासमेत अनुसन्धान गर्दा निवेदकलाई थुनामा नै राख्नुपर्ने वस्तुनिष्ठ आधार र कारणसमेत उल्लेख गरेको नदेखिँदा प्रत्यर्थीहरूले निवेदकउपर प्रवृत्त धारणा राखी निवेदकलाई कानूनविपरीत थुनामा राखेको देखिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट रिट निवेदक बिर्ख लुवारलाई प्रत्यर्थीहरूद्वारा प्रवृत्त भावना र बदनियत राखी कानूनको उचित प्रक्रिया पूरा नगरी गैरकानूनी थुनामा राखेको देखिँदा नेपालको संविधानको धारा १३३(१) र (२) तथा सर्वोच्च अदालत नियमावली,

२०७४ को नियम ३७ बमोजिम प्रत्यर्थीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल फागुन ०६ गते रोज ५ शुभम्।

**२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CR-०७६५, बिनाइजाजत वन पैदावार ओसारपसार, भरतमणि राई भन्ने हरी राई वि. नेपाल सरकार*

सुसेली सामुदायिक वन उपभोक्ता समितिको उपाध्यक्ष पदको भूमिकामा रहेका यी प्रतिवादीका हकमा कैद र जरिवाना दुवै सजाय गरी अन्य अध्यक्ष तथा सचिवसमेतलाई जरिवाना मात्रको सजाय गर्नुले समान कसुरजन्य कार्यमा समान सजाय गरेको भन्ने पनि देखिएन। समान कसुर गरेका प्रतिवादीहरूमध्ये कसैलाई बढी र कसैलाई घटी सजाय गर्दा समानन्तर अवस्थामा समानुपातिक सजायको मान्यताविपरीत सजाय निर्धारण भएको देखियो। यी प्रतिवादीले गरेको कसुरको मात्राको अनुपातमा जरिवानाको सजाय नै प्राप्त हुने देखिन्छ। यी पुनरावेदकलाई कैद र जरिवानाको दुवै सजाय गर्नुपर्नेसम्मको छुट्टै वस्तुनिष्ठ प्रमाण एवं आधारहरू मिसिलबाट देखिँदैन। अन्य प्रतिवादीहरूले आफूलाई भएको जरिवानाको सजायलाई चित्त बुझाई निजहरूले र निजहरूको हकमा भएको सजाय कमी भयो भनी वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन गरेको अवस्थासमेत देखिँदैन। यस अवस्थामा अन्य प्रतिवादीहरूसरह यी प्रतिवादीलाई समेत सजाय गर्दा अन्य प्रतिवादीसरह उचित र समानुपातिक हुने गरी सजाय गर्नुपर्ने देखियो। तसर्थ, यी पुनरावेदकको हकमा जरिवानाको सजायको अतिरिक्त कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला सो कैदको सजाय गरेको हदसम्म मिलेको नदेखिने।

अतः माथि उल्लिखित आधार, प्रमाणबाट पुनरावेदक प्रतिवादीलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम १०(दश) महिना कैद हुने भनी भएको फैसला सो १०(दश)महिना कैद गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी हरी राईलाई बिगोको दोब्बर रू.१५,९१,८००।- (पन्ध्र लाख एकानब्बे हजार आठ सय असी रूपैयाँ) लाई दामासाही गरी रू.१,५९,१८०।- (एक लाख उनन्साठी हजार एक सय असी रूपैयाँ) जरिवाना गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।९।१७ मा भएको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७७ साल माघ १६ गते रोज ६ शुभम्।

## इजलास नं.५

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०७०७, भ्रष्टाचार, नेपाल सरकार वि. चन्द्र किशोर रायसमेत*

प्रस्तुत मुद्दामा सञ्चालनमा नरहेको भनिएको मधेश सहिद प्रा.वि.धनकौल ६ को स्थलगत निरीक्षण विद्यालय फाराम, २०७० हेर्दा सो विद्यालय स्थापना नै नभएको भनी उल्लेख भएको, सो विद्यालय जिल्ला शिक्षा कार्यालय सर्लाहीको च.नं.२३७५ मिति २०६७।३।२० गतेको पत्रले कक्षा १ सञ्चालन गर्न अनुमति

दिएको, च.नं.१४०० मिति २०६८।६।२९ गतेको पत्रबाट कक्षा २ सञ्चालन गर्न अनुमति प्रदान गरेको पाइयो। उक्त विद्यालयले फर्निचरलगायतका विभिन्न स्टेसनरी सामानहरू खरिद गरेको मिसिल संलग्न विभिन्न भरपाईहरूबाट देखिएको अवस्था छ, उक्त विद्यालयले भरेको Flash Report मिसिल संलग्न रहेको, Flash Report २०६९ स्रोतव्यक्ति रघुनाथ पाण्डेबाट प्रमाणित रहेकोसमेत देखिन्छ भने उक्त विद्यालयको बैंकमार्फत अनुदान रकम निकासा भएको, जिल्ला शिक्षा कार्यालय, सर्लाहीले सो विद्यालयलाई सम्बोधन गरी लेखेको पत्रहरूसमेतबाट उक्त विद्यालयको अस्तित्वमा नरहेको भनी मान्न मिल्ने नदेखिने।

भ्रष्टाचारको कसुर कायम हुनको लागि निकासा रकम खर्च गर्ने वा निकासा लिनेले निकासा लिँदा वा खर्च गर्दा सरकारी हानि नोक्सानी गर्ने मनसायबाट आफूले त्यसबाट केही लिनु खानु गर्ने नियत र मनसाय राखेर निकासा लिएको वा खर्च अपारदर्शी रूपमा गरी त्यसबाट आफूले समेत केही लिनु खानु गरी आर्थिक लाभ लिने उद्देश्य भएको वा लिएको खाएको, बदनियत राखेको प्रस्ट देखिनुपर्ने।

प्रस्तुत मुद्दामा विवादित स्कुलमा खर्च गरेको रकम सो खर्च भएको सरकारको नीतिगत कार्यमा उपयोग भए नभएको, खर्चको प्रयोग, बिल, भरपाई, प्रमाण कागजातबाट देखाउन नसकेको कारण विभागीय स्तरबाट बेरूजु ठहऱ्याई तिर्न बुझाउन लगाएको आदेश दिएर पत्राचार गरेको देखिन्छ र तत्पश्चात् बेरूजु रकम सम्बन्धित खर्च गर्ने अख्तियारवालाबाट स्कुलको नाममा रहेको सरकारी राजस्व खातामा बैंक दाखिला भएको देखिन्छ। जसबाट प्रस्तुत मुद्दामा सो रकमलाई सरकारको आधिकारिक निकायले बेरूजु देखाई असुलउपर गर्ने म्यादसमेत तोकी सोहीअनुरूप बेरूजु तिरे बुझाएको देखिँदा प्रतिवादीहरूले सरकारी हानि नोक्सानी गरेको भन्ने कुरा देखिन आएन। प्रतिवादीहरूले गरेको खर्चमा बदनियत थियो भन्ने कुरा पनि पुष्टि हुन सकेको छैन। भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति बदनियत तरिकाले दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनुपर्छ। प्रस्तुत मुद्दामा दाबीको रकम सरकारको राजस्व खातामा स्कुलको नामबाट तिरी बुझाइसकेको अवस्थामा भ्रष्टाचारको कसुर स्थापित हुन सक्ने अवस्था देखिन नआउने।

प्रतिवादीहरूको विशेष अदालतमा कसुरमा इन्कारी बयान, जिल्ला शिक्षा कार्यालय, सर्लाहीले बेरूजु देखाई फछ्र्यौटका लागि गरेको पत्राचारबमोजिम बेरूजु रकमका सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, सर्लाहीले विशेष अदालतलाई सम्बोधन गरी लेखिएको पत्रमा दाबीबमोजिमको निकासा भएको सम्पूर्ण रकम फिर्ता गरेको भनी रकम जम्मा गरेको भौचरहरूसमेत मिसिल संलग्न राखी पठाएको देखिएको, प्रत्यर्थी प्रतिवादीहरूको जिम्मामा तिर्नु बुझाउनुपर्ने रकम बाँकी रहेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको तथा दिवाकर चापागाईको प्रतिवेदनले नेपाल सरकार विरूद्ध राजेश्वर झासमेत भएको यसै प्रकृतिको मुद्दा नं. ०७२-CR-०७०६ को भ्रष्टाचार मुद्दामा प्रतिवादीहरूले सफाइ पाउने ठहर भई आज यसै इजलासबाट फैसला भएकोले सोही मुद्दामा लिइएका आधार र कारणहरूसमेतबाट यी प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, प्रत्यर्थी प्रतिवादीहरूको जिम्मामा तिर्नु बुझाउनुपर्ने रकम बाँकी रहेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७२।०२।२६ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल कार्तिक ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१५१८, गाउँ विकास समितिको रकम हिनामिना गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. हेमकान्तलाल कर्ण*

प्रतिवादी हेमकान्तलाल कर्ण सामाजिक सुरक्षा भत्ता बुझाएका केही भरपाईमा लगाइएका औंठाछाप एकै व्यक्तिको भएको भनी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्रमाणित भएको अवस्थामा सोलाई समेत बिगो कायम गरी अभियोग मागदाबीबमोजिमको बिगो कायम गरी सोहीअनुरूप सजाय हुनुपर्ने भनी नेपाल सरकारको पुनरावेदनतर्फ हेर्दा, उक्त दाबीबमोजिम जो जसले सामाजिक सुरक्षाको भत्ता रकम पाउनुपर्ने हो ती व्यक्तिहरूले उक्त रकम नपाएको भनी साधिकार निकायमा कहीँकतै उजुर गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। जसले उक्त रकम पाउनुपर्ने हो ती व्यक्तिहरूको उजुरी परेको नदेखिएको कुरामा कुनै विवाद रहेको देखिँदैन। ती व्यक्तिहरूले पाउनुपर्ने रकम पाए नपाएको सम्बन्धमा अनुसन्धान तथा विशेष अदालतमा समेत उनीहरूलाई बुझेको समेत मिसिलमा संलग्न कागजातबाट नदेखिएको हुँदा केवल आरोप लगाएकै आधारमा उक्त रकम निज प्रत्यर्थी प्रतिवादीले हिनामिना गरी भ्रष्टाचार गरेकै होला भनी अनुमानका आधारमा निजलाई दोषी ठहर गर्नु फौजदारी न्याय सिद्धान्तविपरीत हुने हुँदा सामाजिक सुरक्षाको रकम हिनामिना गरेको ठहर नगरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, प्रत्यर्थी प्रतिवादी हेमकान्तलाल कर्णलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले सोही ऐनको दफा ३(१)(च) बमोजिम दाबीमध्ये रू.१२,४१,५००।– सम्मको रकम हिनामिना गरेको ठहर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम १२,४१,५००।– असुलउपर गरी सोही ऐनको दफा ३(१) बमोजिम रू.१२,४१,५००।– (बाह्र लाख एकचालिस हजार पाँच सय रूपैयाँ) निजलाई जरिवाना हुने र सोही ऐनको दफा ३(१)(च) बमोजिम २ वर्ष ६ महिना कैदसमेत हुने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७३।०९।०७ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल कात्तिक ५ गते रोज ३ शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा**, *०६९-CI-१२०७, अंश, प्रेमकुमारी वादी (तिवारी) वि. भागीरथी सुनारसमेत*

पुनरावेदक वादीले जातकको पितृत्व

निर्धारण सम्बन्धमा आमाको भनाइ महत्त्वपूर्ण हुन्छ भन्नेसमेत पुनरावेदन जिकिर लिएको देखियो। कुनै नाबालकको पितृत्व निर्धारणसम्बन्धी प्रश्न रहेमा नाबालकको आमाको भनाइ निश्चय नै महत्त्वपूर्ण हुन्छ तर सो भनाइ अन्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भई स्थापित भनाइ हुनु पर्दछ। केवल फिरादमा उल्लेख भएकै आधारमा त्यस्तो भनाइलाई मात्र प्रमाणमा ग्राह्यता दिन नमिल्ने । प्रतिवादी फुलारामसँगको करणीबाटै बच्चा जन्माएको हो भन्ने पुनरावेदक वादीको भनाइ स्थापित हुने गरी निज वादीले प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको छैन। DNA परीक्षण प्रतिवेदनबाट समेत वादीले जन्माएको सन्तानको जैविक बाबु प्रतिवादी फुलाराम होइन भन्ने देखिएको छ। तसर्थ वादी प्रेमकुमारीको भनाइको आधारमा मात्र निजबाट जन्मिएको सन्तानको पितृत्व निर्धारण गर्न मिल्ने नदेखिने।

वादी प्रतिवादी दुई पक्षबिच नाता सम्बन्धमा मुख नमिली साक्षी बुझ्ने आदेश गरेकोमा वादी पक्षले आफ्नो साक्षी उपस्थित गराई दाबी स्थापित हुने गरी बकपत्र गराउन र लिखित तथा अन्य कुनै परिस्थितिजन्य प्रमाण प्रस्तुत गरी प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार आफ्नो दाबी प्रमाणित गर्ने भार पूरा गर्न सकेको देखिँदैन । डि.एन.ए. प्रोफाइल तुलना गरिएको परीक्षण प्रतिवेदनबाट समेत विवादित बच्चा र दाबी गरिएको बाबुको डि.एन.ए. नमिलेकोले जैविक बाबु होइन भन्ने पुष्टि हुन आएको छ। वादी र प्रतिवादी फुलारामबिच विवाह भएको हो भन्ने मिसिल संलग्न प्रमाण रहे भएको नदेखिनुका साथै वादीबाट जन्मेको बच्चासमेत प्रतिवादीको जैविक सन्तान हो भन्ने पुष्टि हुन नआएकोले प्रतिवादीबाट वादीले अंश पाउने कानूनी आधार रहेको देखिँदैन। तसर्थ अंश पाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने ठहर गरी तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिने।

अत: माथि विवेचना गरिएको आधार कारण एवम् न्यायिक सिद्धान्तसमेतबाट वादी तथा निजबाट जन्मेको नाबालक पुजाको प्रतिवादी फुलारामसँग लोग्ने स्वास्नी तथा बाबु छोरीको नाता सम्बन्ध कायम हुन सक्ने अवस्था नरहेकोले वादी दाबीबमोजिम अंश पाउने ठहऱ्याई दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादीको दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९।२।२९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७०-CR-१४७९, लागु औषध, नेपाल सरकार वि. गोपी भन्ने जयबहादुर कठायत*

प्रतिवादीको सँगसाथबाट ३.२ ग्राम खैरो हेरोइन बरामद भएको र निज प्रतिवादीले लागु औषध सेवन गर्ने गरेको कुरालाई अदालतसमक्ष समेत स्वीकार गरेको अवस्था छ । निज प्रतिवादीलाई सुरू तथा पुनरावेदन अदालतबाट गाँजा चरेश सेवन तथा बिक्री वितरण र सञ्चय गरेको, लागु औषध हेरोइन सेवन गरेको र अन्य मनोद्विपक पदार्थ (Psychotropic substance) डाइजिपाम र ब्युप्रिनोर्फिन हाइड्रोक्लोराइड दुर्व्यसन गरेको कसुरमा सजाय ठहर भएको अवस्था छ । वादी पक्षले प्रतिवादीबाट बरामद भएको लागु औषध

खैरो हेरोइन सञ्चय र बिक्री वितरणको लागि ल्याएको भन्ने कुरा पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न सकेको अवस्था छैन। यस्तो स्थितिमा प्रतिवादीले सेवनसम्म गर्ने प्रयोजनको लागि उक्त बरामद भएको लागु औषध खैरो हेरोइन बोकेको देखिन आयो। अतः अभियोग दाबीबमोजिम लागु औषध खैरो हेरोइन बिक्री वितरण गरेको कसुरमा पनि सजाय गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला न्यायको रोहमा मिलेकै देखिन आयो। साथै मिति २०७१।१।८ मा यस अदालतबाट निस्सा प्रदान हुँदा लिएका आधार र कारणसँग समेत सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी जयबहादुर कठायतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(क), (घ)(२), (ङ) र (ज) अनुसार सजाय हुने ठहर गरी ऐ. ऐनको दफा १४ (१)(छ)(१) र (झ) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी नपुग्ने ठहऱ्याएको जिल्ला अदालत काठमाडौंको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

फैसला तयार गर्नेः इ.अ. केदारनाथ पौडेल र

शा.अ. कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम्।

**३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७२-CR-१००५, लागु औषध गाँजा, नेपाल सरकार वि. फुलमहमद मियाँ अंसारी*

प्रतिवादीहरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा तत्काल पक्राउ परेका प्रतिवादीहरू साकिर मियाँ र नुरआलम अंसारीले बरामद भएको ५ बोरा (१२० के.जी.) गाँजा प्रतिवादी फुलमहमद मियाँको भएको, व्यापारी खरिद गर्न आउने भएकाले जोखी राखिदिनेलगायतको सहयोग कार्य गर्न गएको र सोबापत निज प्रतिवादीले रकम दिने भनेका थिए भनी यी प्रत्यर्थी प्रतिवादी फुलमहमदलाई पोली बयान गरेका छन्। प्रतिवेदक प्रहरी कर्मचारी हरिप्रसाद तिवारीको अदालतसमक्षको बकपत्रबाट प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समर्थित भएको स्थिति छ। बरामद भएको गाँजाको यी प्रतिवादी फुलमहमदको घरअगाडि रहेको बाटोमा रहेको छ। सहप्रतिवादीहरू साकिर मियाँ र नुरआलम अंसारी प्रतिवादी फुलमहमद मियाँको कामदारको रूपमा निजको घरमा काम गर्ने गरेको भन्ने तथ्य खुल्न आएको छ। साथै तत्काल गाँजासहित पक्राउ परेका साकिर मियाँ र नुरआलमको घर बसोबास गाँजा बरामद भएको स्थान नजिक वरिपरि भएको भन्ने उक्त फुलमहमदको घरको चार किल्ला विवरणबाट देखिन आउँदैन। यस अवस्थामा तत्काल पक्राउ परेका प्रतिवादीहरूले सो बरामद भएको गाँजा ल्याई रातको समयमा राख्न सक्ने देखिन नआउने।

प्रतिवादी फुलमहमदले वारदातको समयमा वीरगन्जमा रहेको भनी बयान गरेका छन्। वीरगन्जमा रहेको पुष्टि हुने भरपर्दो प्रमाण पेस गरेको पाइँदैन। वारदात स्थलमा नरही अन्यत्र रहेको भनी plea लिने व्यक्तिले नै सो तथ्यको प्रमाण पुऱ्याउनुपर्ने हुन्छ। प्रतिवादीकै घरअगाडि गाँजा बरामद भएको

छ । गाँजासहित पक्राउ परेका सहप्रतिवादीहरूले मौकामा सो गाँजा यिनै प्रतिवादी फुलमहमदको घरबाट निकाली खरिद गर्ने भारतीय व्यक्तिहरूलाई पर्खिरहेको अवस्थामा प्रहरी आएको भनी पोल गरेको र घटनास्थल मुचुल्कामा उल्लिखित बेहोराबाट फुलमहमदकै घरअगाडिबाट गाँजा बरामद भएको तथ्यले सो बरामद भएको गाँजा निज प्रतिवादी फुलमहमदले नै राख्न लगाएको पुष्टि हुन आएको छ । सहप्रतिवादीहरूले सो गाँजा अन्य व्यक्तिबाट ल्याई सो स्थानमा राखिरहनुपर्ने अवस्था पनि हुँदैन । अतः बरामदी मुचुल्काको दशी प्रमाण तथा वारदात स्थलसमेतका परिस्थितिजन्य प्रमाणहरूसमेतबाट बरामद भएको गाँजा प्रतिवादी फुलमहमद मियाँको भएको र निजसमेतको संलग्नतामा उक्त लागु औषध सञ्चय तथा बिक्री वितरण गर्ने कसुर गरेको भन्ने तथ्य पुष्टि हुन आएको छ । यसबाट सहअभियुक्तहरूले निज प्रतिवादी फुलमहमद मियाँलाई गरेको पोल तथ्यगत आधारमा समर्थित हुन आउने ।

प्रतिवादी फुलमहमद मियाँले लागु औषध गाँजाको बिक्री वितरण तथा सञ्चय गर्ने गरेको देखिन आएकोले निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (क) अनुसारको कसुर गरेको देखिन आयो । दश किलोग्रामदेखि माथिको गाँजा ओसारपसार गरेको कसुरमा दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था उक्त ऐनको दफा १४(१)(घ)(५) मा भएको पाइन्छ । प्रतिवादीहरूले १२० किलोग्राम गाँजा बिक्री वितरण तथा सञ्चय गरेको कसुर अपराध गरेको पुष्टि भएको हुँदा निजहरूलाई उक्त दफा १४(१)(घ)(५) बमोजिम सजाय गर्नुपर्ने देखिन आयो । प्रतिवादीहरूमध्येका साकिर मियाँ र नुरआलम अंसारीलाई सोहीबमोजिम सजाय ठहर भइसकेकोले यी प्रत्यर्थी प्रतिवादी फुलमहमद मियाँका हकमा पनि सोही ऐनको दफा १४(१) को देहाय (घ)(५) मा उल्लेख भएको सजाय आकर्षित हुने देखियो । अतः निज प्रतिवादी फुलमहमद मियाँलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी फुलमहमद मियाँले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (क) को कसुर गरेको देखिन आएकोले निज प्रतिवादीलाई सो कसुरमा उक्त ऐनको दफा १४(१)(घ)(५) बमोजिम सजाय गर्नुपर्नेमा आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।५।१८ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादी फुलमहमद मियाँलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को ४ को देहाय (क) को कसुरमा सोही ऐनको दफा १४(१)(घ)(५) अनुसार दुई वर्ष कैद र पन्ध्र हजार रूपैयाँ जरिवानासमेत हुने ।

फैसला तयार गर्नेः इ.अ. केदारनाथ पौडेल र

शा.अ. कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७१-WO-०८६८, उत्प्रेषण, रामबाबु शर्मा वि. पुनरावेदन अदालत हेटौंडा,*

*मकवानपुरसमेत*

वादी नवल किशोरप्रसाद साह प्रतिवादी राजविकास शर्मा भएको ०७१-CP-०१३१ को लेनदेन मुद्दामा वादीले मिति २०७१/५/४ मा जग्गा रोक्का गरिपाउँ भनी दिएको निवेदन मागबमोजिमका जग्गाहरू प्रतिउत्तर परेपछि पुनः विचार हुने गरी रोक्का राखिदिनु भनी बारा जिल्ला अदालतको आदेशउपर मिति २०७१/७/२७ मा रोक्का जग्गा फुकुवा गरिपाउँ भनी रिट निवेदक रामबाबु शर्माको निवेदन मागबमोजिम मिति २०७१/९/७ मा निवेदनमा उल्लिखित जग्गाहरू फुकुवा गरिदिनु भनी बारा जिल्ला अदालतबाट आदेश भएको देखिन्छ। निवेदक रामबाबु शर्माले निवेदन दिँदा जिल्ला बारा, गाउँ विकास समिति बरियापुर, वडा नं. ६ को कि.नं. ३७६ को ज.वि. ०-०-२-४ लेख्नुपर्नेमा भूलवश कि.नं. १३६ लेखिन गएको हुँदा कि.नं. ३७६ को जग्गा फुकुवा गरिपाउँ भनी दिएको निवेदनमा निवेदन मागबमोजिम फुकुवा गरिदिनु भनी बारा जिल्ला अदालतबाट मिति २०७१/९/९ मा आदेश भएको देखियो। प्रतिवादीको अंश हकसम्मको जग्गा रोक्का राख्नुपर्नेमा फुकुवा गर्ने गरी भएको त्यस अदालतको मिति २०७१/९/७ र २०७१/९/९ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब प्रतिवादीको अंश हकसम्म रोक्का राखी कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/१०/१५ मा आदेश भएको पाइने।

रिट निवेदकका छोरा राजविकास शर्माउपर नवलकिशोर प्रसाद साहले लेनदेन मुद्दा दिएको पाइयो। निवेदक रामबाबु शर्मा तथा ऋणी राजविकास शर्मा एकाघर सगोलका बाबु छोरा नाताका व्यक्ति भएकोमा विवाद देखिँदैन। छोराले लिएको ऋणको दायित्व आफूले बेहोर्न नपर्ने भन्ने निवेदकको भनाइ रहेको सन्दर्भमा सो ऋण कसले बुझाउनुपर्ने हो ? ऋणको दायित्व कुन पक्षउपर रहने हो भन्ने सोही लेनदेन मुद्दाबाट निरूपण हुने विषय भएको हुन्छ। निवेदकले विवादित जग्गामा छोरा राजविकास शर्माको अंश हक छैन, आफ्नो एकलौटी हक भोगको हो भनी निवेदकले भन्न सकेको पनि नदेखिने।

अतः निवेदक पिताको नाउँको जग्गाबाट छोरा राजविकास शर्माले प्राप्त गर्ने निजको अंशसम्म रोक्का राख्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१/१२/९ को आदेश गैरकानूनी देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७१-WO-०८७८, उत्प्रेषण, कमल प्रकाश पनेरू वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत*

वादी आत्माप्रकाश पनेरू प्रतिवादी कमलप्रकाश पनेरू भएको सार्वजनिक बाटो कायम गरिपाउँ भन्ने मुद्दामा वादीको कि.नं. ४३४७ र २४२१ को घरजग्गा आवत जावत गर्न प्रतिवादीको कित्ता नं. ४३४८ को जग्गाबाट वादीले बाटो निकास पाउने र प्रतिवादीको कि.नं. ४३४८ को जग्गालाई सार्वजनिक बाटो कायम गरिपाउँ भन्ने हदसम्मको वादी दाबी पुग्न नसक्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/९/९ मा फैसला भई पुनरावेदन अदालत पाटनबाट मिति २०७१/२/१९ मा सदर भई अन्तिम भएको देखिन्छ। उक्त फैसलाअनुसार चलन चलाइपाउँ

भनी वादीको दरखास्त परेको देखियो । काठमाडौं जिल्ला अदालतमा चलेको सार्वजनिक बाटो कायम मुद्दा र पुनरावेदन अदालत पाटनमा चलेको निषेधाज्ञा मुद्दासमेतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन परेको एवं मुद्दा दोहोऱ्याइपाउँ भन्ने निवेदन दर्ता गरी मुद्दा विचाराधीन अवस्थामा रहेको हुँदा सर्वोच्च अदालतबाट उक्त मुद्दाको अन्तिम किनारा नभएसम्मको लागि प्रस्तुत फैसला कार्यान्वयन मुलतबी राखिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी कमलप्रकाश पनेरूको निवेदन परेको अवस्था छ । मिति २०७१/१०/२० मा फैसला कार्यान्वयन प्रक्रिया रोक्न मिलेन भनी फैसला कार्यान्वयन अधिकारीले आदेश गरेको देखिन्छ । उक्त आदेशउपर प्रतिवादीले द.स. को ६१ नं. को निवेदन परी कारबाही हुँदा इजलासबाट मिति २०७१/११/८ मा तहसिलदारले गरेको आदेश सदर भई पुनरावेदन अदालत पाटनबाट समेत मिति २०७१/११/८ मा भएको काठमाडौं जिल्ला अदालतको आदेशलाई मिति २०७२/१/३ मा सदर गरेको देखिने ।

काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/९/९ मा भएको फैसलालाई मिति २०७१/२/१९ मा पुनरावेदन अदालत पाटनबाट सार्वजनिक बाटो कायम गरिपाउँ भन्ने मुद्दामा सुरू सदर गरेउपर कमलप्रकाश पनेरूले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा दोहोऱ्याइपाउँ भन्ने निवेदनमा मिति २०७२/३/१० मा सार्वजनिक बाटो कायम मुद्दामा निस्सा नपाउने गरी अन्तिम भइसकेको छ । फैसला कार्यान्वयनको क्रममा गम्भीर कानूनी त्रुटि भएको अवस्थामा बाहेक फैसला कार्यान्वयन ढिला गर्दा न्यायप्रतिको जनताको आस्थामा ह्रास आई अन्त्यमा न्यायपालिकाप्रति नै विश्वास टुट्न जान सक्छ । अन्तिम भएर रहेका फैसलाको कार्यान्वयन सामान्यतया रिट क्षेत्रबाट हस्तक्षेप गर्नसमेत नमिल्ने ।

अतः तहतह अदालतबाट गरेको निर्णयउपर तथ्यमा प्रवेश गरी रिट क्षेत्रबाट हेर्नसमेत नमिल्ने हुँदा फैसलाअनुसार कार्यान्वयन गर्ने कार्य मुलतबी राख्न मिल्दैन भनी गरेको आदेश गैरकानूनी नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-WO-०२६४, उत्प्रेषण, धर्मनाथकुमार यादवसमेत वि. पुनरावेदन अदालत जनकपुरसमेत*

वादी नम्रताकुमारी यादव प्रतिवादी रामजी यादव, इन्द्रकलादेवी र धर्मनाथकुमार यादव भएको अंश दर्ता, दूषित बन्डा बदर, गाली बेइज्जती, जालसाजी, घरेलु हिंसा मुद्दा धनुषा जिल्ला अदालतमा विचाराधीन रहेको देखियो । घरेलु हिंसा मुद्दामा विपक्षी नम्रताकुमारी यादवले भरण पोषणका लागि प्रतिवादीहरूबाट खर्च दिलाइपाउँ भन्ने निवेदनमा निवेदिकालाई दैनिक जीवनयापनका लागि केही रकम प्रतिवादीहरूबाट दिलाउन उचित देखिएकोले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६ बमोजिम मासिक रूपमा रू.८,०००।– प्रतिवादीहरूबाट अदालतमा दाखिल गराई सो रकम निवेदिकाले पाउने भन्ने धनुषा जिल्ला अदालतको मिति २०७२/१/८ को आदेश देखियो । सो आदेश बदर गरिपाउँ भनी प्रतिवादीले पुनरावेदन अदालत जनकपुरमा अ.बं. १७ नं. बमोजिम निवेदन दिएकोमा

धनुषा जिल्ला अदालतको मिति २०७२/१/८ को आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२/३/११ मा आदेश भएको देखिन्छ । धर्मनाथकुमार यादवको बाबु रामजी यादव, आमा इन्द्रकलादेवी यादव र नम्रताकुमारी यादव धर्मनाथकुमार यादवको श्रीमती भएको कुरामा विवाद नदेखिने।

यसरी निवेदक र विपक्षीबिच नाता सम्बन्धमा विवाद नदेखिएको र विपक्षी नम्रताकुमारी यादवलाई अंश दिएको पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन। निजको दैनिक भरण पोषण गर्नुपर्ने दायित्व यी निवेदकहरूको देखियो। यी नम्रतादेवी यादवको आयस्रोतसमेत भएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । सुरू धनुषा जिल्ला अदालतको मिति २०७२/१/८ को अन्तरिम संरक्षणात्मक आदेशउपर चित्त नबुझे पुनरावेदन अदालत जनकपुरमा अ.बं. १७ नं. बमोजिम यी रिट निवेदकहरूले निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी पुनरावेदन अदालत जनकपुरबाट उक्त सुरू अन्तरिम संरक्षणात्मक आदेश परीक्षण भइसकेको कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत अदालत प्रवेश गरेको पाइयो । जिल्ला अदालतमा दायर रहेको मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट निवेदन क्षेत्रबाट अदालतको विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट क्षेत्रबाट निर्णय गर्न मिल्ने पनि नदेखिने।

अतः घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६ बमोजिम रू.८,०००।– प्रतिवादीहरूबाट भराई पाउने गरी सुरू धनुषा जिल्ला अदालतको मिति २०७२/१/८ को अन्तरिम संरक्षणात्मक आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२/३/११ मा भएको आदेश गैरकानूनी देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०७३२, उत्प्रेषण / परमादेश, रोहितकुमार सहनीसमेत वि. उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जसमेत*

वादी पुरनराय यादवले प्रतिवादी सिताराम सहनीको विरूद्धमा रौतहट जिल्ला अदालतमा २०६९ सालको दे.नं.१२७५ को लेनदेन मुद्दा दायर गरी विवादित कि.नं. १६६ को जग्गा रौतहट जिल्ला अदालतको च.नं. ८०१ मिति २०६८।५।१५ को पत्रबाट रोक्का गरेको र वादीले प्रतिवादीबाट दाबीबमोजिमको सावाँ तथा ब्याजसमेत भराई लिन पाउने ठहर्छ भनी रौतहट जिल्ला अदालतबाट मिति २०६९।१२।२६ मा फैसला भएको देखिन्छ । सो फैसलाउपर प्रतिवादी सिताराम सहनीको पुनरावेदन अदालत हेटौंडामा मुद्दा नं. ०७०-DP-०६२२ मा पुनरावेदन परेकोमा सुरू रौतहट जिल्ला अदालतको मिति २०६९।१२।२६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१।१७ मा फैसला भएको देखियो । सो फैसलापश्चात् मिति २०७१।६।२७ मा वादी पुरनराय यादवले बिगो भरिपाउँमा दरखास्त गरी उक्त रोक्का रहेको कि.नं.१६६ को जग्गाको मिति

२०७१।११।५ मा जायजत र मिति २०७२।१।८ मा पञ्चकृते मूल्याङ्कन मुचुल्कासमेत भई डाँक लिलामको प्रक्रियामा गएको देखिने।

निवेदक कलावती कुमारी साहसमेतले विपक्षी सिताराम सहनीको विरूद्धमा मिति २०७३।१०।३ मा मुद्दा नं. ०७३-CP-१०४५ को अंश मुद्दा दर्ता गरी वादी र प्रतिवादीको बिचमा विवादित कि.नं.१६६ को जग्गा वादीहरूको अंश भागमा पर्ने गरी मिति २०७३।११।३ मा मिलापत्र गरेको भन्ने देखिन आउने।

लेनदेन मुद्दाका वादी पुरनराय यादवले मुद्दा अन्तिम फैसला भएपश्चात् मिति २०७१।६।२७ मा बिगोमा दरखास्त दिई कारबाही सुरू भएपछि ऋणी र अंशियारको बिचमा चलेको अंश मुद्दामा मिति २०७३।११।३ मा मिलापत्र भई लेनदेन मुद्दाबाट रोक्का भएको ऋणीको नामको कि.नं.१६६ को क्षे.फ.०-०-९-१ जग्गा ऋणीबाहेक अन्य अंशियारको भागमा पारी लिए दिएको देखिएको तथा ऋण लिँदा सबै परिवार एकासगोलमा रहे बसेको भन्ने नै देखिन आउने।

निवेदकले अंश मुद्दामा मिलापत्र गरी कि.नं. १६६ को जग्गा अंश पाउने भन्ने देखिएको छ। तर सो मिलापत्र हुनुपूर्व सगोलमा रहेका घरका मुख्य व्यक्ति पति / पिताले लिएको ऋण अदालतबाट भराई पाउने ठहर भएको र लेनदेन मुद्दामा सो कि.नं. १६६ को जग्गा रोक्का रहेको देखिन्छ । लेनदेन मुद्दाबाट भरी पाउने ठहरेको बिगो सोही रोक्का रहेको कि.नं. १६६ को जग्गाबाट भरिपाउँ भन्ने वादीको दर्खास्त परी जायजात मुचुल्का भई पञ्चकृर्ते मूल्याङ्कनसमेतको कारबाही भइसकेको देखिने।

अदालतबाट भएको फैसला समयमा नै कार्यान्वयन हुनु पर्दछ । फैसला कार्यान्वयनको कामलाई असर पार्ने गरी, ढिलो हुने गरी नियोजित रूपमा भएका काम कारबाहीलाई मान्यता दिन मिल्दैन । फैसला कार्यान्वयनबाट नै वास्तविक न्यायको अनुभूति हुने हुँदा फैसला कार्यान्वयनको कारबाहीलाई महत्त्वका साथ हेरिनुपर्ने हुन्छ । प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा लेनदेन मुद्दाको फैसला कार्यान्वयनलाई असर पार्ने गरी अंश मुद्दामा मिलापत्र भएको देखिने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट विपक्षी वादी पुरनराय यादवको बिगो भरिभराउ मुद्दामा कि.नं.१६६ को जग्गाको रोक्का फुकुवा गर्ने गरी भएको तहसिलदारको आदेश बदर गरेको सुरू रौतहट जिल्ला अदालतको मिति २०७४।५।२३ को आदेश मिलेको देखिँदा परिवर्तन गर्नुपरेन भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।१२।१ मा भएको आदेश कानूनविपरीतको नदेखिएको हुँदा उक्त आदेशले निवेदकहरूको हक अधिकारमा आघात पुगेको भन्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०९१४, उत्प्रेषण / परमादेश, कुशेश्वर झासमेत वि. उच्च अदालत विराटनगरसमेत*

मोरङ अटो वर्क्सको तर्फबाट विष्णुकुमार अग्रवालले विराट अटो इन्टरप्राइजेज नेपालको तर्फबाट विनय झासँग मिति २०६६।४।१६ मा यमाहा इन्डष्ट्रिजको मोटरसाइकल तथा सोको पार्टपुर्जा

बिक्री गर्ने सर्तमा अधिकृत बिक्रेताको रूपमा करार सम्झौता गरी विराट अटो इन्टरप्राइजेज नेपाललाई सामान पठाएकोमा सो विराट अटोले २०६७ साल जेठदेखि २०६८ श्रावणसम्मको सामानको भक्तानी दिनुपर्ने कुल रकम रू.२८,९२,०२०।७७ को पटकपटक चेक दिए पनि चेकहरू साट्न खोज्दा भुक्तानी नभई फिर्ता भएको हुँदा प्रतिवादी विराट अटोले वादी साबिकको मोरङ अटो वर्क्स हाल परिवर्तित एम ए.डब्लु इन्टरप्राइजेज प्रा.लि.लाई भुक्तान गर्नुपर्ने सावाँ रू.२८,९२,०२०।७७ र ब्याज रू.११,६९,१०३।६० समेत गरी जम्मा रू.४०,६१,१२४।३७ प्रतिवादी विराट अटोबाट दिलाई भराइपाउँ भन्ने वादी साबिकको मोरङ अटो वर्क्स हाल परिवर्तित एम ए.डब्लु इन्टरप्राइजेज प्रा.लि.को फिराद दाबी भएकोमा मोरङ जिल्ला अदालतबाट मिति २०७२।३।१३ मा वादीले दाबी गरेअनुसारको सावाँ र ब्याजको रकम प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ भनी भएको मुद्दा नं. ०७०-CP-००५१ को करार सम्झौताअनुसारको बिलबमोजिमको रकम दिलाइपाउँ भन्ने मुद्दाको फैसला अन्तिम भएको देखिन आउने।

सो फैसलाअनुसारको बिगो भराइपाउँ भनी वादीले निवेदन दिई प्रतिवादी विनयकुमार झाको बुबा कुशेश्वर झा, आमा शान्तिदेवी झा र भाइ विनयकुमार झासमेतको नाउँको जग्गाहरूबाट बिगो भरिभराउमा कारबाही चलेको देखिन्छ । वादीले प्रतिवादी विनयकुमार झाको नाउँको झापा दमकको जग्गा देखाएकोमा उक्त जग्गाहरू पहिले नै अन्य व्यक्तिका नाउँमा भई गइसकेको भन्ने मालपोत कार्यालय दमक, झापाको च.नं. ८१२५ मिति २०७३।०१।२० को पत्रबाट देखियो । सुरू मुद्दा चल्दाचल्दैको अवस्थामा प्रतिवादी विनयकुमार झाले कुनै प्रतिवाद गरेको भन्ने पनि देखिन नआउने।

कम्पनी ऐन, २०६३ को दफा ९९ को "उपदफा (१) मा कम्पनीको सञ्चालकले कम्पनीमार्फत वा कम्पनीको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने काम गर्न पाउने छैन। उपदफा (२) मा उपदफा (१) को प्रतिकूल हुने गरी कम्पनीको कारोबारको सिलसिलामा कुनै सञ्चालकले व्यक्तिगत फाइदा लिएको भए सो रकम कम्पनीले त्यस्तो सञ्चालकबाट ऋणसरह भराइलिने छ" भन्ने उल्लेख गरेको छ । त्यसै गरी "उपदफा (४) मा कम्पनीका प्रत्येक सञ्चालक तथा पदाधिकारीले आफ्नो पदीय दायित्व निर्वाह गर्दा कम्पनीको स्वार्थ र हितलाई ध्यानमा राखी इमान्दारीपूर्वक असल नियतले काम गर्नुपर्ने छ र सामान्य विवेक र ज्ञान भएको व्यक्तिसरह हिफाजती, सावधानी, बुद्धिमता, कुशलता तथा दक्षताको प्रयोग गर्दछ। उपदफा (५) मा उपदफा (४) को प्रतिकूल हुने गरी बदनियत चिताई कम्पनीलाई हानि नोक्सानी पुग्ने किसिमबाट काम कारबाही गर्ने सञ्चालकबाट कम्पनीलाई हुन गएको हानि नोक्सानीको क्षतिपूर्ति कम्पनीले असुलउपर गरी लिन सक्ने छ" भन्ने व्यवस्था गरेको देखिन्छ । प्रतिवादी विनयकुमार झा सञ्चालक रहेको उक्त विराट अटो इन्टरप्राइजेज नेपाल हाल अस्तित्वमा रहेको छैन भन्ने मिसिल संलग्न प्रमाणबाट समेत देखिन आएकोले उल्लिखित कानूनबमोजिम निज प्रतिवादीले कम्पनी सञ्चालन गरेको भन्नेसमेत देखिन नआउने।

प्रतिवादी विनयकुमार झा यी निवेदक कुशेश्वर झाको एकासगोलको छोरा हुन् भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आउँछ। निज विनयकुमार झाले नै विराट अटो इन्टरप्राइजेज नेपाल प्रा.लि.

नामक कम्पनी खोली निजले नै युनाइटेड फाइनान्स लि.बाट कर्जा लिई कारोबार गरेको र पछि कर्जा चुक्ता भई निवेदकहरूको नाउँको जग्गाहरू नै फुकुवा गरेको भन्ने मिसिलबाट समेत देखिन आएकोले निज विनयकुमार झा परिवारको मूली भई व्यापार व्यवसाय गर्ने व्यक्ति हुन भन्ने देखिन आउँछ। यसरी कम्पनीको नाफा हुँदा पनि सबै परिवारले फाइदा प्राप्त गर्ने र घाटा हुँदा पनि सबै परिवारले बेहोर्ने गरेको भन्ने देखिन आउने।

निवेदकहरूले उल्लेख गरेको बिगो मुद्दाको बिगो भरिभराउसम्बन्धी कारबाही अगाडि बढेको अवस्थामा निवेदकहरू तारेखमा रही निवेदन दाबीका विषयका सम्बन्धमा सोही समयमा नै आफ्नो भनाइ राखी निवेदकहरूले उठाएको कानूनी प्रश्नलगायतको अन्य तथ्यगत विषयमा सो फैसला कार्यान्वयनको कारबाहीको सिलसिलामा मोरङ जिल्ला अदालतबाटै निरूपण हुने अवस्थाको विद्यमानता देखिँदा यी निवेदकहरू कुशेश्वर झा, शान्तिदेवी झा र अजयकुमार झाको नाउँको बिगोमा कारबाहीयुक्त जग्गाहरूको जग्गा रोका फुकुवा गर्नुपर्ने देखिएन भनी मोरङ जिल्ला अदालतबाट मिति २०७४।९।२१ मा भएको आदेशलाई सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७४।१२।२९ को आदेशलाई अन्यथा भन्न नमिल्ने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट निवेदकहरू कुशेश्वर झा, शान्तिदेवी झा र अजयकुमार झाका नाउँको बिगोमा कारबाहीयुक्त जग्गाहरू रोक्का फुकुवा गर्नुपर्ने देखिएन भनी मोरङ जिल्ला अदालतबाट मिति २०७४।९।२१ मा भएको आदेश मिलेको देखिँदा परिवर्तन गर्नुपरेन भनी उच्च अदालत विराटनगरबाट मिति २०७४।१२।२९ मा भएको आदेश कानूनविपरीतको नदेखिएको हुँदा उक्त आदेशले निवेदकहरूको हक अधिकारमा आघात पुगेको भन्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

## ९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-००३५, बन्दीप्रत्यक्षीकरण, सुशीला लिम्बू वि. श्रम तथा रोजगार कार्यालय विराटनगरसमेत*

निवेदकलाई श्रम तथा रोजगार कार्यालय विराटनगरका वरिष्ठ श्रम अधिकृतले च.नं. ५२ मिति २०७६।४।१२ मा जारी गरेको वारेन्टबमोजिम जिल्ला प्रहरी कार्यालय मोरङ मातहतको इलाका प्रहरी कार्यालय पथरीले मिति २०७६।४।२३ मा प्रक्राउ गरेको र प्रहरीको हिरासतमा राखेको तथ्यमा विवाद रहेन। प्रक्राउ गरिएका निवेदकलाई जिल्ला प्रहरी कार्यालयमार्फत श्रम तथा रोजगार कार्यालय विराटनगरमा दाखिला गरेको र श्रम तथा रोजगार कार्यालयको आदेशबमोजिम जिल्ला प्रहरी कार्यालय मोरङको हिरासतमा राखेको भन्ने मिसिल संलग्न कागजातबाट देखिने।

निवेदन दर्ता भएपश्चात् बाटोको म्यादबाहेक ३ दिनभित्र लिखित जवाफ पेस गर्नु भन्ने यस अदालतको आदेशबमोजिम विपक्षी श्रम तथा रोजगार कार्यालय विराटनगर र ऐ.का वरिष्ठ श्रम अधिकृत प्रेम सन्जेलका नाममा यस अदालतबाट जारी गएका म्याद मिति २०७६।५।४ मा तामेल हुँदा लिखित जवाफ पर्न आएको देखिएन। निवेदकतर्फका विद्वान् अधिवक्ताले मिति २०७६।५।९ मा निवेदक थुनाबाट छुटिसकेको भनी इजलाससमक्ष जानकारी

गराउनु भएको देखिने।

बन्दीप्रत्यक्षीकरणको निवेदन संविधान प्रदत्त नागरिकको मौलिक हक वा कानूनी हक हनन गरी कुनै न्यायिक वा अर्धन्यायिक निकाय वा पदाधिकारीले कसैलाई गैरकानूनी थुनामा राखेमा उक्त हकको प्रचलनको लागि गैरकानूनी थुनाबाट मुक्त गर्ने प्रयोजनको लागि जारी गरिन्छ । बन्दी थुनामा नरहेको वा थुनाबाट छुटिसकेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था पर्दैन । निवेदक जुन उपचारको लागि अदालतमा प्रवेश गरेका हुन्, सोही उपचार निवेदकले प्राप्त गरिसकेको देखिने।

अतः निवेदक मिति २०७६।५।९ गते थुनाबाट छुटिसकेको भनी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले इजलाससमक्ष जानकारी गराउनु भएकोले प्रस्तुत निवेदकको औचित्य नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः मदनप्रसाद पराजुली

कम्प्युटर: देवीमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल भदौ १२ गते रोज ५ शुभम्।

## इजलास नं.७

### १

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-WO-००१४, उत्प्रेषण / परमादेश, महेन्द्र साह हलुवाईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकारले मिति २०६५/६/१ गतेदेखि लागु हुने गरी मिति २०६५/६/१९ मा र मिति २०६६/४/१ देखि लागु हुने गरी मिति २०६६/४/४ मा राष्ट्रसेवक कर्मचारीहरूको लागि नयाँ तलबमान कायम गरेको र सो निर्णयको द्रष्टव्यमा मिति २०५७/४/१ भन्दा अघि प्राविधिक पदमा नियुक्ति भई हालसम्म सोही पदमा कार्यरत कर्मचारीहरूबाहेक जुनसुकै प्रक्रियाबाट बढुवा (तह-वृद्धि / स्तर-वृद्धि) भएका कर्मचारीहरूले मिति २०५७/४/१ देखि लागु भएको विशेष व्यवस्थाको प्राविधिक २ ग्रेड नपाउने भनी उल्लेख गरेको पाइयो । सो निर्णयउपर यस अदालतमा परेका निवेदनहरू **(क) रिट निवेदक विन्देश्वर सिंहसमेत वि. अर्थ मन्त्रालयसमेत भएको रिट नं.०६५-WO-०६६८, (ख) रिट निवेदक केशवबहादुर थापा क्षेत्रीसमेत वि. अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत भएको रिट नं.०६५-WO-०३३५/४४२२, (ग) रिट निवेदक धृत नारायण साहसमेत वि. अर्थ मन्त्रालयसमेत भएको रिट नं.०६५-WO-०६९७, (घ) निवेदक पुष्पमुनी बज्राचार्यसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.०६५-WO-१००५, (ङ) रिट निवेदक सत्य नारायण महतोसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको रिट नं.०६७-WO-०७४८** समेतको रिट निवेदनका सन्दर्भमा नेपाल सरकारको मिति २०६५/६/१९ र २०६६/४/४ को निर्णयको द्रष्टव्यबमोजिम प्राविधिक २ ग्रेड नपाउने भन्ने व्यवस्था उत्प्रेषणको आदेशले बदर भई निवेदक कर्मचारीहरूले खाइपाई आएको विशेष प्राविधिक २ ग्रेडको सुविधालाई निरन्तरता दिई नयाँ तलबमान कायम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी भएको देखिन्छ । उपर्युक्तअनुसारका रिट निवेदनहरूका सन्दर्भमा ग्रेड वृद्धि दिने सम्बन्धमा रहेका कानूनी प्रावधान तथा कर्मचारीहरूको वैध अपेक्षा सम्बन्धमा

व्याख्या र विवेचना भई सिद्धान्त कायम भएको देखिने।

यसका अतिरिक्त निवेदक **शान्तिप्रसाद लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०७३-WO-०४०७ को निवेदनसहितका ७९ वटा** छुट्टाछुट्टै दायर भएका रिट निवेदनका सन्दर्भमा पनि यस अदालतबाट निवेदकहरू सरहका कर्मचारीलाई साबिकदेखि खाइपाई आएको प्रविधिक दुई ग्रेडको सुविधा नपाउने गरी भएको नेपाल सरकारको निर्णय उत्प्रेषणको आदेशले बदर गरी "२०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत प्राविधिक २ ग्रेड थप खाइपाई आएका *(रिट निवेदन नगरेका तथा यसबिच सेवा निवृत्त भइसकेका भए निजहरूसमेत निवेदकहरू सरहका सबै प्राविधिक)* कर्मचारीहरूलाई उपर्युक्तअनुसारको ग्रेड सुविधा प्रदान गर्नु, गराउनु" भनी मिति २०७६/१/१५ मा परमादेश जारी भएको देखिन्छ। यसरी २०५७ साल श्रावण १ गतेभन्दा अगाडिदेखि कार्यरत प्राविधिक कर्मचारीले पाउने २ ग्रेड थप सुविधासम्बन्धी प्रश्नको निरूपण यस अदालतबाट माथि उल्लिखित विभिन्न विवादका सन्दर्भमा भइसकेको देखिन्छ। यसरी गरिएको व्याख्यासँग अहिले असहमत हुनुपर्ने कुनै कारण नदेखिने।

अतः निवेदकहरूको मागबमोजिम निजहरूले खाइपाई आएको प्राविधिक २ ग्रेड सुविधा नपाउने गरी भएको नेपाल सरकारको मिति २०६५/६/१९ र २०६६/४/४ को निर्णयको द्रष्टव्यमा उल्लेख गरिएको बेहोरा यस अदालतबाट पहिले जारी गरिएका उत्प्रेषणको आदेशको परिणामस्वरूप बदर भइसकेको देखियो। यसरी यसै अदालतबाट बदर भइसकेको निर्णय बेहोरा बदर गर्ने कुराको हदसम्म अहिले पुनः उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। निवेदकहरूलाई निजहरूसरहका अन्य कर्मचारीले पाएसरहको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्नु न्यायोचित देखिँदैन; त्यसरी वञ्चित गरिएमा भेदभावपूर्ण व्यवहार हुन जाने देखिन्छ। तसर्थ, निवेदकहरूलाई उल्लिखित २ ग्रेड बराबरको सुविधा नदिने, सो ग्रेडलाई निवृत्तिभरण प्रयोजनका लागि गणना नगर्ने गरी भए गरिएका विपक्षीहरूको काम कारबाही तथा निर्णय उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब निवेदकहरूले साबिकदेखि खाइपाई आएको प्राविधिक २ ग्रेड बराबरको सुविधा निजहरू कार्यरत रहेको अवस्थामा भुक्तानी गर्न बाँकी भए सो बाँकी रकम भुक्तानी गर्नु र निवेदकहरूलाई निवृत्तिभरण प्रदान गर्दा उल्लिखित दुई ग्रेड बराबर हुन आउने रकमसमेत गणना गरी निवृत्तिभरण प्रदान गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी / बिना गौतम
कम्प्युटर: विजय खड्का
इति संवत् २०७६ साल पौष २० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०६९-WO-०७८४, उत्प्रेषण / परमादेश, गौरी नारायण साह वि. महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथसमेत*

प्रतिवादी राम पदारथ शाह, मनोजकुमार साह, अशोककुमार साह, दिलिपकुमार साहले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार गरी बयान गरेको र मौकामा बुझिएका देवनारायण पासवानसमेतले जाहेरवालाको घरमा डाँका भएको छैन भन्ने लेखाई दिएको देखिन्छ। जाहेरवालाको छोरा विनोदकुमार

साहसमेत उपर घरको छतबाट गोली प्रहार गरी धिरेनकुमार साहसमेत घाइते भएको विषयमा धिरेन साह तेली र मनोजकुमार साह तेलीको जाहेरी परी गौरी नारायण साहको छोरा विनोदकुमार साहसमेत उपर सर्लाही जिल्ला अदालतसमक्ष २०६७।६।२१ गते ज्यानमार्ने उद्योग मुद्दा दर्ता भएको देखियो । निवेदकको जाहेरीउपर अनुसन्धान हुँदा सबुद प्रमाणको अभाव र हदम्यादको कारणले समेत मुद्दा चल्न सक्ने अवस्था नरहेको भनी मुद्दा नचल्ने निर्णय भएको देखियो । मुद्दाको सबुद प्रमाणको मूल्याङ्कन र औचित्यताको आधारमा मुद्दा चल्न सक्ने नसक्ने निर्णय गर्ने अन्तिम अधिकार कानून एवम् संविधानले महान्यायाधिवक्तालाई दिएको हुँदा पछि पनि प्रमाण फेला परेमा मुद्दा चल्न सक्ने नै देखिने।

निवेदक गौरीनारायण साहले डाँका जस्तो गम्भीर प्रकृतिको अपराधमा जाहेरी दरखास्त दर्ता गर्दा प्रमाणसमेत उल्लेख गरेर जाहेरी दरखास्त दिनुपर्नेमा मिति २०६६।११।१७ गते राति राम पदारथ शाह, मनोजकुमार साह, अशोककुमार साह, दिलिपकुमार साहसमेतका १० जनाले आफ्नो घरमा डाँका गरेको भनी जाहेरी दरखास्त दर्ता गर्दा दसी प्रमाण केही पनि उल्लेख नगरी जाहेरी दर्ता गर्न लगेको अवस्थासमेत देखियो । मिति २०६६।११।१७ मा डाँका वारदात भएको बेहोरा उल्लेख गरी ९ महिनाभन्दा पछि मिति २०६७।९।१ गते डाँका मुद्दाको जाहेरी दर्ता भई अनुसन्धान हुँदा प्रमाणविहीन जाहेरी दरखास्तसमेत देखिँदा मुद्दा चलाउनुपर्ने कुनै आधार कारण नभएको भनी मुद्दा नचलाउने गरी निर्णय भएको देखिने।

डाँका मुद्दाको जाहेरी दर्ता भई अनुसन्धान तहकिकात हुँदा मुद्दा चलाउनुपर्ने कुनै आधार, कारण नभएको भनी जिल्ला सरकारी वकिल कार्यालय सर्लाहीले मुद्दा नचल्ने गरी मिति २०६८।०३।०९ मा गरेको निर्णय निकासाको लागि पठाएकोमा पुनरावेदन सरकारी वकिलको कार्यालय जनकपुरबाट मिति २०६८।४।१९ मा मुद्दा नचलाउने निर्णय सदर भएको र सो निर्णय निकासार्थ पठाएकोमा महान्यायाधिवक्ताको कार्यालयसमेतबाट मिति २०६८।५।९ मा सदर भइसकेको देखिएको अवस्थामा उक्त निर्णय बदर गरी मुद्दा चलाउन परमादेश जारी गरिपाउँ भन्ने निवेदकका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर ५ गते रोज ५ शुभम्।

## ३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७३-WO-०८६६, उत्प्रेषण, मोतिबहादुर नेपाल वि. जिल्ला प्रशासन कार्यालय कञ्चनपुरसमेत*

डाँका चोरीको कारणबाट भएको क्षतिपूर्ति दाबी गरी रिट निवेदन पर्न आएको पाइयो । विपक्षीहरूले पेस गरेको लिखित जवाफ तथा विपक्षीहरूको तर्फबाट बहसका लागि उपस्थित विद्वान् सहन्यायाधिवक्ताले मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिमको कसुर भएकोले सामान्य न्यायिक प्रक्रियाबाट कारबाही भई निवेदकको डाँका चोरी भएको बिगो कसुरदारबाट भरिभराउ हुने हो, यो रिट क्षेत्राधिकारबाट हेरिने विषय होइन भनी जिकिर लिनु भएको देखियो। मिसिल कागजात हेर्दा निवेदकसमेतको घरमा मिति २०६६/११/२८ मा डाँका चोरीको वारदात भएको भन्ने तथ्य प्रस्तुत

हुन आएको छ । वारदात भएको अहिले करिब १० वर्षसम्म पनि सो वारदातका कसुरदारहरू पक्राउ परेको र निजहरू कसैबाट बिगो भरिभराउ गर्नेतर्फ कुनै कार्य भएको अवस्था देखिँदैन । पीडितउपर उचित समयमा न्याय हुन नसकेको अवस्था देखिन आएको छ । यस अवस्थामा अपराधबाट पीडित भएको व्यक्तिले आफ्नो हक अधिकारको प्रचलनका लागि संविधानद्वारा निर्दिष्ट मार्ग अपनाई न्यायिक उपचार खोज्नुलाई अनुचित मान्न मिल्ने नदेखिने ।

रिट निवेदकले क्षतिपूर्तिका लागि निवेदन गरेको र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिबाट सिफारिस भई मिति २०६७/१/१३, २०६७/९/२७, २०६८/७/२०, २०७०/५/१८, २०७१/११/१७, २०७३/१/२० र २०७३/५/१७ समेतमा गरी पटकपटक नेपाल सरकार, गृह मन्त्रालयमा निवेदन गरेको, तर कुनै निर्णय निकासा नभएको भन्ने तथ्य प्रस्तुत हुन आएको छ । एउटा अपराध-पीडित नागरिकले वर्षौंसम्म पटकपटक अनुरोध गर्दासमेत कुनै प्रकारको निर्णय निकासा नदिई अनिर्णयको अवस्थामा रहनु मनासिब हुँदैन । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १५ मा यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनबमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी उपयुक्त समयावधिभित्र निर्णय गर्नुपर्ने व्यवस्था रहेको छ । प्रस्तुत विषयमा ऐनले तोकेअनुसारको "मनासिब" समयभित्र निर्णय गरिएको नपाइने ।

नागरिकको जिउ-धनको सुरक्षा गर्ने दायित्व राज्यको हो । नागरिकको जीवन, स्वतन्त्रता र सम्पत्तिको संरक्षण गर्नमा राज्यको तर्फबाट रहन गएका कमी-कमजोरीको परिणामस्वरूप पर्न गएको हानि-नोक्सानीको दायित्व राज्यले वहन गर्नु लोक कल्याणकारी र उत्तरदायी राज्यको अवधारणाअनुकूलको कार्य हुन्छ । पीडितशास्त्रको आधुनिक मान्यताअनुसार हेर्दा पनि कुनै फौजदारी कार्यको परिणामस्वरूप नागरिकउपर पर्न गएको पीडाको सम्बोधन राज्यको तर्फबाट गरिनु आवश्यक ठानिन्छ । नेपालको संवधानको धारा २१ मा समेत अपराध पीडितको हकलाई मौलिक हकको रूपमा मान्यता प्रदान गरिएको छ र अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुने तथा अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक प्रदान गरिएको छ । संविधानमा रहेको उल्लिखित प्रावधानको कार्यान्वयनका लागि अपराध पीडित संरक्षण ऐन, २०७५ समेत जारी भइसकेको देखिन्छ । उक्त ऐनको प्रस्तावनामा "नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रक्रियाको अभिन्न अङ्गको रूपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने र कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था गरी अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसुरको परिणाम स्वरूप बेहोर्नुपरेको क्षतिबापत पीडितलाई क्षतिपूर्तिसमेतको व्यवस्था गरी पीडितको हक हितको संरक्षण गर्ने" कुरा उल्लेख भएको छ । ऐनमा पीडितको हक प्रचलनसम्बन्धी

प्रक्रियासहितका विविध प्रावधानहरू समावेश गरिएका छन् । यसरी अपराध-पीडितको हक प्रचलन र हितको संरक्षणका लागि संविधान तथा ऐनमा केही आधारभूत प्रावधानहरू समावेश भएका छन् । अब यसको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने महत्त्वपूर्ण जिम्मेवारी विपक्षीहरूसमेतका राज्यका विभिन्न निकायहरूमा रहेको देखिने।

अपराध पीडितको हक-हित संरक्षण गर्ने विधिशास्त्रीय अभ्यास हाम्रा लागि केही नौलो विषय भन्ने पनि प्रतित हुन सक्दछ । अपराध-पीडितको अधिकार र न्यायिक प्रक्रियामा रहने भूमिकालाई सीमित रूपमा मात्र ग्रहण गर्ने गरिएको हाम्रो परम्परागत अभ्यासमा अहिले रूपान्तरणको आवश्यकता देखिएको छ । पीडितलाई क्षतिपूर्ति भराउने अवस्था, पीडितको न्यायोचित वर्गीकरण, पुनःस्थापनाका कुराहरू, यससम्बन्धी मापदण्ड, संस्थागत जिम्मेवारीको किटानी, वित्तीय व्यवस्थापन, प्रक्रिया निर्धारणलगायतका कतिपय अन्य व्यवस्थापनसँग सम्बन्धित पक्षमा समेत सम्बोधन गरिनुपर्ने अवस्था छ। कस्तो अवस्थाका व्यक्तिलाई पीडित मानेर के कुन निकाय वा व्यक्तिबाट क्षतिपूर्ति दिने, दिलाउने हो भन्ने कुराको नीतिगत तथा प्रक्रियागत व्यवस्थापन गरिनु वाञ्छनीय छ। खासगरी पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडकको पहिचान नै हुन नसकेको वा पीडक फरार रहेको वा यस्तै अन्य विशेष परिस्थितिमा क्षतिपूर्ति भराउने कुरालाई हेर्ने दृष्टिकोण र सामान्य अवस्थामा अपनाउने दृष्टिकोणका बिच केही फरक मापदण्ड अपनाउनुपर्ने पनि हुन सक्दछ। उल्लिखित समग्र पक्षमा विचार गरी स्पष्ट नीति तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यक देखिने।

अतः निवेदक मोतिबहादुर नेपालले पेस गरेको निवेदनउपर न्यायोचित रूपमा विचार गरी समयमा नै निर्णय निकासा दिनु आवश्यक देखिँदा निजको निवेदन मागबमोजिम डाँका चोरी भएको सम्बन्धमा क्षतिपूर्ति दिनु, दिलाउनुपर्ने हो वा होइन ? निजसरहका अन्य अपराध-पीडितहरूको सम्बन्धमा के हुने वा गर्ने हो ? भन्नेसमेतका विषयमा कानूनबमोजिम निर्णय गर्नु साथै, अन्य अपराध-पीडितहरूलाई दिइने क्षतिपूर्ति, पुनःस्थापनालगायतका पीडित संरक्षणका विविध पक्षमा नेपालको संविधानको धारा २१ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ मा रहेका प्रावधानहरूको उद्देश्यमूलक, न्यायोचित र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत स्पष्टता कायम गरी निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल मङ्सिर ५ गते रोज ५ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७३-CR-१३७०, ०७४-RC-००३७, कर्तव्य ज्यान, नेपाल सरकार वि. गौरव भन्ने गौलकुमार राईसमेत, नेपाल सरकार वि. हरिबहादुर राई

प्रस्तुत मुद्दामा प्रतिवादीहरूमध्येका गौलकुमार राईले आफ्नो छोरालाई तह लगाउन

भनी प्रतिवादी तुलसीकुमार राईलाई रू.५,०००।– दिएको र तुलसीकुमारले रू.५,०००।– प्रतिवादी गौलकुमार राईबाट लिई अन्य प्रतिवादीहरूलाई दिएको कुरा स्वीकार गरेको अवस्था छ । साथै मृतकलाई खाल्डो खनी दबाउने कार्यमा पनि दुवैजनाको संलग्नता रहेको कुरा पनि निजहरूको बयानबाट समर्थन भइरहेको नै देखिन्छ । प्रतिवादी गौलकुमार राईले आफ्नो छोरा मृतक बिर्खबहादुर राईलाई तह लगाइदिनुपर्‍यो भनी तुलसीकुमार राईलाई भन्दा तुलसीकुमार राईले सो कार्य गर्नमा सामेल भई रू.५,०००।– समेत लिई अन्य व्यक्तिहरूलाई सो कार्य गर्न लगाएको मिसिल संलग्न प्रमाणहरूबाट देखिएको हुँदा निज प्रतिवादी गौरव भन्ने गौलकुमार राई मृतक बिर्खबहादुर राईलाई कुटपिट गराउने षड्यन्त्रमा मुख्य भई र प्रतिवादी तुलसीकुमार राईले मृतकलाई कुटपिट गर्न अन्य मानिस खोजिदिने कार्य गरेको देखिन आएको, तर मृतकलाई कुटपिट गरी ज्यान मार्ने कार्यमा सामेल रहेको भन्ने देखिन नआएबाट निजहरूको कसुरको मात्राका आधारमा प्रतिवादीहरूले गरेको उल्लिखित कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरसम्म गरेको देखिँदा प्रतिवादीहरूमध्येका गौरव भन्ने गौलकुमार राईलाई उल्लिखित व्यवस्थाबमोजिम १५ (पन्ध्र) वर्ष कैद र प्रतिवादी तुलसीकुमार राईलाई १० (दश) वर्ष कैद हुने ठहराई भएको फैसलामा अन्यथा भन्नुपर्ने नदेखिने।

सुरू अदालतमा बयान गर्दा आफू वारदात स्थलमा नगएको, मृतकलाई गाड्ने दबाउने कार्यमा समेत आफ्नो संलग्नता नभएको, साथीहरूसँग बजार गएकोमा बाटोमा साथीहरूले अब मान्छे कुट्नुपर्छ भनेकोसम्म सुनेको हो तर कसलाई कुट्ने भन्ने थाहा नभएको भनी कसुर गरेकोमा पूर्ण इन्कार भई बयान गरेको पाइए तापनि प्रतिवादी शकुन्तला राईले अदालतसमक्ष बयान गर्दा भिम राईसमेत भई मृत लास बारीमा खाल्डो खनी ढुङ्गाको बाकस बनाई गाडेको हो भनी लेखाएको र प्रतिवादी हरिबहादुर राईले अदालतसमक्ष बयान गर्दा भिम भन्ने निलम राई वारदातस्थलमा भएको तर मृतकलाई कुटपिट नगरेको भन्ने बेहोरा लेखाएबाट निजको समेत वारदात स्थलमा संलग्नता देखिनुको साथै निजको बयान बेहोराबाट सो वारदातको सम्बन्धमा निजलाई सुरूमै जानकारी भएको भन्ने देखिन आएकोले प्रतिवादी डम्बरबहादुर राई र भिम भन्ने निलम राईले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुर गरेको देखिँदा निजहरूलाई ऐ. १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद हुने ठहर भएको सुरू संखुवासभा जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेकै देखिन आएको।

मौकामा भएको बयान बेहोरालाई समर्थन गर्दै आफू तथा अन्य प्रतिवादीहरूसमेत भई कुटपिट गरी बिर्खबहादुरलाई वारदात स्थलमा घाइते अवस्थामा छाडेर गएको कुरा स्वीकार गरी अदालतसमेतमा आफ्नो बयान बेहोरा लेखाएको देखिन्छ । प्रतिवादी हरिबहादुर राईको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको देखिएको हुँदा निज प्रतिवादी हरिबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहराई भएको सुरू संखुवासभा जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत विराटनगर, धनकुटा

इजलासबाट भएको फैसला मिलेकै देखिन आएको।

अतः माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीहरूमध्येका गौरव भन्ने गौलकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद र प्रतिवादी तुलसीकुमार राईलाई १० (दश) वर्ष कैद, प्रतिवादी हरिबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम जन्मकैद हुने, प्रतिवादी डम्बरबहादुर राई र भिम भन्ने निलम राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद हुने ठहराएको सुरू संखुवासभा जिल्ला अदालतबाट भएको मिति २०७२।६।५ को फैसला सदर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७३।८।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

इतिसंवत् २०७७ साल कात्तिक २० गते रोज ५ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७३-CI-१५८२, अंश, डम्बरदत्त जोशसमेत वि. जितराज जोशीसमेत

प्रस्तुत मुद्दाका ३ भाइ छोराहरू डम्बरदत्त जोशी, जीतराज जोशी र उद्धवराज जोशी तथा आमा राधादेवीसहित ४ जना मूल अंशियारहरू रहेको भए तापनि इजलासमा बहसको क्रममा प्रस्तुत मुद्दाका कानून व्यवसायीले यी वादी प्रतिवादीकी आमा राधादेवीको मिति २०७५।०३।२९ मा मृत्यु भइसकेको छ भनी स्थानीय पञ्जिकाधिकारीको कार्यालय डडेल्धुरा वडा नं. ७ को दर्ता नं. १४ मिति २०७६।२।८ को मृत्युदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुभएको हुँदा उक्त कि.नं. ४०७ को जग्गा आमा राधादेवीबाहेकका अन्य ३ भाइ छोराहरू डम्बरदत्त जोशी, जीतराज जोशी र उद्धवराज जोशीको नाउँमा बराबर बन्डा गर्नुपर्ने।

तसर्थ, माथि उल्लिखित आधार, कारणसमेतबाट सुकुम्बासी समस्या समाधान आयोगबाट मिति २०५५।९।३ मा तयार भएको फिल्डबुकमा कि.नं. ४०७ को जग्गा जितराज जोशी, उद्धवराज जोशी र डम्बरदत्त जोशीको नाउँमा संयुक्त रूपमा नाम उल्लेख भएको अवस्थामा फिल्डबुकलाई नै जग्गाको आधिकारिक प्रमाण मानी उक्त कि.नं. ४०७ को जग्गालाई अन्य अंशियारहरूमा समेत बराबर बन्डा गर्नुपर्नेमा कि.नं. ४०७ को जग्गा र सोमा बनेको घरसमेतका जग्गाहरूलाई बाहेक गरी अन्य तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई मात्र बराबर बन्डा लाग्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०।१२।१९ को फैसला सोहदसम्म केही उटी भई उक्त कि.नं. ४०७ को जग्गा वादीहरू डम्बरदत्त जोशी र उद्धवराज जोशी तथा प्रतिवादी जीतराज जोशीको नाउँमा ३ भाग बराबर बन्डा लाग्ने ठहर्छ। साथै सुकुम्बासी समस्या समाधान आयोगबाट मिति २०५५।९।३ मा तयार भएको फिल्डबुकमा कि.नं. १११४ को जग्गा प्रतिवादी जितराज जोशीकी श्रीमती पार्वतीदेवी जोशीका नाउँमा एकलौटी रूपमा नाम उल्लेख भएको देखिएको हुँदा उक्त कि.नं.१११४ को जग्गा बन्डा लाग्ने वा नलाग्ने भनेर बोल्ने अवस्था रहँदैन भनी गरेको तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०।१२।१९ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: रेखा भट्टराई

इतिसंवत् २०७७ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०६७-WO-१०२१, उत्प्रेषण, रमिला विष्ट वि. नापी कार्यालय, ललितपुरसमेत

प्रस्तुत विवादमा निवेदिकाले नापी कार्यालय, ललितपुरले क्षेत्राधिकार नाघेर नक्सा संशोधन गरेको, त्यसरी संशोधन गर्दा आफूलाई कुनै सूचना, जानकारी नै नदिएको भनी दाबी लिए पनि नापी कार्यालय, ललितपुरले मिति २०६४/१२/१० मा साबिक २०२१ सालमा तयार भएको नक्सा संशोधन गरेको नभई सो नक्सा पुरानो जीर्ण भएकोले साबिकअनुसारको दुरूस्त अर्को नक्सा तयार गर्ने निर्णय भएको र सो निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत नभएको भन्ने कुरा माथिका प्रकरणहरूमा पुष्टि भइसकेको हुँदा त्यसतर्फ थप केही बोलिरहनुपर्ने अवस्था देखिएन। अब नापी कार्यालयले साबिकबमोजिमको अर्को नक्सा बनाउन पाउने हो वा होइन भन्ने सन्दर्भमा विचार गर्दा नापी कार्यालयमा हुने नक्सा सर्वसाधारण जनताको दैनिक प्रयोगमा आउने सार्वजिनक सरोकारको विषय भएकोले चुस्त दुरूस्त रूपमा रहेको हुनुपर्छ। कार्यालयमा रहेका कागजातलाई सुरक्षित राख्नु, अस्वाभाविक पुरानो, जीर्ण भएको खण्डमा दुरूस्त रूपमा अर्को तयार गर्नु हरेक कार्यालय वा पदाधिकारीको जिम्मेवारी एवम् दायित्वअन्तर्गत पर्दछ। यसैअनुरूप नापी कार्यालयले पुरानो जीर्ण भइसकेको साबिक नक्सालाई सुरक्षित गर्ने अभिप्रायले हुबहु त्यसको अर्को प्रति तयार गर्ने निर्णय गर्दा कार्यालय प्रमुखले पदीय दायित्व पूरा नगरेको वा बदनियत राखेको वा अधिकारको दुरूपयोग गरेको भन्ने नदेखिँदा निवेदन मागअनुसारको आदेश जारी हुने अवस्था नदेखिने।

तसर्थ, माथि विभिन्न प्रकरणहरूमा उल्लिखित तथ्यहरूबाट नापी कार्यालयले साबिक नक्सालाई संशोधन गरेको भन्ने निवेदकको दाबी नै स्थापित हुन नसकेको स्थिति हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७७ साल पौष ५ गते रोज १ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७१-CI-०८४१, हालको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, नारायण ठाकुर वि. सुनिता खनाल ठाकुर

प्रस्तुत मुद्दाको तथ्यगत आधारमा हेर्दा विवादित जग्गा प्रतिवादीको निजी आर्जनअन्तर्गतको वा दाइजो पेवाअन्तर्गतको वा आफ्नो पालामा आफैँले आर्जन गरी कमाएको सम्पत्ति नभई साबिकमा यी पुनरावेदक / वादीको बाबु रामप्रसाद ठाकुरको नामबाट राजीनामाको माध्यमबाट अन्यत्र गएको र त्यसको करिब साढे पाँच वर्षपछि पुनः पुनरावेदक / वादीको आमा कलसियादेवीको नाउँमा राजीनामाकै माध्यमबाट फिर्ता आएको देखिएको।

पुनरावेदक / वादीका आमा वा बाबु जोसुकैको नाममा रहेको सम्पत्ति भए पनि निजहरूका छोराछोरीहरूको लागि स्वतः अंश लाग्ने पैतृक सम्पत्ति देखिएको अवस्थामा त्यसरी अंश हक लाग्ने जग्गा प्रत्यर्थी / प्रतिवादी सुनिता खनाल ठाकुरलाई हक हस्तान्तरण गर्दा अंशियार छोराहरूको मन्जुरी नलिएको कार्यलाई कानूनसम्मत भन्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार कारणसमेतबाट विवादित कि.नं. ३९४ र ४४० प्रतिवादी कलसियादेवीले आफ्नो पालामा आर्जन गरेको हुँदा साबिक मुलुकी ऐन, अंशबन्डाको महलको १९(२) नं. अनुसार आफ्नो खुसी गर्न पाउनेअन्तर्गतको सम्पत्ति अर्का प्रतिवादी सुनिता खनाल ठाकुरलाई हालको बकसपत्र गरिदिएको भन्ने आधारमा सुरू सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७१।३।२४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने । वादी दाबीबमोजिम पारित लिखतको ५ खण्डको ३ खण्ड बदर गर्ने गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इतिसंवत् २०७७ साल मङ्सिर ११ गते रोज ५ शुभम्।

## इजलास नं.९

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०८२४, मोही लगतकट्टा, श्रीनारायण यादव वि. रामोदेवी ठाकुर

वादी श्रीनारायण यादवको कित्ता नं. ८८ को जग्गा मोही हरिहर ठाकुरले कमाई आएको कुरामा विवाद नदेखिएको र निज मोही हरिहर ठाकुरको मृत्यु मिति २०५४।१०।२५ मा अविवाहित अवस्थामै भएको कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिँदा सुरू भूमि सुधार कार्यालयले सो भूमिसम्बन्धी ऐनको दफा २६(१) अनुसार जग्गाधनीले मोहीको मृत्युपश्चात् मोही रोज्नेतर्फ विचार गरी निर्णय गर्नुपर्नेमा मोही रोजेको अवस्था नदेखिएको, जग्गावालाले मृतक मोहीको एकासगोलका हकवाला दाजु बसन्त ठाकुर भई निजको पनि तत्काल मृत्यु भएको कारण मोही नामसारी हुन नसकेको अवस्थामा बाँकी निर्विवादित हकवाला मोहीकी भाउजू यी प्रतिवादी रामोदेवी ठाकुर भएकोले सोतर्फ विचार गरी प्रमाण र कानून बुझी सो कित्ता नं.८८ को जग्गाको मोही नामसारीसमेत गरी दिनुपर्नेमा सो नगरी मोही लगत कट्टा हुने ठहऱ्याएको सुरू भूमि सुधार कार्यालयको फैसला भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा गरेको व्यवस्था र ने.का.प.२०६१, नि.नं.७३३८, पृष्ठ २२७ मा जोत नामसारी मुद्दामा प्रतिपादन भएको नजिरको सिद्धान्तविपरीत देखिन आएकोले सुरू भूमि सुधार कार्यालय, सप्तरीबाट मिति २०६८।६।२७ मा कित्ता नं.८८ को जग्गाको मोही लगतकट्टा हुने गरी भएको निर्णयलाई पुनरावेदन अदालत राजविराजबाट उल्टी हुने ठहऱ्याई भएको फैसला कानून र न्यायको रोहमा अन्यथा देखिन नआउने ।

सुरू भूमि सुधार कार्यालय सप्तरीबाट मिति २०६८/६/२७ मा मोही लगतकट्टा हुने गरी भएको निर्णयलाई पुनरावेदन अदालत राजविराजबाट उल्टी हुने ठहऱ्याई भएको मिति २०७०/३/३१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष १० गते रोज् ५ शुभम्।

- यसै लगाउको ०७०-CI-०८२४, मोही लगतकट्टा, श्रीनारायण यादव वि. रामोदेवी ठाकुर भएको मुद्दामा समेत यसै प्रकारको फैसला भएको छ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०१००, *बन्दीप्रत्यक्षीकरण, रिता भण्डारी वि. प्राड विवाक भद्रकाली, काठमाडौंसमेत*

हत्या र बलात्कार जस्तो अपराधहरूका विभिन्न चरण तथा प्रकृतिहरू रहेको हुन्छ । उदाहरणको लागि हत्या सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१२ मा ज्यानसम्बन्धी कसुरअन्तर्गत नियतपूर्वक ज्यान मार्ने वा मार्ने कुनै काम गर्ने कार्य, उत्तेजना वा रिसको आवेगबाट ज्यान लिएको अवस्था, लापरवाहीपूर्वक वा हेलचेक्र्याइँ गरी ज्यान मारेको अवस्थालगायत ज्यान मार्ने नियतले उद्योग गरेको अवस्थाहरूलाई समेत समेटेको देखिन्छ । कुनै पनि अपराधको उद्योग त्यसको पूर्णतासँग आबद्ध हुँदा कुनै व्यक्तिको हत्यासम्बन्धी कसुरअन्तर्गतका विभिन्न चरण, प्रकृति तथा उद्योगसमेत सैनिक ऐन, २०६३ को दफा ६६ को उपदफा (१) ले बाहेक गरेको कसुरभित्र पर्ने देखिन्छ। यस्तै बलात्कार सम्बन्धमा ऐ. संहिताको दफा २१९ को परिच्छेद-१८ मा करणीसम्बन्धी कसुरबारे व्यवस्था र परिभाषा गर्दै पीडितको उमेरको आधारमा सजायको मात्राको वर्गीकरण गरिएको तथा वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा समेत पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पनि कैद सजाय हुने व्यवस्था गरिएको छ भने ऐ. ऐनको दफा ३४ को उपदफा (३) मा कसुर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसुरको लागि तोकिएको सजायको आधा सजाय हुने व्यवस्थाबाट सैनिक ऐन, २०६३ को दफा ६६ मा प्रयुक्त हत्या वा बलात्कारको कसुरअन्तर्गत त्यस्तो कसुरले पूर्णता नपाएको अवस्थामा त्यस्तो कसुर गर्ने उद्योग सामान्य अदालतको नभई सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्दछ भन्ने विपक्षीतर्फका कानून व्यवसायीको तर्कसँग सहमत हुन सकिएन । यसरी बलात्कार अर्थात् जबरजस्ती करणी उद्योग सैनिक ऐन, २०६३ को दफा ६६ को उपदफा (१) को दायरामा पर्छ, पर्दैन भन्ने प्रश्नको सम्बन्धमा निष्कर्षमा पुग्दा बलात्कार अर्थात् जबरजस्ती करणीको कसुरभित्र मुलुकी अपराध संहिता, २०७४ को दफा ३४ मा उल्लिखित उद्योगसम्बन्धी कार्यहरूसमेत पर्ने नै हुँदा जबरजस्ती करणी उद्योग सैनिक अदालतको क्षेत्राधिकार नभई सामान्य अदालतको क्षेत्राधिकारभित्रै पर्ने देखिन आउने।

जबरजस्ती करणी उद्योग जस्तो अपराधमा तत्कालको अनुसन्धानबाट प्राप्त प्रमाणको परीक्षण, पीडितको बकपत्र, अभियुक्तको बयान समयमै गरी सक्नुपर्ने अवस्था रहन्छ । अर्कोतर्फ पीडित नाबालिक रहेको, एक पटक बकपत्र गरिसकेको अभिभावकले नियमानुसार जाहेरी दरखास्तसमेत दिइसकेकोले पुनः यसैमा बयान बकपत्र गराउँदा पीडित अझै पीडित बन्नुपर्ने अवस्थाको सिर्जना हुन्छ, त्यसबाट पीडितको व्यक्तिगत जीवनमा थप जटिलता सिर्जना गराउनेसमेतको प्रतिकूल प्रभाव पर्नेसमेत देखिन्छ । प्रस्तुत वारदातबाट सिर्जित अपराधको कसुरको प्रकृति पीडितको जीवनपर्यन्तसम्म प्रभाव छोड्ने खालको भएकोले यसको कारबाहीको प्रक्रिया नै सामान्य प्रकृतिको नभई गोप्यतालाई प्राथमिकतामा राखी कार्यविधि अगाडि बढाउनुपर्ने भएका अवस्थासमेत यस सन्दर्भमा विचाराधीन देखिन्छ । "न्याय गरेर

मात्र हुँदैन गरेको पनि देखिनुपर्छ भन्ने" न्यायको सर्वमान्य सिद्धान्तसमेतबाट संविधानले प्रत्याभूत गरेको अपराध पीडितले सामाजिक पुनर्स्थापना हुन पाउने मौलिक हकको कुठाराघात भई न्यायप्रतिको विश्वासमा पनि कमी आउने अवस्थासमेतलाई प्रस्तुत सन्दर्भमा मनन गर्नुपर्ने हुन्छ । मौकामै जाहेरी दरखास्त पेस गरेको देखिँदा पीडित न्यायको परिप्रेक्ष्यबाट हेर्दासमेत मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार कारबाही हुनुपर्ने देखिँदा प्रस्तुत मुद्दामा पेस भएको जाहेरी दरखास्त, प्रहरीले बुझाएका प्रमाणहरू सक्कलै र अभियोजन गर्दा पेस भएका सम्पूर्ण कागजातहरूको प्रमाणित कागज साथै राखी कारागार कार्यालय धादिङवेशी धादिङबाट जिल्ला प्रहरी कार्यालयमा तत्काल बुझाई वा बुझाउन लगाई मुद्दाको कारबाही अगाडि बढाउनुपर्ने देखियो। सो स्थिति र अवस्थामा मिसिल बुझाउने प्रक्रियाले हदम्यादको प्रश्न उठ्न स्वाभाविक नै देखिए तापनि हदम्यादको सम्बन्धमा हेर्दा मुलुकी फौजदारी संहिता, २०७४ को दफा २१८ को हदम्यादभित्रै पीडितको तर्फबाट जाहेरी परेको हुँदा नेपाली सेनालाई हस्तान्तरण गरेको मितिदेखि यो आदेश मितिसम्मलाई अनुसन्धान तहकिकातको अवधिमा गणना नगरी मिसिलमा आवश्यक देखिएको अनुसन्धानको पाटोलाई पूर्णता दिन सो सम्बन्धमा लगत कसी राखेको न्यायिक हिरासतबाट अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालय, लमजुङलाई आवश्यक कागजातसहित बुझाउनु भनी परमादेश जारी गरिदिएको छ । तसर्थ, निवेदकको मागबमोजिमको साधारण अधिकारक्षेत्रबाट मुद्दाको सुनुवाइ हुनुपर्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश तथा निवेदकको मागबमोजिमका अन्य आदेश जारी गर्नु नपर्ने ।

अब सैनिक ऐन, २०६३ बमोजिमका कारबाही सम्बन्धमा विचार गर्दा, सैनिक सेवा जस्तो मर्यादित र चेन अफ कमान्डमा चल्ने संस्थामा अनुशासन तथा आचरणको उच्च महत्त्व देखिन्छ । सैनिक ऐन, २०६३ को दफा ५२ सैनिक सेवामा रहेका व्यक्तिको अनुशासन र आचारणसम्बन्धी कसुरसँग सम्बन्धित रहेको देखिएको, सैनिकको अनुशासन र आचरणसम्बन्धी विवादमा सैनिक ऐनबमोजिम अधिकारप्राप्त निकायले निर्णय र फैसला गर्न सक्ने कुरामा कुनै बन्देज नरहेको र सो आचरणसम्बन्धी विषयमा कारबाही र किनारा गर्ने कार्य सो सैनिक ऐन, २०६३ को क्षेत्राधिकारभित्र पर्ने देखिँदा यी निवेदकलाई आचरण सम्बन्धमा गरिएको कारबाहीको सम्बन्धमा तथा समरी जनरल सैनिक अदालतको फैसलाउपर सैनिक विशेष अदालतमा परेको पुनरावेदनमा सोही अदालतबाट हेरिने हुँदा यस निवेदनबाट केही बोलिरहनु नपर्ने ।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल वैशाख १३ गते रोज २ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-१०८४, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी नेत्रप्रसाद अधिकारीले जाहेरवाला र आफूबिचमा भएको कारोबार वैदेशिक रोजगारको

नभई लेनदेनअन्तर्गको भएको अवस्थामा वैदेशिक रोजगारको भनी कसुर कायम गरेको फैसला मिलेको छैन भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, जाहेरवाला खड्कबहादुर कुँवरले प्रतिवादी नेत्रप्रसाद अधिकारीले मेरो भतिज नाता पर्ने मिलन के.सी.लाई वैदेशिक रोजगारीको लागि लिबिया मुलुकमा पठाइदिने भनी रू.६,००,०००।- (छ लाख) रकम बुझी लिई कागजसमेत गरी दिएकोमा भनेबमोजिमको मुलुकमा नपठाएको र रकमसमेत फिर्ता नगरेकोले प्रतिवादीलाई कारबाही गरी बिगो तथा हर्जानासमेत दिलाइपाउँ भनी यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र न्यायाधिकरणसमक्ष उपस्थित भई सो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र गरेको अवस्था छ। निज जाहेरवालाले जाहेरीसाथ पेस गरेको मिति २०६८।९।५ को लिखतमा म नेत्रप्रसाद अधिकारीले वैदेशिक रोजगारको सिलसिलामा नगद रू.६,००,०००।- (छ लाख) लिएको ठिक साँचो हो र यो कागज गरेको मितिबाट ६ महिनाभित्र सावाँ ब्याज बुझाउन सकिन भने कानूनबमोजिमको कारबाही गरी मेरो जायजेथाबाट असुलउपर गरी लिएमा मन्जुर छ भनी साक्षीको रोहबरमा कागज गरेको देखिन्छ। पीडित मिलन के.सी.ले वैदेशिक रोजगारको लागि साउथ अफ्रिका जान भनी जाहेरवाला खड्कबहादुर कुँवरमार्फत प्रतिवादी नेत्रप्रसाद अधिकारीलाई रू.६,००,०००।- (छ लाख) र पासपोर्ट दिएको हुँ। प्रतिवादीबाट मैले बिगो रकम र त्यसको कानूनबमोजिमको हर्जाना पाउनुपर्ने भनी न्यायाधिकरणसमक्ष गरेको बकपत्रले जाहेरी बेहोरा र लिखत कागजलाई थप पुष्ट्याइँ गरिरहेको अवस्थामा लिखत साक्षी बकपत्रका लागि न्यायाधिकरणसमक्ष उपस्थित नहुँदैमा लिखत बेहोरालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी नेत्रप्रसाद अधिकारीले मौकामा अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष जाहेरवालासँग वैदेशिक रोजगारको लागि रकम लिएको छैन। घर व्यवहार चलाउनको लागि पैसाको आवश्यक परेकोले निज जाहेरवालासँग ऋण माग्दा वैदेशिक रोजगारको कागज गरिदिएमा मात्र दिन्छु नभए हुँदैन भनेकाले विश्वासमा रकम बुझी लिई वैदेशिक रोजगारको कागज गरिदिएको हो भनी कसुरमा इन्कार रही बयान गरे तापनि आफूले जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी रकम लिएको स्वीकार गरेका छन् र सो कुरा पेस भएको मिति २०६८।९।५ को कागजले पुष्टि गरेको अवस्था छ। निजले आफ्नो इन्कारी बयान पुष्टि गर्न साक्षीसम्म उपस्थित गराउन सकेको देखिएन। प्रायः फौजदारी अपराधमा अधिकांश अभियुक्तहरू सजायबाट छुटकारा पाउन कसुरमा इन्कार रहनु हाम्रो न्याय प्रणालीमा सामान्य रूपमा रहँदै आएको वास्तविकता हुँदा प्रतिवादीको इन्कारी बयानलाई पनि स्वाभाविक रूपमा लिन सकिन्छ। प्रतिवादीले लिएको इन्कारी निजले तथ्यगत रूपमा पुष्टि गर्नुपर्ने हुन्छ। यी प्रतिवादीले वैदेशिक रोजगारमा पठाउनका लागि जाहेरवालासँग रकम लिएको भन्ने मिसिल संलग्न निजले जाहेरवालालाई गरी दिएको लिखतले पुष्टि भइरहेको छ। सो लिखतलाई अन्यथा भन्न नसकी लिखत गरी दिएको कुरा स्वीकार गरेको देखिन आएबाट निजको उक्त जिकिर तथ्यसङ्गत नभई कसुरबाट बच्न गरेको प्रयास रहेछ भनी मान्नुपर्ने हुन आउने।

प्रतिवादीले जाहेरवालालाई

रू.१,५०,०००।– (एक लाख पचास हजार) फिर्ता गरिसकेको छु भन्ने पुनरावेदनमा जिकिर लिए तापनि सो जिकिर पुष्टि हुने लिखत प्रमाण मिसिलमा सामेल रहेको देखिँदैन । जाहेरीसाथ पेस भएको लिखत कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पुनरावेदक प्रतिवादीले पेस गर्न नसकेको अवस्थामा किटानी जाहेरी र सोसाथ संलग्न लिखत कागजलाई अन्यथा मान्नुपर्ने अवस्था रहेन । अतः यी प्रतिवादीले वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि नै जाहेरवालासँग रकम लिएको तथ्य पुष्टि हुन आएकाले अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी नेत्रप्रसाद अधिकारीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी नेत्रप्रसाद अधिकारीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम २(दुई) वर्ष कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने र जाहेरवालाले बिगो रू.६,००,०००।- (छ लाख) र सोको ५०% ले हुन आउने हर्जाना रकम रू.३,००,०००।- (तीन लाख) समेत जम्मा रू.९,००,०००।- (नौ लाख) प्रतिवादीबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१०।१९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७४-CR-०३५७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. नेत्रप्रसाद अधिकारी
- ०७४-CR-१०८५, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार
- ०७४-CR-१०८६, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार
- ०७४-CR-१०८७, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार
- ०७४-CR-१०८८, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार
- ०७४-CR-१०८९, वैदेशिक रोजगार कसुर, नेत्रप्रसाद अधिकारी वि. नेपाल सरकार

## २

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०७७५, लागु औषध (खैरो हेरोइन), रविन्द्रबहादुर शाही वि. नेपाल सरकार*

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १५ स्वयम्भु आवास क्षेत्रस्थित गीतामाता स्कुलको कम्पाउन्डभित्र बाथरूम नजिकै रविन्द्रबहादुर शाहीलाई सोधपुछ एवं नियन्त्रणमा लिन खोज्दा निजले खुकुरी निकाली सुरक्षाकर्मीमाथि प्रहार गर्न लाग्दा सुरक्षाकर्मीले गोली फायर गर्दा निज घाइते भएपश्चात् पक्राउ गरी नियन्त्रणमा लिई तलासी लिँदा निजको साथबाट कालो प्लाष्टिकमा पोको पारी राखेको १६० ग्राम लागु औषध खैरो हेरोइन, डिजिटल तराजु-१ थान र खुकुरी थान-१ समेत बरामद भएको भन्ने

खानतलासी एवं बरामदी मुचुल्का भई बरामद लागु औषध एवं मानिससमेत कारबाहीको लागि पेस दाखिल गरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. प्रविण घिमिरेको प्रतिवेदन पेस भएको देखिन्छ। प्रतिवेदक प्र.स.नि. मुकुन्द श्रेष्ठ, प्र.स.नि. बसन्तबहादुर कार्की, खानतलासी बरामदी मुचुल्काका प्र.ना.नि. प्रविण घिमिरे, प्रतिवेदक राजु थापा, हृदेश चौहानसमेतले बरामदी सनाखत गरी प्रतिवादीबाट लागु औषध बरामद भएको भनी अदालतसमक्ष बकपत्रसमेत गरिदिएको पाइन्छ । वारदातस्थलमा प्रतिवादीको उपस्थिति रहेको भन्ने बरामद लागु औषध खैरो हेरोइन १६० ग्राम र डिजिटल तराजुसमेत आफूबाट बरामद भएको बेहोरा स्वीकार गरी यी पुनरावेदक प्रतिवादी रविन्द्रबहादुर शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट समर्थित हुन आएको देखिने।

केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०६९।०१।१३ को परीक्षण प्रतिवेदनबाट बरामद चीजवस्तु लागु औषध हेरोइन (Heroin has been detected in exhibition No.1) पाइएका भन्ने देखिन्छ । लागु औषध परीक्षण गर्ने विशेषज्ञ डा. योगबहादुर पाल र पवन ढुङ्गानाले सो परीक्षण प्रतिवेदन पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको पाइने।

लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ मा "कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने छ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने छ।" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । लागु औषधसम्बन्धी अपराधमा जसका साथबाट लागु औषध बरामद हुन्छ उसले उक्त आपराधिक कार्य गरेको मानिन्छ। निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको हुन्छ । उल्लिखित कानूनी प्रावधान एवम् सिद्धान्त रहेको सन्दर्भमा पुनरावेदक प्रतिवादी रविन्द्रबहादुर शाहीले अदालतसमक्ष आफूले कसुर गरेकोमा इन्कार रही बयान गरे तापनि बरामदी मुचुल्का, अनुसन्धान अधिकारीसमक्ष निजले गरेको साबिती बयान, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतका सबुत प्रमाणले लागु औषध हेरोइन सञ्चय, ओसारपसारसमेतको कसुरमा प्रतिवादी रविन्द्रबहादुर शाहीको संलग्नता रहेको पुष्टि हुन आउँछ। प्रतिवादी रविन्द्रबहादुर शाहीले आफू अभियोग दाबीबमोजिमको कसुर नगरेको भनी वस्तुगत र भरपर्दो प्रमाण गुजार्न सकेको देखिन नआउने।

तसर्थः पुनरावेदक प्रतिवादीलाई अभियोग मागदाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (च) को कसुर अपराधमा ऐ. दफा १४(१)(छ) (३) अनुसार १५ वर्ष कैद र रू. ५.००,०००।- (पाँच लाख) जरिवाना हुने ठहरी सुरू

काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१० मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०४।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम्।

## इजलास नं.११

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, ०७५-CR-२६२०, वैदेशिक रोजगार कसुर, विनोदकुमार उदास वि. नेपाल सरकार

वैदेशिक रोजगारको अनुमति नभएको र बिनाअनुमति विदेशमा रोजगारीका लागि पठाउन नसकिने अवस्थामा यी पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगारमा पठाउन भनी रकम लिई कागज गरेको अवस्था छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० ले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न निषेध गरेको र दफा ४३ ले कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठो आश्वासन वा प्रलोभन देखाई कुनै रकम लिई विदेश पठाएमा लिएको रकम र सोको ५०% रकम हर्जानाबापत असुल गरी कैदसमेत गर्ने तथा विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने व्यवस्था गरेको छ । प्रतिवादी विनोदकुमार उदासले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगारको अनुमति लिएको देखिँदैन। अनुमति नलिए पनि निजले जाहेरवालालाई वैदेशिक रोजगारमा जापान पठाइदिने भनी रकम लिई विदेश नपठाएको र रकमसमेत फिर्ता नगरेको भन्ने कुरा माथि उल्लिखित आधार प्रमाणबाट पुष्टि भएको देखिने ।

प्रतिवादी विनोदकुमार उदासले आरोपित कसुर गरेको र विदेश पठाई नसकेको अवस्था हुँदा प्रतिवादी विनोदकुमार उदासले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना (एक वर्ष छ महिना) कैद तथा रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना भई जाहेरवालाको बिगो तथा सोको पचास प्रतिशत हर्जानासमेत निज प्रतिवादीबाट जाहेरवालाले भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।०३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: फणीन्द्रराज भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७७ साल साउन १६ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-१५२७, खोटा चलन, ध्रुवकुमार महतो भन्ने ध्रुवकुमार दास वि. नेपाल सरकार

प्रतिवादीहरू राम विश्वास महतो र ध्रुवकुमार दासको आपसी मिलेमतोमा रू.१०००।- रू.५००।- र रू.१००।- दरका खोटा नोटहरू तयार गरी प्रचलनमा ल्याउने गरेको तथ्य खुलाई बरामदी मुचुल्का तयार गर्ने र प्रतिवेदन दिने प्रहरी कर्मचारीले तथा खोटा नोटको भौतिक परीक्षण गर्ने विशेषज्ञबाट अभियोग दाबी पुष्ट्याई हुने गरी बकपत्र

गरिदिएकोसमेत देखिँदा यी प्रतिवादीको उक्त कसुरमा संलग्नता छैन भन्न मिल्ने देखिएन।

पुनरावेदक प्रतिवादीलाई भएको सजाय सम्बन्धमा हेर्दा, *पछाडि बोक्ने झोलामा च्यातिएको टुक्राटुक्रा अवस्थामा रहेको नेपाली रू.१०००।- दरको नोटका टुक्राहरू थान १५ रहेको, सोही झोलाभित्र सेतो कागजमा छापेको अवस्थामा ५०० दरको नोटको फोटा रहेको कागजको पाना ५५, सोही झोलामा सो कागजमा १०००।- दरको नोट छापेको अवस्थामा पाना ११७ रहेको, सोही झोलामा १००० (हजार) का दर र ५०० दरको नोट एकै पानामा छापेको अवस्थामा पाना २१ र सोही झोलामा नेपाली रू.१०० (सय) दरको नोट सेतो कागजमा छापेको अवस्थामा थान-१ रहेको, सोही झोलामा काटी नोट तयार बनाएको अवस्थाको नेपाली १००० (हजार) दरको नोट थान-९५ सोहीअनुसारको नेपाली दरको रू.५०० को नोट सेतो कागजमा छापी प्रिन्ट गरी बनाएको अवस्थाको थान-१५ रहेको* भन्ने बेहोरा खानतलासी बरामदी मुचुल्कामा उल्लेख भएको हुँदा प्रतिवादीहरूलाई जम्मा रू. २,९३,६००।- बिगो कायम गरेको देखिएबाट प्रतिवादीबाट रू.१०००।- को एउटा मात्र नोट बरामद भएको भन्ने आधारमा भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार, कारणसमेतबाट पुनरावेदक प्रतिवादी ध्रुवकुमार महतो भन्ने ध्रुवकुमार दासलाई जनही १० वर्ष कैद र रू.१,४६,८००/- जरिवाना हुने तथा प्रतिवादीहरूको कोठाबाट बरामद भएका वस्तुहरू जफत हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।५।१२ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।७।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः सरस्वती दाहाल

इति संवत् २०७७ साल असोज ७ गते रोज ४ शुभम्।

## इजलास नं.१२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०८८२,* ०७५-CR-०१७१, *मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. भीमप्रसाद न्यौपानेसमेत, भीमप्रसाद न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी भीमप्रसाद न्यौपानेले पीडित परिवर्तित नाम ६४ वीरेन्द्रनगर 'थ' लाई सुर्खेतबाट काठमाडौं ल्याई आफ्नो डेराकोठामा राखी यौन शोषण गरेको र नेपालगन्ज हुँदै रूपैडिहाबाट भारतको पञ्जाव पुर्‍याई सुहानास्थित होटलमा राखी यौन कार्यमा लगाएको भन्ने तथ्य निज पीडितको जाहेरी दरखास्त बेहोरा र सो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र गरेको तथा निज पीडितालाई पञ्जाव सुहानाबाट उद्धार गरेको हो भन्ने गीता टमटालगायतको बयान बकपत्रसमेत देखिँदा यी प्रतिवादी भीमप्रसाद न्यौपानेले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको तथ्य स्थापित हुने।

प्रस्तुत मुद्दाका प्रतिवादी भीमप्रसाद न्यौपानेले पीडितलाई सुर्खेतबाट काठमाडौं ल्याई एक महिनासम्म डेराकोठामा राखी यौन शोषणसमेत गरी नेपालगन्ज हुँदै रूपैडिहा नाकाबाट भारतको पञ्जाव पुर्‍याई त्यहाँको होटलमा बिक्री गरेको

र निजलाई होटलमा श्रम शोषणका अलावा यौन कार्यमा लगाएको भनी स्वयम् पीडितको जाहेरी र सो जाहेरीलाई अदालतमा आई गरेको बकपत्रलगायतले पुष्टि गरेको देखिएको स्थितिमा अभियोग दाबीबमोजिमको कसुर अपराध निज प्रतिवादीले गरेको भन्ने तथ्यमा विवाद देखिँदैन । उल्लिखित ऐनको दफा १७(१) मा **"अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने छ"** भन्ने कानूनी व्यवस्थासमेत रहेको पाइन्छ । यसरी प्रस्तुत मुद्दाका प्रतिवादी भीमप्रसाद न्यौपानेलाई भएको जरिवानाको आधा रकम यी पीडितले क्षतिपूर्तिस्वरूप भराई लिन पाउनेसमेत देखिने ।

पीडितको सुरू जाहेरी दरखास्त, निजको उक्त जाहेरी बेहोरालाई समर्थन हुने गरी गरेको प्रमाणित बयान र निजले अदालतमा समेत आई गरेको बकपत्रबाट निज प्रतिवादी भीमप्रसाद न्यौपानेले कुनै कसुर अपराध गरेको छैन भनी जिकिर लिएको भए पनि निज प्रतिवादीले सो कुरालाई मिसिल संलग्न भएका निजका तर्फबाट पेस भएका साक्षीलगायतको बेहोराबाट विश्वसनीय रूपमा प्रमाणित गर्न सकेको पाइँदैन ।

प्रतिवादी भीमप्रसाद न्यौपानेले पीडितलाई जागिर लगाइदिन्छु भनी प्रलोभनमा पारी सुर्खेतदेखि काठमाडौं लिएर गएको करिब एक महिनासम्म आफ्नो डेरामा राखेको, यौन शोषण गरेको, पीडित र प्रतिवादी भीमप्रसाद न्यौपाने भारतको पञ्जाव जानुपूर्व कपिलवस्तुस्थित कृष्णनगरबाट भारत जान प्रयास गर्दा पक्राउ परी दुवैजनाको आफन्तलाई जिम्मा लगाइएको, तत्पश्चात् मिति २०७१।०७।१६ मा पुनः भारतको रूपैडिहा नाका हुँदै भारतको पञ्जावमा पुगेको तथ्यहरूसमेत मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि र समर्थन हुन आएको देखिएको, निज प्रतिवादी भिमप्रसाद न्यौपानेले, शोषण गर्ने उद्देश्यले पीडितलाई सुर्खेतबाट काठमाडौं पुऱ्याई एक महिनासम्म डेरा कोठामा राखी यौन शोषण गरी भारतको पञ्जावमा समेत पुऱ्याई बिक्री गरेको तथ्य मिसिल कागजहरूबाट स्थापित हुन आएको अवस्थामा उच्च अदालत सुर्खेतबाट यी प्रतिवादी भीमप्रसाद न्यौपानेलाई अभियोग मागदाबीबमोजिमको कसुरभन्दा न्यून दुई वर्षको कैद सजाय गर्ने गरेको फैसला मिलेको नदेखिने ।

निज फलकुमारी कार्की न्यौपाने र पीडितको घर नजिकै भई छिमेकीको नाताले आपसी सम्बन्ध भएकै कारण, निज प्रतिवादी फलकुमारी कार्की न्यौपाने प्रतिवादी भिमप्रसाद न्यौपानेको श्रीमती भएकै कारण दोषी ठहर गर्नु न्यायोचित र मनासिब देखिन आउँदैन । निज फलकुमारीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले आफ्नो घरबाट अन्यत्र लगेर गएको र आरोपित कसुर अपराध गर्ने कार्यमा प्रतिवादी भीमप्रसाद न्यौपानेलाई सहयोग पुऱ्याएको भन्ने तथ्यसमेत मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन । यी प्रतिवादी फलकुमारीउपर केवल शंका र अनुमानको भरमा मात्र आरोपित मानव बेचबिखनको गम्भीर कसुर अपराध कायम गर्नु न्यायोचित नदेखिँदा निज प्रतिवादीका हकमा उच्च अदालत सुर्खेतबाट सुरू अदालतको सफाइ पाउने गरी भएको फैसलालाई सदर कायम गरेको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने ।

अतः विवेचित आधार, कारण, कानूनी

व्यवस्थासमेतबाट प्रतिवादी फलकुमारी कार्की न्यौपानेलाई सुरू अभियोग माग दाबीबमोजिम आरोपित कसुर अपराधबाट सफाइ दिने गरी भएको सुर्खेत जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत सुर्खेतको मिति २०७४।३।१५ फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अर्का प्रतिवादी भिमप्रसाद न्यौपानेलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर अपराधमा सोही ऐनको दफा १५(१)(च) बमोजिम दुई वर्ष मात्र कैद सजाय हुने ठहऱ्याई भएको उच्च अदालत सुर्खेतको मिति २०७४।३।१५ फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी हुने भई यी प्रतिवादी भीमप्रसाद न्यौपानेलाई सोही ऐनको दफा १५(१) (ङ)(१) बमोजिम १० (दश) वर्ष कैद सजाय र रू. ५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना हुने र साथै पीडित परिवर्तित नाम ६४ वीरेन्द्रनगर 'थ' लाई भारतको पञ्जाव पुऱ्याई त्यहाँको होटलमा बिक्री गरेको र निजलाई होटलमा श्रम शोषणका अलावा यौन कार्यमा लगाएको तथ्य स्थापित भएको अवस्थामा पीडितलाई शारीरिक, मानसिक तथा सामाजिक रूपमा क्षति पुगेको कुरा स्पष्ट हुन्छ । यस अवस्थामा पीडकलाई सजाय गरेर मात्रै न्यायको मकसद पूरा हुने देखिँदैन । पीडितलाई सामाजिकरूपमा पुनर्स्थापित गराउने र त्यसको निम्ति निज पीडितलाई कुनै प्रकारको क्षतिपूर्ति दिने दायित्व पनि राज्यको हो । अतः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ बमोजिम पुनर्स्थापना कोषबाट रू. २५,०००।– र प्रतिवादीलाई भएको जरिवाना रू.५०,०००।- को आधा रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) समेत जम्मा रू. ५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराई पाउनेसमेत ठहर्ने ।

पीडितले स्थानीयस्तरबाट नै क्षतिपूर्तिको रकम पाउनुपर्ने देखिएबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ बमोजिम उक्त क्षतिपूर्तिबापतको रकम महिला विकास कार्यालयमार्फत उपलब्ध गराउँदै आएकोमा राज्यको पुनर्संरचनापश्चात् हाल उक्त कार्यालय खारेज भइसकेको अवस्था देखियो । सोको वैकल्पिक व्यवस्था भएको देखिएन । यसरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६५ को दफा १७ बमोजिम केन्द्रीयस्तरमा कोष व्यवस्थापन र सञ्चालन गर्ने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिवको अध्यक्षतामा रहेको राष्ट्रिय समितिको जिम्मेवारी रहेको देखियो । अतः उक्त ऐनको दफा १४ को मकसद पूरा हुने गरी संरचनागत रिक्ततालाई सम्बोधन गर्नका लागि नियमावली वा कोष सञ्चालनसम्बन्धी कार्यविधि संशोधनलगायत जो जे गर्नुपर्ने हो, सोसमेत गरी पीडितलाई अविलम्ब क्षतिपूर्ति उपलब्ध गर्नु, गराउनु भनी नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय एवं राष्ट्रिय समितिको नाउँमा निर्देशनात्मक आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल पुस २ गते रोज ४ शुभम् ।

## इजलास नं.१५

**मा.न्या.श्री डम्बरबहादुर शाही र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०२६५, बन्दीप्रत्यक्षीकरण,*

*वीरबहादुर थापा मगरसमेत वि. जिल्ला प्रहरी कार्यालय, स्याङ्जासमेत*

वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदकहरू धनसिंह ठगुन्ना र वीरबहादुर थापा मगर भएको सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुर अपराध मुद्दामा जिल्ला प्रशासन कार्यालय, स्याङ्जाबाट यी निवेदकहरूलाई साधारण तारेखमा राख्ने गरी मिति २०७६।११।१९ मा आदेश भएको र उक्त आदेशअनुसार थुनाबाट मुक्त भइसकेको अवस्था छ भनी जिल्ला प्रहरी कार्यालय, स्याङ्जाले महान्यायाधिवक्ताको कार्यालयलाई पठाएको च.नं.१९५५ मिति २०७६।११।२१ को पत्रसमेत इजलाससमक्ष पेस गरेको देखिन्छ । उक्त पत्रबाट **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुर अपराध** मुद्दामा जिल्ला प्रशासन कार्यालय, स्याङ्जाबाट यी निवेदक बन्दीहरू धनसिंह ठगुन्ना र वीरबहादुर थापा मगरलाई साधारण तारेखमा राख्ने गरी मिति २०७६।११।१९ मा आदेश भएको र सोही मितिमा निजहरू थुनाबाट मुक्त भइसकेको भन्ने देखियो । यसरी जसलाई गैरकानूनी थुनामा राखियो भनेर बन्दीप्रत्यक्षीकरणको निवेदन परेको हो तिनै व्यक्तिहरू थुनाबाट मुक्त भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदनको विषयभित्र प्रवेश गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।

## इजलास नं.१६

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७१-CI-०६१५, दर्ता बदर दर्ता, जिवछीदेवी मण्डलसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

प्रस्तुत मुद्दामा विवादित कि.नं. १८८ को जग्गामा पोखरी रहेको देखिएको र सो जग्गाको फिल्डबुकमा ऐलानी भनी जनिएको समेतबाट माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार सो जग्गा सरकारी जग्गाको परिभाषाभित्र पर्ने देखियो । डिलबिनाको पोखरीको परिकल्पना भौतिकरूपमा अस्वाभाविक हुने र पोखरीको पानीको सार्वजनिकरूपमा उपभोग व्यावहारिक नै नहुने हुँदासमेत पानी भएको क्षेत्रफल ०-१६-० मात्र ऐलानी जग्गा हो भन्ने भनाइ तथ्यसम्मत नभएको र फिरादमा त्यस्तो जिकिर नै लिएको नदेखिएकोले विद्वान् वरिष्ठ अधिवक्ताहरूको उक्त बहस जिकिरसँग सहमत हुन नसकिने ।

वादीहरू चन्द्रेश्वर मण्डल, जिनिस मण्डल र किशोरी मण्डलबिच मिति २०५८।८।२० मा भएको अंश मुद्दाको मिलापत्रमा विवादित कि.नं. १८८ को पोखरीको जग्गालाई अबन्डा राखेको भन्ने देखियो । सो कित्ता जग्गालाई अबन्डा राख्दा अबन्डा राख्नुपर्ने कारण नखुलाएको र वादीहरूले फिराद, पुनरावेदनमा सो जग्गा अबन्डा राख्नुको औचित्यपूर्ण कारण खुलाउन सकेको देखिँदैन । जुन जग्गा मिति २०२६।७।१२ मा नै नेपाल सरकारको नाममा दर्ता भएको र वादीहरूले उक्त समय अर्थात्

मिति २०५८।०८।२० मा मिलापत्र गर्नेले उक्त मिति २०२६।७।२० को दर्ता बदरतर्फ कसैले कारबाही चलाएको नदेखिएको स्थितिमा सो मिलापत्रको उक्त बेहोराले कानूनतः कुनै अर्थ राख्ने नदेखिने।

यस प्रकार उपर्युक्तानुसार फिराद दाबीको कि.नं. १८८ को १-८-१४ को पोखरी जग्गामा स्वामित्व प्रमाणित गर्ने दर्ता स्रेस्ता र तिरो तिरेको रसिदलगायतका कागज प्रमाणहरू वादीहरूले पेस गर्न नसकेको, साँध जोडिएका जग्गाहरू दर्ता गर्नेले तत्काल दाबीको जग्गा दर्ता नहुनुको युक्तिसङ्गत औचित्य वादीहरूले पुष्टि गर्न नसकेको, मिति २०२६।०७।१२ मा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएको जग्गा मिति २०६४।०१।१६ मा मात्र दर्ता बदरमा फिराद पर्न आएको, फिल्डबुकमा ऐलानी जनिएको र तत्काल श्री ५ को सरकारको (हाल नेपाल सरकारको) नाममा दर्ता रहेको उक्त फिराद दाबीको कि.नं.१८८ को जग्गामा वादीहरूको हकभोग नदेखिएको, माथि उल्लिखित कानूनी व्यवस्थानुसार फिराद दाबीको जग्गा सरकारी जग्गाको परिभाषाभित्र पर्ने देखिएकोसमेतका आधार प्रमाणहरूबाट सुरू धनुषा जिल्ला अदालतले नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको दर्ता बदर गरी वादीहरूको नाममा दर्ता हुने ठहर गरेको फैसला उल्टी गरी सो जग्गाको दर्ता नेपाल सरकारको नाममा कायम रहने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।